२०४७
पुस्तकालय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

छैटौं वार्षिक प्रतिवेदन

२०५२ । ०५३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं , नेपाल ।

२०५३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२०४७
पुस्तकालय

छैटौं वार्षिक प्रतिवेदन

२०५२ । ०५३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं , नेपाल ।

२०५३

२२८९९०
२२२८४२
फ्याक्स २२९४१५
२२३०७८
२२१४६३
फ्याक्स नं. २४५९३०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र सङ्ख्या–
प्राप्त पत्र संख्या र मितिः–

मिति .....

विषयः–

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५२।०५३ (२०५२ श्रावण १ गतेदेखि २०५३ आषाढ मसान्तसम्म को) छैटौं वार्षिक प्रतिवेदन चढाएका छौं ।
सरकार, जो हुकुम ।

सेवकहरु,

(रामप्रसाद श्रेष्ठ)
आयुक्त

(राधारमण उपाध्याय)
प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

छैटौं वार्षिक प्रतिवेदन

आ.व. २०५२ / ५३

अनुक्रमणिका

क्र.सं.		विषय	पृष्ठ
१.		प्रस्तावना	१
२		अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
३		आयोगको कार्य व्यवस्था :	१
	३.१	आयोगको काम, कर्तव्य र अधिकार	१
	३.२	आयोगको क्षेत्राधिकार	२
	३.३	आयोगको कार्य प्रणाली	२
	३.४	आयोगको प्रशासनिक संगठन	३
	३.५	आयोगको बजेट व्यवस्था	३
	३.६	आयोगको कार्य संचालन र बैठक	३
	३.७	आयोग र महाशाखाबिच को सम्पर्क	४
४		अनुसन्धान भइरहेका विषयहरुको विवरण :	४
	४.१	प्रारम्भिक अनुसन्धान भइरहेको विवरण	४
	४.२	अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण	९
५		अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१२
६.		फछ्यौंट भएका उजूरी निवेदनको विवरण :	१७
	६.१	प्रारम्भिक अनुसन्धानबाटै फछ्यौंट	१७
	६.२	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट	१९
७.		प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव । ध्यानाकर्षण	४३
८.		विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण	४६
	८.१	विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय	४६
	८.२	सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय	४७
९		उपसंहार	४७
१०		अनुसूचीहरु	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
छैटौं वार्षिक प्रतिवेदन
आ.व. २०५२।५३

१. प्रस्तावना :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तरगत व्यवस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग भएको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन संविधानको धारा ९८(६) बमोजिम प्रस्तुत गरेको छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम यस आयोगको गठन विधि यसप्रकार रहेको छ :

श्री राधारमण उपाध्याय, प्रमुख आयुक्त	२०४७।१०।२८ मा आयुक्त पदमा नियुक्त भई २०५१।१०।५ देखि प्रमुख आयुक्त पदमा नियुक्त ।
श्री रामप्रसाद श्रेष्ठ, आयुक्त	२०४८।१२।१४ मा नियुक्त ।
सचिव	
श्री पुण्यप्रसाद दाहाल	२०५१। ११। १९ मा नियुक्त भई २०५२। ७।२१मा सरुवा
श्री जीतबहादुर कार्की	२०५२। ७।२२ मा नियुक्त ।

३. आयोगको कार्य व्यवस्था :

३.१ आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ मा भएको छ ।संविधान तथा त्यसको धारा ९८ को उपधारा (४) बमोजिम तयार भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र त्यसको नियमावलीमा भएका प्रावधानहरु बमोजिम कार्य सम्पादन हुने यस आयोगबाट मूलत: निम्न प्रकृतिका काम कारवाईहरु गरिन्छन् :

(क) सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारीको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

(ख) यसरी अनुसन्धान र तहकिकात गर्दा अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवालासमक्ष लेखी पठाउने ।

(ग) अनुसन्धान र तहकिकातको क्रममा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कार्य भएको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने।

३.२ आयोगको क्षेत्राधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको प्रशासन एवं अन्य संयन्त्रमा सार्वजनिक पदधारण गरेका व्यक्तिबाट हुन सक्ने अख्तियारीको दुरुपयोगलाई यथासमय उपयुक्त कारवाई गरी सचेत गराउने लगायतको प्रयोजनको लागि संवैधानिक निकायको रुपमा आयोगको स्थापना गरी त्यसको अधिकार र कर्तव्यको व्यवस्था गरेको छ। संविधानद्वारा व्यवस्थित एवं वर्णित कर्तव्यहरुको कानूनद्वारा निर्देशित प्रकृया बमोजिम कार्यान्वयन गर्दा आयोगले आफ्नो अख्तियारीको पालना र प्रयोग गर्ने कार्य कानूनद्वारा निर्देशित व्यवस्थाकै अधिनमा रही सम्पन्न गर्नु पर्ने हुन्छ। यस अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (पहिलो संशोधन) को दफा २(घ)ले सोही ऐनको दफा (४) को उपदफा (१) मा उल्लेखित व्यक्तिहरुमा मात्र आयोगको क्षेत्राधिकार सीमित गरेको हुंदा आयोगले आफ्नो अधिकारको प्रयोगगरी कर्तव्य पालना गर्दा सो कानूनी परिधिभित्र रहनु पर्ने भयो। यस अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तरगत निम्न पदाधिकारीउपर कारवाई हुन नसक्ने व्यवस्था रहेको छ :

(क) न्यायाधीशहरु,
(ख) यस आयोगका प्रमुख आयुक्त वा आयुक्तहरु,
(ग) महालेखा परीक्षक,
(घ) लोकसेवा आयोगका अध्यक्ष वा सदस्यहरु,
(ङ) प्रमुख निर्वाचन आयुक्त वा अन्य निर्वाचन आयुक्तहरु, र
(च) सैनिक ऐन बमोजिम कारवाई हुने पदाधिकारीहरु।

यस अतिरिक्त संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कारवाई वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको न्यायिक काम कारवाईको सम्बन्धमा वा देहायको कुनै विषयमा समेत सो ऐन अन्तरगत अनुसन्धान वा तहकिकात गर्ने वा अन्य कुनै कारवाई चलाउने अधिकार यस आयोगलाई प्राप्त छैन :

(क) श्री ५ को सरकार र कुनै विदेशी सरकार वा अन्तरराष्ट्रिय वा प्रादेशिक संगठन वा संस्थाका बीचको सम्बन्धमा वा नेपाल अधिराज्यको सुरक्षामा प्रतिकूल असर पर्न सक्तछ भनि श्री ५ को सरकारको मुख्य सचिवले आफ्नो हस्ताक्षरद्वारा प्रमाणित गरेको विषय,
(ख) अख्तियारको दुरुपयोग वाहेकका अन्य अपराधको कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्ने विषय,
(ग) जांचबूझ आयोग ऐन, २०२६ अन्तरगत न्यायिक जांचबूझ गर्न सुम्पिएको विषय, वा
(घ) मान, पदवी, पदक वा पुरस्कार प्रदान गरिएको विषय।

सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको अनुचित कार्यको सम्बन्धमा प्रचलित कानूनमा अन्य कुनै उपचारको व्यवस्था गरिएको रहेछ भने त्यस्तो उपचारको उपाय अवलम्बन नगरी आयोगमा उजूरी लाग्ने वा त्यस सम्बन्धमा आयोगले कुनै कारवाई चलाउन सो ऐनले प्रतिबन्धित गरेको छ। तर सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अन्तरगत संवैधानिक उपचार प्राप्तगर्ने व्यवस्था भएको कारणले मात्र आयोगमा उजूरी दिन र आयोगले त्यस संबन्धमा कारवाई चलाउन भने वाधा पुगेको छैन।

विद्यमान कानूनी व्यवस्था अनुसार देहायका व्यक्तिबाट भएको अख्तियारीको दुरुपयोगसम्बन्धी अनुसन्धान, तहकिकात तथा अन्य कारवाई यस आयोगबाट हुन सक्ने व्यवस्था छ :

(क) राजनैतिक नियुक्ति हुने पदमा बहाल रहेको व्यक्ति,
(ख) श्री ५ को सरकारको कुनै सेवामा प्रथम श्रेणी वा सो भन्दा माथिल्लो दर्जामा बहाल रहेको अधिकृत,
(ग) प्रथम श्रेणीभन्दा तल्लो दर्जाको भए पनि श्री ५ को सरकारको कुनै विभागको विभागीय प्रमुखको पदमा बहाल रहेको अधिकृत, र

(घ) संविधान वा प्रचलित कानूनमा व्यवस्था भए अनुसार कुनै निकाय वा कार्यालयमा वा कुनै संस्थामा विभागीय वा प्रशासकीय प्रमुखको पदमा बहाल रहेको पदाधिकारी ।

३.३ आयोगको कार्य प्रणाली :

आयोग समक्ष परेका उजूरी निवेदनहरु उपर माथि ३.२ मा उल्लेखित क्षेत्राधिकारलाई दृष्टिगत गरी कानूनव्दारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरु गरिन्छ । प्रारम्भिक अनुसन्धानको क्रममा परेका उजूरीउपर छानविन, अनुसन्धान र तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन,त्यसमा निहित प्रामाणिक तथ्य र सो तथ्यलाई खम्वीर गर्ने आधार तथा प्रमाणको संकलन गरिन्छ। प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनको आरोप तथ्यपूर्ण भएको भन्न सकिने आधार देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान, तहकिकात गर्ने गरिन्छ ।

अनुसन्धान अधिकृत नियुक्त भएको विवादमा निज अधिकृतले प्रचलित कानून बमोजिम विवादसंग सम्बद्ध थप प्रमाण संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिसंग बयान लिने लगायतको कार्यविधि पूरा गरी आयोगसमक्ष अनुसन्धान प्रतिवेदन पेश गर्दछ । त्यस्तो प्रतिवेदनमा आयोगले छलफल गरी भएको अनुसन्धान कार्यबाट आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण, थप अनुसन्धान वा अर्के अनुसन्धान अधिकृत नियुक्त गरी प्रतिवेदन पेश गर्न लगाउने लगायतको आदेश दिने गरिन्छ । प्राप्त प्रतिवेदन उपर आयोगले आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी आयोगबाटै तामेलीमा राख्ने वा अन्य निकाय वा पदाधिकारीसमक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने वा गराउने निर्णय गर्दछ । तामेलीमा राख्ने, अन्य निकायमा कारवाईको लागि लेखी पठाउने वा मुद्दा दायर गर्ने वा गराउने समेतका कार्यहरु आयोगको संवैधानिक दायित्व भित्र पर्दछ ।

आयोगमा परेको उजूरीका सम्बन्धमा प्रारम्भिक अनुसन्धान भई आयोगसमक्ष पेश हुन आएका देहाय बमोजिमका उजूरीमा आयोगले कुनै कारवाई नगरी तामेलीमा राख्ने आदेश दिन सकिने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ मा भएको छ :

क) अनुचित कार्य सम्बन्धी नियमावलीमा तोकिएको ढांचामा नभएको उजुरी,
ख) सनाखत हुन नसकेको वा सनाखत गराउन सकिने अवस्था नभएको अनुचित कार्य सम्बन्धी उजुरी,
ग) सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र वाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित कार्य सम्बन्धी उजूरी ,
घ) ऐन बमोजिम उजूरी दिन पाउने वाहेक अन्य व्यक्तिले दिएको उजूरी,
ङ०) ऐनको हदम्याद नाघेको उजूरी,
च) आयोगको अधिकार र कार्य क्षेत्रभित्र को विषय नभएको उजूरी,
छ) अदालतमा मुद्दा परिरहेको विषयको उजूरी,
ज) तथ्ययुक्त आधार नभएको उजूरी,
झ) खिचोला वा टण्टा दिने मनसायको उजूरी, र
ञ) मामूली कुरासम्बन्धी उजूरी ।

३.४ आयोगको प्रशासनिक संगठन :

संविधान एवं कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रमुखको रुपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारद्वारा स्वीकृत अनुसूची १ मा तोकिए बमोजिमको दरबन्दी रहने व्यवस्था छ । आयोगको गठन र कार्य प्रकृतिको आधारमा सचिवालयमा रहने जनशक्तिको आपूर्तिको व्यवस्था पनि पृथक प्रकृतिको छ । अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा विशेष गरी तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्रविधि एवं प्रहरी आदि विषयमा अनुभवी तथा उच्च मनोबल भएका दक्ष व्यक्तिहरुबाट सो पदहरु पूर्ति गर्ने व्यवस्था छ । आयोगको कार्य प्रकृति अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था भएकोले तदनुरुप पनि जनशक्तिको आपूर्ति हुने गरेको छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी परिपूर्ति हुनमा कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव हुंदा त्यस्ता पदहरुमा अस्थायी रुपमा कर्मचारी नियुक्त गरी कार्य सम्पादन गर्ने पनि गरिएको छ ।

भ्रष्टाचार निवारणको काममा संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरबन्दीको कर्मचारीका अतिरिक्त श्री ५ को सरकारका कर्मचारीलाई पनि आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार सुम्पन सक्ने व्यवस्था भएकोले आयोगको प्रशासनिक संगठनको व्यवस्था केन्द्रमा मात्र गरिएको छ ।

३.५ आयोगको बजेट व्यवस्था :

आ.व. २०५२।५३ मा आयोगको कूल बजेट रु. ६१,०१,६२६।१७ मध्ये रु. ५७,६३,४९६।८१ निकासा भई रु.५४,८३,४६५.९० खर्च भएको छ । आयोगको विनियोजन, निकासा, खर्च, राजश्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

३.६ आयोगको कार्य संचालन र बैठक :

आयोगले सम्पादन गर्नु पर्ने कार्य सरल र विकेन्द्रित प्रकृयाबाट सम्पादन भई त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोध समेत गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त लगायत आयुक्तमा आयोगको अधिकार विभाजन गरिएको छ । आयुक्तहरुमा तोकिएका मन्त्रालय वा निकायहरुमा कार्यरत पदाधिकारीउपर परेका उजूरीहरु सम्बन्धित आयुक्तको सामान्य रेखदेख तथा नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने गरिन्छ । आयुक्तहरुविच कार्य विभाजनको अतिरिक्त आयोगभित्र कानून, प्रशासन, लेखा, प्राविधिक र जनसम्पर्क समेत पांच महाशाखाहरु रहेका छन् । ती महाशाखाहरुमा राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुखहरु रहने र महाशाखा प्रमुखहरुलाई पनि निजहरुको कार्यानुभवको आधारमा मन्त्रालय तथा निकायहरु आपसमा बांडिएको हुंदा निजहरुबाट आफ्नो जिम्मेवारीमा परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको निर्देशनमा रही प्रारम्भिक अनुसन्धान हुने गरेको छ ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बांडफांड गर्दा यथाशक्य सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने व्यवस्था मिलाइएको छ । आयोगभित्र महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्तिउपर को उजूरीमा सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारम्भिक अनुसन्धान गर्ने जिम्मेवारी दिइएकोले परेको उजूरीमा प्रारम्भिक छानविन गर्न आयोगसमक्ष पेश गर्ने गरिएको छैन । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा महाशाखा प्रमुखमार्फि सचिवको प्रशासकीय नियन्त्रण रहने हुंदा सचिवसमेत को संलग्नतामा समस्याको समाधान गराइन्छ । कारवाईको क्रममा प्रारम्भिक अनुसन्धान तहकिकातबाट अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्ने देखिएको विषयमा वा सो कारवाईबाट उजूरी तामेलीमा राख्नु पर्ने देखिएको विषयमा सम्बन्धित आयुक्तबाटै अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तामेलीमा राख्ने आदेश हुने गरेको छ । प्रारम्भिक अनुसन्धान पश्चात् सम्बन्धित आयुक्तसमक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने आदेश दिएमा सचिवमार्फत नै आयोगमा पेश हुने गरेको छ । सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भई निजद्वारा सचिव मार्फत आयुक्तसमक्ष पेश भएको अनुसन्धान प्रतिवेदन आयोगबाट छलफल भई मुद्दा दायर गर्ने गरिएको छ । आयोग समक्ष प्रतिवेदन पेश भएकोमा आयोगबाट छलफल भई मुद्दा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृत वा अन्य श्री ५ को सरकारको अधिकृतलाई तोकिएको अदालतसमक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ तथा अन्य कारवाई गर्नु पर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगको निर्णय कार्यान्वयन गर्ने प्रयोजनकोलागि श्री ५ को सरकारद्वारा नियुक्त सचिव आयोगको सचिव रहने व्यवस्था छ । आयोगका महाशाखाहरुबाट तोकिएको कार्य सम्पादन पश्चात् सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेश हुंदा आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरुको कार्यक्रम सामान्यतया आयोगको बैठक बस्नु भन्दा एकदिन अगावै सचिवद्वारा आयुक्तहरुमा वितरण गर्ने गरिन्छ । अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा कुनै पनि समयमा आयोगको बैठक बस्न सक्ने अवस्था वाहेक प्रत्येक हप्ताको एक दिन सामान्यतया मंगलवार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयहरुमा नियमद्वारा आयोग समक्ष पुऱ्याई रहनु नपर्ने गरी तय गरिएको विषय र प्रशासनिक विषय वाहेक अन्य सबै अनुचित कार्य वा भ्रष्टाचारसम्बन्धी अनुसन्धान तहकिकात भएका विषयहरु पर्दछन् । आ.ब. २०५२।५३ को अवधिमा आयोगको बैठक जम्मा ३५ दिन बसेको थियो । यी बैठकहरुबाट कूल ७५ वटा निर्णयहरु भएका थिए ।

३.७ आयोग र महाशाखाबिच को सम्पर्क :

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा तिनीहरुउपर अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रुपमा महाशाखा सलग्न रहनुका साथै आयुक्तहरुको रेखदेख तथा नियन्त्रणमा महाशाखा प्रमुखले अथवा आयोग वा आयुक्तले तोकेको अन्य अधिकृतले अनुसन्धान अधिकृत भई कार्य सम्पादन गर्नु पर्ने हुंदा अनुसन्धानको विषयमा संलग्न रहने महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोगविच को सम्पर्कलाई निकटतम राखी कार्य संचालन गरिन्छ । कुनैपनि महाशाखा

प्रमुख वा अनुसन्धान अधिकृतबाट विवादका सम्बन्धमा आयुक्त समक्ष पेश गरेको प्रतिवेदनमा आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएमा सो पेश हुने दिन सचिव मार्फत महाशाखा प्रमुख वा अनुसन्धान अधिकृत र आवश्यकता अनुरुप सम्बन्धित विषयको जानकारी राख्ने अन्य अधिकृतलाई आयोगमा उपस्थित हुन सूचित गरिन्छ । आयोगसमक्ष त्यसरी उपस्थित हुने महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतले आफूले अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य पेश गरेपछि आयुक्तहरुद्वारा सो विवादमा कुनै कुरा स्पष्ट गराउन चाहेमा महाशाखा प्रमुख वा अनुसन्धान अधिकृतबाट स्पष्ट गराइन्छ ।

४. अनुसन्धान भइरहेका विषयहरुको विवरण :

४.१ प्रारम्भिक अनुसन्धान भइरहेको विवरण :

आयोगसमक्ष परेका उजूरी निवेदनहरुउपर तथ्य निरुपणको निमित्त प्रारम्भिक अनुसन्धान शुरु गर्ने कानूनी व्यवस्था अनुरुप अनुसन्धान तहकिकातको पूर्व प्रारुपको तवरमा प्रारम्भिक अनुसन्धानबाटै उजूरीको औचित्य र आयोगबाट सो विषयमा कारवाई गर्नु पर्ने नपर्ने निर्क्यौल गरिने हुंदा प्रारम्भिक छानविनको क्रममा मूलत निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको प्रकृति के कस्तो छ ?
ख) उजूरी आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उजूरीमा उल्लेखित विषयका सम्बन्धमा के कसो भएको हो ?
घ) उजूरीको आरोप तथ्यपूर्ण देखिन आएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ०) उजूर गर्ने व्यक्ति सरोकारवाला हो, होइन ?
च) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
छ) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?
ज) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानविनको कारवाई गर्ने अधिकृतले अनुसन्धान तहकिकात गर्दा आयोगले प्रयोग गर्ने अख्तियारी नै प्रयोग गर्ने भएता पनि छानविन प्रारम्भिक अवस्थामै रहने तथा छानविन गरिने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ ।

विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय, संस्थान एवं अन्य निकायहरुमा समेत गरी अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा परेका उजूरीहरुउपर वर्तमान अवस्थामा आयोगबाट प्रारम्भिक अनुसन्धान कार्य भइरहेको उजूरीको संख्या र संक्षिप्त विषय तालिका नं १ मा प्रस्तुत गरिएको छ । एउटै विषयमा विभिन्न निकायमा उजूरी दिने र ती निकायहरुबाट समेत पुन आयोगमै सो निवेदनहरु प्राप्त हुन आउने हुंदा दर्ता भएको उजूरी संख्या र कारवाई भएको उजूरी संख्या फरक रहने गरेको छ ।

तालिका १

प्रारम्भिक अनुसन्धानको विवरण

क्र.स.	सम्बन्धित मन्त्रालय । निकाय	संक्षिप्त विषय	प्रारम्भिक अनुसन्धान भइरहेको उजूरी संख्या
१.	अर्थ मन्त्रालय र अन्तरगत		
	अन्तशुल्क विभाग	ठेक्का स्वीकृती	१
	अर्थ मन्त्रालय	दरबन्दी स्वीकृति, राजश्व असुली,सुनको कारोवार	४
	कृषि विकास बैंक	ऋण प्रवाह, जग्गा खरीद, पदपूर्ति, आर्थिक अनियमितता	४
	जापानी अन्तरराष्ट्रिय सहयोग निकाय	विदेशी मुद्राको अपचलन	१
	नेपाल अरब बैंक	शेयर बिक्री वितरण	१
	नेपाल औद्योगिक विकास निगम	दोहोरो ऋण प्रवाह	१
	नेपाल ग्यास उद्योग	राजश्व चुहावट	१

पशुपति सोप इण्डष्ट्रीज	आर्थिक अनियमितता		१
बिक्रीकर विभाग	आर्थिक अनियमितता		१
भन्सार विभाग	राजश्व चुहावट, मूल्यांकन		७
राजश्व अनुसन्धान विभाग	राजश्व चुहावट, विदेशी मुद्राको अपचलन		४
राष्ट्रिय वाणिज्य बैंक	पदपूर्ति, आयात प्रतित पत्र		४
ल्होत्से कार्पेट इण्डष्ट्रीज	एकै धितोमा विविध ऋण		१
त्रिवेणी डिष्टिलरी प्रा. लि.	कर चुहावट		१
विविध	आर्थिक अनियमितता		३
		जम्मा :	३५
२. आपूर्ति मन्त्रालय र अन्तरर्गत			
आपूर्ति मन्त्रालय	वितरण प्रबन्ध, आर्थिक अनियमितता, पदपूर्ति		४
इंधन संस्थान	दाउरा बिक्री		१
नेपाल आयल निगम	आर्थिक अनियमितता		३
नेपाल कोल लिमिटेड	आर्थिक अनियमितता		२
नेपाल खाद्य संस्थान	चामल खरीद, प्रशासनिक अनियमितता		३
नेशनल ट्रेडिग लिमिटेड	टेण्डर स्वीकृती		२
साल्ट ट्रेडिंग कर्पोरेशन लिमटेड	कोषको दुरुपयोग, नून ढुवानी		२
		जम्मा :	१७
३. आवास तथा भौतिक योजना मन्त्रालय र अन्तरगत			
आवास तथा शहरी विकास विभाग	गाडीको दुरुपयोग		२
कोहलपुर नगर विकास समिति	जग्गासम्बन्धी		१
खानेपानी तथा ढल निकास विभाग	कन्सलटेण्ट नियुक्ति, पाईप ढुवानी		२
ग्रामीण आवास तथा बस्ती विकास कम्पनी	आर्थिक तथा प्रशासनिक अनियमितता		३
टीकापुर विकास समिति	जग्गासम्बन्धी		१
नेपाल खानेपानी संस्थान	टेण्डर, सामान खरीद, महसूल, निर्माण, पदपूर्ति		७
भवन विभाग	आर्थिक तथा प्रशासनिक अनियमितता		२
रौतहट बाढी पिडीत क्षेत्र	निर्माण कार्य		१
		जम्मा	१९
४ उद्योग मन्त्रालय र अन्तरगत			
उदयपुर सिमेन्ट उद्योग	व्याग खरीद		३
जनकपुर चुरोट कारखाना	पेपर खरीद, आर्थिक अनियमितता		६
नेपाल इटालिया लेदर इण्डष्ट्रीज	गाडी खरीद, जिन्सी हिनामिना		१
नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	टेण्डर स्वीकृती		१
नेपाल टोबाको कम्पनी	नागरिकता		१
बिरगन्ज चिनी कारखाना	आर्थिक अनियमितता		१
बुटवल धागो कारखाना	सामान खरीद		१
लुम्बिनी चिनी कारखाना	प्रशासनिक अनियमितता		१
शाही औषधी लिमिटेड	विदा स्वीकृती		१
		जम्मा :	१६
५. कानुन तथा न्याय मन्त्रालय र अन्तरगत			
जिल्ला सरकारी वकिल कार्यालय	निर्दोषलाई फसाएको		१
६. कृषि मन्त्रालय र अन्तरगत			
कृषि औजार कारखाना	आर्थिक अनियमितता		१
कृषि चून उद्योग लिमिटेड	आर्थिक तथा प्रशासनिक अनियमितता		५
कृषि विकास योजनाहरु	टेण्डर स्वीकृति, राजश्व दाखिला, आर्थिक अनियमितता		४

	कृषि विभाग	पदपूर्ति, आर्थिक अनियमितता	२
	कृषि मन्त्रालय	वैदेशिक तालीम, अनुदान रकमको दुरुपयोग	३
	कृषि सामाग्री संस्थान	आर्थिक तथा प्रशासनिक अनियमितता	२
	दूग्ध विकास संस्थान	टेण्डर स्वीकृति, आर्थिक अनियमितता	४
	धनकुटा बागवानी केन्द्र	आर्थिक अनियमितता	१
		जम्मा :	२२
७.	गृह मन्त्रालय र अन्तरगत		
	अध्यागमन विभाग	सुराकीसम्बन्धी	१
	जिल्ला कारागार शाखाहरु	टेण्डर स्वीकृति, आर्थिक अनियमितता	२
	जिल्ला प्रशासन कार्यालयहरु	नागरिकता, ढीलासुस्ती, आर्थिक अनियमितता	८
	प्रहरी प्रधान कार्यालय	आर्थिक अनियमितता	१
	विशेष प्रहरी विभाग	आर्थिक अनियमितता	६
		जम्मा :	१८
८.	जलस्रोत मन्त्रालय र अन्तरगत		
	खिम्ती जलविद्युत आयोजना	उपकरणको दुरुपयोग	१
	जलस्रोत मन्त्रालय	टेण्डर स्वीकृती	२
	जिल्ला सिंचाई कार्यालय	बांध निर्माण	१
	नेपाल विद्युत प्राधिकरण	टेण्डर स्वीकृति, जग्गा अधिग्रहण, आर्थिक अनियमितता	५
	बागमती सिंचाई योजना	निर्माण कार्य	१
	सुनसरी मोरंग सिंचाई योजना	टेण्डर स्वीकृती	१
		जम्मा :	११
९	निर्माण तथा यातायात मन्त्रालय र अन्तरगत		
	निर्माण तथा यातायात मन्त्रालय	टेलिफोनको दुरुपयोग, विवादास्पद भुक्तानी, कन्सल्टेण्ट नियुक्ति	३
	नेशनल कन्स्ट्रक्शन कम्पनी नेपाल लि.	टेण्डर स्वीकृति	१
	सडक विभाग	टेण्डर स्वीकृति, निर्माण कार्य	१
		जम्मा :	५
१०.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत		
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	उडान अनुमति, पदपूर्ति	२
	शाही नेपाल वायुसेवा निगम	विमान मर्मत, टेण्डर स्वीकृति, आर्थिक तथा प्रशासनिक अनियमितता र उडान सेवा	८
		जम्मा :	१०
११.	वन तथा भू संरक्षण मन्त्रालय र अन्तरगत		
	जडिबूटी उत्पादन तथा प्रशोधन कम्पनी	बिक्री वितरण	१
	जिल्ला वन कार्यालयहरु	निर्माण, जंगल फडानी	५
	नेपाल यू.के.सामुदायिक वन विकास परियोजना	आर्थिक अनियमितता	१
	वन विभाग	जंगल फडानी,, भत्ता	४
	वन तथा भू संरक्षण मन्त्रालय	टोली मनोनयन	१
	वन विकास परियोजनाहरु	छात्रवृत्ति, लागत अनुमान	३
	वनस्पति विभाग	आर्थिक अनियमितता	१
	सुकुम्बासी समस्या समाधान आयोग	जग्गा वितरण	१
		जम्मा :	१७
१२.	वाणिज्य मन्त्रालय र अन्तरगत		
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी	आर्थिक अनियमितता	१
	वाणिज्य मन्त्रालय	दाल निकासी	१
	विशाल बजार कम्पनी	आर्थिक अनियमितता	१

	साल्ट ट्रेडिंग कर्पोरेशन	आर्थिक अनियमितता	१
		जम्मा :	४
१३.	भूमिसुधार मन्त्रालय र अन्तरगत		
	गुठी संस्थान	जग्गा सम्बन्धी, फैसला कार्यान्वयन	१३
	नापी विभाग	आर्थिक अनियमितता	१
	भूमिसुधार विभाग	आर्थिक अनियमितता	१
	भूमिसुधार मन्त्रालय	प्रशासनिक अनियमितता	६
	मालपोत कार्यालयहरु	जग्गाको स्वामित्व, रजिष्ट्रेशन	१३
	स्थलरुप नापी महाशाखा	आर्थिक अनियमितता	१
		जम्मा	३५
१४.	महिला तथा समाज कल्याण मन्त्रालय र अन्तरगत		
	महिला तथा समाज कल्याण मन्त्रालय	जाली प्रमाण पत्र	१
१५.	शिक्षा मन्त्रालय र अन्तरगत		
	उच्च माध्यमिक शिक्षा परिषद	आर्थिक अनियमितता	१
	जनक शिक्षा सामग्री केन्द्र	आर्थिक तथा प्रशासनिक अनियमितता	१
	जिल्ला शिक्षा कार्यालयहरु	शिक्षक छनौट, आर्थिक तथा प्रशासनिक अनियमितता	५
	नेपाल बाल संगठन	आर्थिक अनियमितता	१
	पेशागत संगठनहरु	प्रशासनिक अनियमितता	१
	प्राथमिक विद्यालय पौष्टिक आहार परियोजना	टेण्डर स्वीकृति	२
	प्राथमिक शिक्षा परियोजना	आर्थिक अनियमितता	१
	प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद	पदपूर्ति, सामान खरीद	२
	विभिन्न विद्यालयहरु	जाली प्रमाण पत्र	१
	महेन्द्र संस्कृत विश्वविद्यालय	आर्थिक अनियमितता	१
	राष्ट्रिय खेलकुद परिषद	आर्थिक अनियमितता	१
	शिक्षा मन्त्रालय	परीक्षाफल, आर्थिक अनियमितता, पदपूर्ति	६
	त्रिभुवन विश्वविद्यालय	आर्थिक अनियमितता, पदपूर्ति, खरीद	७
		जम्मा	३०
१६.	सूचना तथा संचार मन्त्रालय र अन्तरगत		
	गोरखापत्र संस्थान	नक्कली प्रमाण पत्र, कागज खरीद	४
	जिल्ला हुलाक कार्यालय	पदपूर्ति, पत्र नबुझाएको	४
	नेपाल टेलिभिजन	पदपूर्ति, सामान खरीद	२
	नेपाल दूर संचार संस्थान	सामान खरीद, टेलिफोन वितरण, भाडा, टेलिग्राम बुझाउने कार्य	९
	राष्ट्रिय समाचार समिति	प्रशासनिक अनियमितता	२
	रेडियो नेपाल	प्रशासनिक अनियमितता, सामान खरीद	२
	सूचना तथा संचार मन्त्रालय	गाडी खरीद, टेण्डर स्वीकृति, प्रशासनिक अनियमितता	३
	सूचना विभाग	गाडी खरीद	१
		जम्मा	२७
१७.	सामान्य प्रशासन मन्त्रालय र अन्तरगत		
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	सहयोग रकमको दुरुपयोग	१
१८.	स्थानीय विकास मन्त्रालय र अन्तरगत		
	काठमाडौं महानगरपालिका	नक्सा स्वीकृति	१
	गाउं विकास समितिहरु	आर्थिक अनियमितता	१
	जनकपुर नगरपालिका	रकमको दुरुपयोग	१

जिल्ला विकास समितिहरु	निर्माण, सामान खरीद, आर्थिक अनियमितता	१५
दुर्गम क्षेत्र विकास समिति	निर्माण कार्य, सामान खरीद	२
प्लान इन्टरनेशनल	पुल निर्माण	१
विदुर नगरपालिका	पुल निर्माण	१
महिला विकास शाखाहरु	गैह्र कानूनी पेश्की	१
सार्वजनिक उद्यान तथा राष्ट्रिय सभागृह विकास समिति	पसल टहरामा कब्जा	१
स्थानीय विकास मन्त्रालय	निर्माण, ठेक्का स्वीकृति	४
	जम्मा :	२८

९ स्वास्थ्य मन्त्रालय र अन्तरगत

आपूर्ति व्यवस्था महाशाखा	औषधी ढुवानी	१
आखा अस्पताल	पदपूर्ति, शल्यक्रिया	१
आयुर्वेदिक औषधालय	निर्माण	१
कान्ती बाल अस्पताल	पदपूर्ति, निर्माण	१
जिल्ला अस्पतालहरु	प्रशासनिक अनियमितता, निर्माण	२
जिल्ला स्वास्थ्य कार्यालयहरु	पदपूर्ति, रकम हिनामिना	४
परिवार स्वास्थ्य परियोजना	ऋण रकमको दुरुपयोग	१
मानसिक अस्पताल	किर्ते कागजात	१
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला	सामानको दुरुपयोग	१
राष्ट्रिय क्षयरोग केन्द्र	बरबुझारथ, पेश्की फछ्यौंट, खरीद	२
शाही औषधी लिमिटेड	अनियमित कार्य संचालन	१
सरुवा रोग अस्पताल	फिल्टर निर्माण	१
साझा स्वास्थ्य सेवा	उपकरण खरीद	१
स्वास्थ्य मन्त्रालय	मेशीन संचालन, आर्थिक हिनामिना, तालीम, पदपूर्ति	७
स्वास्थ्य सेवा विभाग	औषधी खरीद, पदीय दुरुपयोग, पदपूर्ति	३
	जम्मा :	२८
	कूल जम्मा :	३२५
		(तीनशय पच्चीस)

४.२ अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेको विवरण :

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लेखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने भएबाट विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त गर्ने कानूनी व्यवस्था अनुरुप अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्नानुसार छन् :

१. राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन महाप्रवन्धकले विभिन्न कर्जा मागको निवेदनमा ठाडो तोक आदेश लगाई करोडौं रुपैयाको ओभरड्राफट र हाइपोथिकेशन इत्यादि सुविधा प्रदान गर्दा अनियमित कार्यका साथै गैर कानूनी काम कारवाई गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२. तत्कालीन इन्धन संस्थानका महाप्रवन्धकले दाउरा उपलब्ध गराउंदा भ्रष्टाचार गर्नुका साथै दाउरा दिने तोक आदेश दिंदा सामान्य प्रिक्रियासम्म पनि प्रयोग नगरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३ राष्ट्रिय समाचार समितिले कम्प्यूटर नेटवर्क सामानहरु खरीदसम्बन्धी टेण्डर आव्हान गर्दा टेण्डरमा भाग लिएको सम्बन्धमा कम बोल अंक उल्लेख गर्ने पार्टीको बोलपत्र स्वीकृत नगरी बढी बोल अंक उल्लेख गर्ने पार्टीको बोलपत्र स्वीकृत गरी अख्तियार दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४. कृषि मन्त्रालयको पत्रबाट प्राप्त भएको "कृषि विकास योजना छानविन आयोग, नकटाझिझ, धनुषाको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा भएको अनियमितता (लापरवाही, गैर जिम्मेवारी) सम्बन्धी जांचबुझ आयोग प्रतिवेदन, २०५१" मा उल्लेख भएका कुराहरुसम्बन्धी विषयमा अनुसन्धान भइरहेको ।

५ शाही नेपाल वायुसेवा निगमका तत्कालिन महाप्रवन्धकले विभिन्न स्थानमा एजेण्ट खडा गरी सो वापत कमिशन खाएको, अमेरिकाको एभरग्रीन कम्पनीसंग वोइड० ७२७ भाडामा ल्याउंदा कमिशन खाएको तथा आफ्नी श्रीमतीका नाममा कार्गो एजेन्सी खोली सो एजेन्सी मार्फत आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६. जिल्ला विकास समिति , रुपन्देहीमा विभिन्न शिर्षकको विनियोजित रकममा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७. दाङ्ग जिल्लाको चामे सोता बांध निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८. जिल्ला विकास समिति, पर्वतका सभापतिले दुई वर्षदेखि अतिथी गृहमा बसी घरभाडासमेत बुझिलिने गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९ जिल्ला प्रशासन कार्यालय, मोरंगका तत्कालिन प्रजि.अ.ले गैह्र नेपाली नागरिकलाई नेपाली नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०. जिल्ला प्रशासन कार्यालय, नवलपरासीका प्र.जि.अ.ले गैह्र नेपाली नागरिकलाई नेपाली नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११. कृषि सामाग्री संस्थानबाट ठेक्का नं. के. पी. १९३, १९४, १९५, १९६ र १४६ बाट मल खरीद गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२. जिल्ला प्रशासन कार्यालय, दोलखाका तत्कालीन प्र.जि.अ.समेतले कृत्रिम मन्जुरीनामाको कागज पेश गरी खिम्ती जलविद्युत योजनाको प्रवेश मार्गको लागि अधिग्रहण गरिएको जग्गाको मुआव्जा रकम झिकी खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३. नेपाल खानेपानी संस्थानबाट न्यून गुणस्तरको पाईप खरीद गरेको, संस्थानको बालाजुस्थित जग्गा सार्वजनिक प्रयोजनको लागि भनी नाम मात्रको पैसा लिई बेचेको र टेण्डरबाट गराउनु पर्ने छपाई कोटेशनबाट गराई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१४. नेपाल खानेपानी संस्थानले विभिन्न साइजको पाईप र फिटिंग खरीद गर्दा गुणस्तरीय सामान नलिएकोले आफ्नो दायित्व पूरा नगरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१५. उच्च माध्यमिक शिक्षा परिषदमा विगतका दिनहरुमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१६. प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाबाट दैलेख जिल्लाको लागि पौष्टिक आहार ढुवानी गर्न बोलपत्र हुंदा धांधली भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१७. त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको सुरक्षाको लागि कोटेश्वर तथा सिनामंगल क्षेत्रमा अधिग्रहण भएको जग्गाको मुआव्जा वितरण गर्दा वर्ग संशोधन गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१८ शाही नेपाल वायुसेवा निगममा नियम विपरित शाखा स्थापना गरी कर्मचारी भर्ना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१९ शाही नेपाल वायुसेवा निगमको इन्जिनियरिंग विभागबाट भएको काम कारवाईमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२० हवाई विभागमा विभिन्न भ्रष्टाचारजन्य कार्यहरु भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२१ कृषि मन्त्रालयबाट लसुन निकासीको इजाजत दिदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२२. कृषि सामाग्री संस्थानबाट ठेक्का नं.१४१ अन्तरगत मल खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२३. पशु प्रजनन तथा कृत्रिम गर्भाधान कार्यक्रमअन्तर्गत विदेशबाट प्राप्त सिमेन हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२४. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट धितो जग्गाको लिलाम बिक्रीमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२५ राष्ट्रिय वाणिज्य बैंक ,विशालबजारबाट आयात प्रतीत पत्र खोल्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२६. राष्ट्रिय वाणिज्य बैंक, विशालबजार शाखाबाट लक्ष्मी एक्सपर्ट हाउसले एकतले घरलाई तीनतले भनी मूल्यांकन गराई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२७. राष्ट्रिय वाणिज्य बैंकबाट मोमेन्टो एपरेल्स प्रा.लि. समेतलाई कर्जा प्रवाह गर्दा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२८. राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन पक्षबाट परासी शाखाको लागि भवन खरीद गर्दा अनियमित कार्य गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२९ त्रिवेणी डिष्टिलरी, भैरहवाबाट तिर्नु पर्ने राजश्व समेत नतिरी गैर कानूनी तरिकाले उच्च कोटीको मदिरा उत्पादन गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३०. श्री डिष्टीलरी प्रा.लि., नवलपरासीले राजश्व ठगी गरेको, बील, ड्राफ्ट सच्याई गैर कानूनी कार्य गरेको र विभिन्न शीर्षकमा भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान भइरहेको ।

३१. नन्दिकेशर गुठी तैनाथी जग्गामा ऐन नियम विपरित मोही कायम गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२. टी.सि.एन.बाट विना टेण्डर वार्ताद्वारा लाखौंको जीप खरीद भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३३. आर्थिक प्रलोभनमा परी गैर नेपाली नागरिकलाई वंशजको नाताले नेपालको नागरिकता दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३४. विदेशी नागरिकलाई नेपाली बालक धर्मपुत्र दिदा गैर कानूनी आर्थिक लाभ लिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३५ अनियमित तरिकाबाट १० हजार मेट्रिक टन डि.ए.पी.मल खरीद गरेको तथा करोडौं मूल्यको पाम आयल तथा रेपसीड आयात गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३६. गृह मन्त्रालयबाट ७० थान गाडी खरीदको टेण्डर अनियमित तरिकाबाट स्वीकृत गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३७. दुग्ध विकास संस्थानमा अनुदान स्वरुप आएको विभिन्न विदेशी सहयोगको दुरुपयोग भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८. सुकुम्बासी समस्या समाधान आयोगमा विभिन्न अनियमित कार्यहरु भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३९ केदारेश्वर गुठी तैनाथी जग्गामा नियम विपरित मोही कायम गर्ने कार्य भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ललितपुर उपमहानगरपालिकाको जग्गा ६ रोपनी २ आना धितो राखी रु.१५ लाख लगानी गरेकोमा लगानी असूल गर्न जग्गा लिलाम गर्दा कर्मचारीसमेत को मिलोमतोमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१. राष्ट्रिय वाणिज्य बैंक ,मैतीदेवी शाखाबाट काठमाडौं महानगरपालिका ,वडा नं.१० को ४ रोपनी ३ आना जग्गा धितो राखी रु.९ लाख लगानी गरेकोमा लगानी असूल गर्न जग्गा लिलाम गर्दा कर्मचारीसमेत को मिलोमतोमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४२. महाकाली सिंचाई योजनाका प्रमुखले सम्बन्धित ठेकेदार र कर्मचारीहरुसंग मिली भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४३. इन्धन संस्थान, भद्रपुर उपशाखाद्वारा संचालित इलाम चिलिमकोटमा दाउरा कटानी ढुवानीमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४४. नेपाल खाद्य संस्थानलाई सहायता स्वरुप प्राप्त जापानी चामलको संझौता समयमा नगरी नोक्सान परेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५. अदालत समक्ष मुद्दा दायर भएको विवरण :

५.१

रोल्पा जिल्लाको लिवाड० गा.वि.स.वार्ड नं .६ देउपुजेमा शाही नेपाली सेनाको व्यारेकको लागि जग्गा खरीद गर्दा बदनियतसाथ ढुंगेनलाई खरेन र खरेनलाई आवादी पाखोको रुपमा अधिकांश जग्गालाई माथिल्लो श्रेणीमा देखाई अतिरन्जित मूल्य निर्धारण गरी प्र.जि.अ.समेतले सरकारी धनको दुरुपयोग गरी जग्गा खरीद गरेको भन्ने विषयमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

उजूरी निवेदनको व्यहोरामा मूख्यत तीनवटा विषय इंगित भएको छ । पहिलो, शाही नेपाली सेनाको व्यारेकको लागि जग्गा अधिकरण गर्दा श्री ५ को सरकारको महत्वपूर्ण निकायको जग्गा खरीदमा जग्गाको मूल्यांकन समितिबाट हुनु पर्नेमा विना मूल्यांकन पास गराएको । दोश्रो, जग्गा रजिष्ट्रेशन कागज र सरकारी रकमको भुक्तानी बुझ्ने बुझाउने कार्य मालपोत कार्यालयमा सरकारी चेकबाट हुनु पर्नेमा सो नभई प्र.जि.अ.को नीजि कोठामा कार्यालय समय भन्दा बाहिर नगद वितरण गरेको जसबाट रु. १६,६८,७९३।०१ को माल पास रकममा हस्ताक्षर गराई वास्तविक किसानलाई रु. १०,६६,४३२।६२ मात्र भुक्तानी दिई रु. ६, ०२,३६९३९ सरकारी रकमको दुरुपयोग गरेको । तथा तेश्रो, जग्गा नाप जांच गर्दा ढुगेनलाई खरेन र खरेनलाई आवादी पाखोको रुपमा नापी टोलीबाट ठहर गराई अतिरन्जित मूल्य निर्धारण गरी प्र.जि.अ.ले सरकारी धनको दुरुपयोग गरेको ।

उजूरीको पहिलो बुंदा जग्गा अधिकरण गर्दा मूल्यांकन समितिबाट जग्गाको मूल्यांकन गरिनु पर्ने भन्ने सम्बन्धमा रोल्पा जिल्लामा त्यस बखत मालपोत ऐन लागू नभएको तथा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ अनुसार सरकारी जग्गा अधिकरण गर्न एवं मुआव्जा निर्धारण गर्न सम्बन्धित क्षेत्रको प्र.जि.अ. , मालपोत अधिकृत, जिल्ला विकास समितिको प्रतिनिधि तथा आयोजना प्रमुख रहने व्यवस्था भएको हुंदा यसमा जनप्रतिनिधि तथा जग्गा धनीको उपस्थितिमा प्र.जि.अ., स्थानीय विकास अधिकारी, मालपोत अधिकृत, को.ले.नि.का.को प्रतिनिधि, शाही नेपाली सेनाको प्रतिनिधिको रोहवरमा अधिकरण गरेका जग्गाको मूल्यांकन निर्धारणलाई विना समिति मूल्यांकन भएको भन्न सकिने स्थिति देखिएन । दोश्रो बुदा ढुगेनलाई खरेन र खरेनलाई आवादी बनाएको र अतिरन्जित मूल्य कायम गरेको भन्ने सम्बन्धमा स्थलगत रुपमा नापी टोली खटाई प्राप्त प्रतिवेदनबाट समेत आवादीको क्षेत्रफल ठीक रहेको,ढुगेनलाई खरेनमा १०% सम्म गराएको हुन सक्ने तर यकिन गर्न शाही नेपाली सेनाको भवन निर्माण गर्न जग्गा खन्ने भवन समेत निर्माण गर्ने काम भइरहेको तथा कति प्रतिशत ढुंगा भएकोलाई ढुगेन र कति प्रतिशतसम्म ढुंगा भएकोलाई खरेन भन्ने

कुराको सरकारी आंकडा नभएको भन्ने हुंदा यकिन साथ यति क्षेत्रफल ढुगेनलाई खरेन बनाएको भन्ने नापी टोलीको प्रतिवेदनबाट नछुट्टिई १० प्र.श. सम्म ढुंगेनलाई खरेन गराएको हुन सक्ने भन्ने भएको हुंदा यसमा सप्रमाण ढुगेनलाई खरेन र खरेनलाई आवादी बनाएर अतिरन्जित मूल्य निर्धारण गरेको भन्ने कुराको पुष्टि हुन सकेन ।

तेश्रो महत्वपूर्ण बुंदाको रुपमा रहेको जग्गा रजिष्ट्रेशन कागज र सरकारी रकमको भुक्तानी बुझ्ने बुझाउने कार्य मालपोत कार्यालयमा सरकारी चेकबाट हुनु पर्नेमा सो नभई प्र.जि.अ.को नीजि कोठामा कार्यालय समय भन्दा बाहिर नगद वितरण गरेको जसमा रु. १६,६८,७९३।०१ माल पास रकममा वास्तविक जग्गावालाले बुझेको रकम रु १०,६६,४२३।६२ मा मालपोत अधिकतम रकममा भरपाई गराई सरकारी रकम दुरुपयोग गरेको भन्ने सम्बन्धमा यस आयोगबाटै अधिकृत स्तरको टोली समेतलाई स्थलगत रुपमा खटाई ती जग्गाधनीहरु बुझ्दा माल पास अनुसारको रु ५५,२५७।८१ रकम मध्ये रु २९,२००।०० मात्र पाई अरु रकम नपाएको र त्यसको कारण बुझ्न खोज्दा नापीमा जानु भनेका र नापीसंग सम्पर्क राख्दा सदर मुकाम एरियाको ऐलानी जग्गा नापी दिउंला चुपलाग भनेको हुंदा र नोकरीको डरले समेत कम पैसा पाएकोमा उजूर गरिन भन्ने जग्गा धनीहरु जिल्ला प्रशासन कार्यालय रोल्पाकै पि.इश्वरी प्रसाद शर्मा लगायत ७ जनाको कागजबाट माल पास अनुसारको रकम नपाएको र प्र.जि.अ.को डरको कारणले उजुरवाजूर नगरेको भन्ने धने सुनार, जमान सिं कामी, पुनी सुनार, हरि प्रसाद शर्मा, रामलाल कामी, गुमान सि सुनार र जीवराज शर्माको हकमा निजको छोरा महेन्द्र प्रसाद शर्मा समेतको कागज भएको ।

यी मध्येका गुमान सिंह सुनारका" मेरा नामको जग्गा शाही नेपाली सेनाकोलागि बिक्री भएको मूल्य के कति हो थाहा छैन मैले सो जग्गा बिक्री वापत जम्मा रु. २,२९,६१०।०० सांझ ६ बजेतिर प्र.जि.अ. को निवासमा प्र.जि.अ.को हातबाट प्राप्त गरेको हूं । यत्रो रकम लिएर के गर्दछस भनी सोधनी गर्नु भएकोमा मेरो घरवासको व्यवस्था मिलाउंछु भन" भन्ने व्यहोराको कागज भएको र नापी टोली समेतको प्रतिवेदनबाट गोप्य रुपमा बुझ्दा जग्गा धनीहरुलाई कम रकम दिई माल पास अनुसारको रकममा भरपाई गराएको भन्ने बुझिएको । राष्ट्रिय अनुसन्धान विभागको प्रतिवेदनबाट समेत सरकारी रकम दुरुपयोग गरी अनुचित तवरबाट आर्थिक लाभ उठाएको भन्ने कुरा जानकार व्यक्ति बताउछन् भन्ने रहेको देखिन्छ । आर्थिक ऐन नियम अनुसार प्रत्येक व्यक्तिलाई सरकारी चेकबाट रकमको भुक्तानी गर्नु पर्नेमा सो चेक अलग अलग व्यक्तिको नाममा नकाटी एकमुष्ट रकम निकाली रकम जिल्ला प्रशासन कार्यालय प्र.जि.अ.को आवासमा कार्यालय समय भन्दा पछिसम्म बांडेको कुरालाई प्र.जि.अ. समेतको सहमति छ । तर प्र.जि.अ.ले जग्गा धनीले नगद चाहिन्छ भनेको भन्ने कुरा केवल लिखित रुपमा नभई मौखिक रहेको भन्ने छ । आफ्नो जग्गाको मूल्य समेत कति पर्‍यो भन्ने थाहा नहुने जनताहरुले जिल्लामा प्र.जि.अ. जस्तो व्यक्तिको वारेमा शिकायत गर्न र उजूर वाजूर गर्न डरको कारणले नसकेको भन्ने भनाई असत्य भन्न सकिने देखिदैन । प्र.जि.अ. अब्दुल रइस खांको बयानबाट परिस्थिति र व्यवहारिक कठिनाईले गर्दा नगद भुक्तानी गर्न लगाएको सम्पूर्ण रकम बुझेको भरपाईबाटै प्रष्ट छ । त्यसकारण नगद भुक्तानीलाई अनियमित भन्न मिल्दैन भन्ने बयानमा उल्लेख गरेको सम्बन्धमा चेकबाट भुक्तानी गर्न नसकिने परिस्थिति र व्यवहार तथा कठिनाई प्रष्ट देखिएन । निजको बयानमा रकम वितरण गर्दा शाही नेपाली सेनाका प्रतिनिधिहरु हु. रामराज भारती, प्रा.सु.लक्ष्मण बहादुर थापाको उपस्थितिमा रकम वितरण गरेको भनि लेखाएका र सो सम्बन्धमा शाही नेपाली जंगी अड्डामा उल्लेखित व्यक्तिहरु मुआव्जा रकम वितरण गर्दा उपस्थित भए नभएको के हो जानकारी पाउन भनि यस आयोगबाट लेखी पठाएकोमा जग्गाको मुआव्जा रकमको ड्राफ्ट प्र.जि.अ. लाई बुझाउन र सो जग्गाको लालपुर्जा (ज.ध.प्र.पत्र) लिन प्र.जि.अ. कार्यालयको कम्पाउण्डमा रहेका थियौं तर रकम बुझाउने मिटिंग हलमा उपस्थित थिएनौं भन्ने व्यहोराको हु.रामराज भारती र प्रा.सु.लक्ष्मण बहादुर थापाको कागज समेत संलग्न गरी शाही नेपाली जंगी अड्डाबाट लेखी आएको ।

जग्गा पास गर्दा नगद भुक्तानी गर्नु पर्ने भए जग्गा धनीको नाममा चेक नकाटी लेखापालकै नाममा चेक काटी माल कार्यालय मै बसी सो रकम भुक्तानी गर्न के कठिनाई गर्नु पर्ने थियो र कार्यालय समय पछि समेत प्र.जि.अ. कै मिटिंग हलमा रकम भुक्तानी गर्नु पर्‍यो भन्ने व्यहोरा हेर्दा जग्गाधनीहरुले कम रकम पाएको भन्ने आयोगको अधिकृतको स्थलगत निरीक्षणका बखत गरेको कागजमा सत्यता भएको पुष्टि हुन आएकोले प्र.जि.अ. समेतको भ्रष्टाचार कार्यमा सहमति भएको भन्न नसकिने देखिदैन ।

सम्पूर्ण आरोप कपोलकल्पित र व्यक्तिगत प्रतिशोधबाट अभिप्रेरित छ भन्ने सम्बन्धमा ती जग्गाधनीको निज प्र.जि.अ. सग व्यक्तिगत प्रतिशोध रहेको कुनै प्रयोजन देखिदैन । अत: प्र.जि.अ. को उल्लेखित बयान केवल आफ्नो दोषको ढाकछोप गर्नु सिवाय सत्य तथ्यमा आधारित देखिएन ।

पतिवेदनबाट जग्गाको मुआव्जा रकम खाने खुवाउनेमा लेखापाल खिम बहादुर गुरुङले पूरा मुआव्जा नदिई बाकी रकम नापी टोली प्रमुख विलट शाहसंग लिई जान भनेको र विलट शाहसंग जादा रु. १०००।०० (एक हजार) सम्म दिन सक्छु भनेको र सो पैसा लिन नमान्दा कुनै जगल वा सदर मुकाम एरियाको ऐलानी जग्गा तिम्रो नाममा नापी गरी दिन्छु भनि विलट शाहले भनेको भन्ने जग्गा धनी इश्वरी प्रसाद शर्माको बयान तथा नापी टोली प्रमुख विलट शाहले रु. १,००,०००।०० मञ्जाट लिएको हुन् भन्ने धने सुनार र पैसा नपुग भएको सम्बन्धमा कतै कुरा नगर्नु भनि विलट शाहले भनेका हुन् भन्ने जग्गाधनी हरिप्रसाद शर्मा समेतको बयान कागजबाट र जग्गा ढुंगेनलाई खरेन १० प्र.श. सम्म गराएको हुन सक्ने भन्ने नापी टोलीको प्रतिवेदनबाट टोली प्रमुख विलट शाहले प्र.जि.अ. अब्दुल रइस खासंग सरकारी रकमको दुरुपयोगमा मिलोमतो गरेको प्रष्ट देखिन्छ । लेखापाल खिमबहादुर गुरुङ ले बयानमा प्र.जि.अ. को आदेश नभईकन कुनै काम गर्ने कुरै भएन लिखित आदेश नभई मौखिक आदेश

अनुसार काम गरेको हो भनि लेखाएको छ तापनि गैह्र कानूनी काम कुरा गर्न प्र.जि.अ.ले लगाउँदैमा लेखाका कर्मचारीले वाध्य भई मान्नु पर्ने पनि देखिदैन र जग्गावालालाई मुआव्जा नगदै दिनु परे लेखापालकै नाममा चेक काटी रकम भुक्तानी गर्नु पर्नेमा सो नगरी तीन जना अलग अलग व्यक्तिका नाममा चेक काटी नगद आफै लिई कम रकम वितरण गरेको जग्गावालाकै बयान हुंदा नापी टोली प्रमुख विलट शाह र लेखापाल खिम बहादुर समेतले भ्रष्टाचार कार्यमा प्र.जि.अ. संग मिलोमतो गरेको प्रष्ट देखिन्छ ।

अत: प्र.जि.अ. अव्दुल रइस खांको हकमा समेत माथि उल्लेखित कागजातहरुबाट प्रमुख जिल्ला अधिकारी जस्तो गरिमामय सरकारी सेवामा रहेको राष्ट्र सेवकले दुर्गम जिल्लाका गरिव निमुखा सोझा जनतालाई जग्गा अधिकरण गर्दा माल पास अनुसारको रकममा भरपाई गराई कम पैसा शाही सेनाको हु.रामराज भारती र प्रा.सुलक्ष्मण बहादुर थापाकोरोहवरमा रकम बांडेको भन्ने झुठ्ठा बयान गर्नु, सरकारी चेकबाट अलग अलग व्यक्तिमा भुक्तानी गर्नु पर्नेमा एक जना, तीनजना र आठ जना जग्गावालाको ३ वटा अलग अलग चेकको सबै रकम बैंकबाट आफैले बुझी जिल्ला प्रशासन कार्यालयमा कार्यालय समय बाहिर प्र.जि.अ. निवासमा बांड्नु, कम पैसा सम्बन्धी केही कतै कुरा नगर्नु भन्ने डर त्रास देखाई गैह्र कानूनी लाभ पुऱ्याई आफ्नो मातहतको लेखापाल खिम बहादुर गुरुङ० र नापी टोली प्रमुख विलट शाहको सहयोगले बदनियतपूर्ण तरिकाले कूल माल पास रकम १६,६८,७९३।०१ जग्गा धनीहरुलाई वितरण गर्नु पर्नेमा सो नगरी रु. १०,६६,४२३।६२ मात्र वितरण गरी खर्च भने मालपास रकम अनुसार नै देखाई रु. ६,०२,,३६९।३९ जग्गा धनीहरुलाई वितरण गरी प्रतिवेदनमा उल्लेखित पदाधिकारी प्र.जि.अ. अव्दुल रइस खां ,लेखापाल खिम बहादुर गुरुङ० र नापी टोली प्रमुख विलट शाहले भ्रष्टाचार गरी खाए मासेको देखिएकोले विगो जरिवाना समेतको सो रकम निजहरुबाट असूल उपर गरी जग्गा धनीहरुले पाउनु पर्ने बांकी रकम जग्गा धनीहरुलाई भराउन तथा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गर्ने उपरोक्त तीनै जना व्यक्ति उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा १ अनुसार कारवाई गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ बमोजिम पुनरावेदन अदालत नेपालगन्जमा अभियोग पत्र दायर गरिएको ।

५२

गैर नेपाली नागरिक अरुण कुमार अग्रवालले भुठ्ठा विवरण पेश गरी जिल्ला प्रशासन कार्यालय,कपिलवस्तुबाट मिति २०४९।२।३० मा वंशजको नाताले नागरिकता प्राप्त गरेकोमा नेपाल नागरिकता ऐन, २०२० विपरित वंशजको नाताले नेपाली नागरिकता दिई निजलाई गैर कानूनी लाभ र श्री ५ को सरकारलाई गैर कानूनी हानी पुर्याउने कार्य गरी नेपाल कानून जानाजानी पालन नगरेकोले संलग्न राष्ट्र सेवकहरु उपर प्रचलित कानून बमोजिम कारवाई गर्न श्री ५ को सरकारको मिति २०५२।२।४ को निर्णयानुसार गृह मन्त्रालयको मिति २०५२।२।९ को पत्र उजूरी सरह दर्ता भई अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

प्रस्तुत गैर नेपाली नागरिक अरुण कुमार अग्रवालले नेपाली नागरिकता प्राप्त गरेको सन्दर्भमा प्राप्त गृह मन्त्रालयको टिप्पणी सहितको फायल, सम्बन्धित पदाधिकारीहरुको बयान, सर्वोच्च अदालत एवं राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट शा.अ. एकेश्वर रेग्मीको नागरिकता वितरण एवं फोटो अभिलेखमा भएको हस्ताक्षर जांच सम्बन्धी प्रतिवेदन, जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको २०५०।१२।२५ तथा ०५२।१।१२ को सचिव, गृह मन्त्रालयलाई अरुण कुमार अग्रवाल सम्बन्धित पठाएको विवरण तथा अनुसन्धानको नतिजा आदिलाई अध्ययन,मनन एवं विश्लेषण गर्दा मुख्यतया निम्न ३ कुराको गैर कानुनी एवं अनुचित कार्य भए गरेको देखिन आयो :

(१) गैर नेपाली नागरिक अरुण कुमार अग्रवाललाई यथेष्ट सबुद प्रमाणको अभावमा गैर कानूनी क्रियाकलापबाट वंशजको नागरिकता उपलव्ध गराएको ।

(२) गृह मन्त्रालयबाट मिति २०५२।१।१४ को श्री ५ को सरकार मन्त्री स्तरीय निर्णयबाट रद्द गरिएको नागरिकताको प्रमाणपत्र असम्बन्धित व्यक्ति बसन्त राणालाई मिति २०५१।१।२१ मा फिर्ता दिएको ।

(३) गृह मन्त्रालयको मिति २०५२।२।४ को निर्णय अनुसार कारवाईको लागि आयोगसमक्ष पठाएकोमा आयोगको मिति २०५१।१।२५ को निर्णयानुसार नागरिकता सम्बन्धी ऐन, २०२० को दफा १० र १५ बमोजिम स.मु.ऐन अन्तर्गत मुद्दा मिति २०५१।२।२६ मा चलाउन लेखी गएकोमा पनि हालसम्म मुद्दा चलाएको नदेखिएको ।

<u>नागरिकता सम्बन्धमा</u> :

कार्यालयबाट प्राप्त नागरिकता दिने निर्णय पुस्तिका तथा नागरिकता पाउने व्यक्तिको फोटो अभिलेख अध्ययन गर्दा प्र.जि.अ. युवराज शर्मा र प्रशासकीय अधिकृत एकेश्वर रेग्मीसमेत ले नागरिकताको प्रमाण पत्र दिने भनी गरेको समिति निर्णय नं. ४०७ मिति २०४९।२।२५ को संयुक्त निर्णयमा सि.नं. १२ लाई १३ गराएको जस्तो देखिएकोले निज अरुण कुमार अग्रवालको नाउं पछि थपिएको हो होइन, भन्नेतर्फ विचार गर्दा, थपेको ठाउंमा प्र.जि.अ. कै मात्र छोटकरी सही गरिनु, सि.नं. १ देखि १२ सम्मको १२ जनालाई प्र.जि.अ.ले नै दस्तखत गरी प्रमाण पत्र दिएको तर निज अरुण कुमार अग्रवालको प्रमाण पत्र ५ दिनपछि ०४९।२।३० मा

प्र.अ. एकेश्वर रेग्मीको नामबाट दस्तखत भै वितरण गरेको देखिनुका साथै नागरिकता वितरण फोटो रहेको पुस्तिकाको सि.नं. १२ मा लाल बहादुर विश्वकर्माको नाम उल्लेख भई नागरिकता वितरण भई सकेको तर निर्णय पुस्तिकामा भने निज लाल बहादुरको सि.नं. सच्याई १३ गराएको आदि कारणहरुबाट निज अरुण कुमार अग्रवालको नाउं पछि गैर कानूनी क्रियाकलापबाट थपिएको निर्विवाद तथा शंकारहित देखिन आयो ।

निर्णय पुस्तिकामा नाम थप गरिंदा गरिएको छोटकरी सही तथा फोटो अभिलेखमा टांसिएको फोटोमा भएको लामो सही प्र.अ.एकेश्वर रेग्मीको हो, होइन भन्ने छानविनको लागि मिति २०५२।८।३ मा सर्वोच्च अदालत तथा मिति २०५२।११।४ मा राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा हस्ताक्षर जांचको लागि पठाएकोमासर्वोच्च अदालतबाट फोटो अभिलेखमा भएको सही निज प्र.अ. एकेश्वर रेग्मीको आयोगमा गराएको दस्तखत नमूनासंग पत्रमा उल्लेखित विभिन्न कारणबाट समानता नभएको भन्ने प्रतिवेदन प्राप्त भएको छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट मिति २०५२।११।६ मा प्राप्त प्रतिवेदनबाट फोटो अभिलेखमा भएको सही शा.अ. एकेश्वर रेग्मीको हो तर निर्णय पुस्तिकामा अरुण कुमार अग्रवालको पछि नाम समावेश गरिंदा गरिएको सानो सहीको सम्बन्धमा पर्याप्त आधारको अभावले यकिन गर्न नसकिने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यसप्रकारबाट दुई भिन्दा भिन्दै संस्थाहरुबाट विरोधाभासपूर्ण राय प्राप्त भएको छ ।

सर्वोच्च अदालतको दस्तखत परीक्षण रिपोर्ट हेर्दा विशेषज्ञले फोटोमा भएको सही र आयोगसमक्ष भएको सही मिल्न नआएको भनि लेखेको छ । यसमा नांगो आंखाले ती दुवै किसिमका दस्तखत हेर्दा एकनास देखिएको र स्पष्टीकरण दिने ख.भुमलालले "लेख्ने कुरो भएको लेख्नुहोस भन्ने प्र.अ.को आदेशमा अरुण कुमार अग्रवालको नाम थप गरेको" भनी प्र.जि.अ. कपिलवस्तुसमक्ष स्पष्टिकरण दिएको हुंदा लेखा विशेषज्ञको भनाईमा चित्त नबुझी राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पुनः जांच गराइएकोमा छोटो सहीको सम्बन्धमा यकिन नभएको र ०४९।२।३० मा फोटोमा गरिएको दस्तखतलाई नागरिकता फोटो अभिलेखमा शा.अ. एकेश्वरको सहिछाप भएको अन्य सि.नं. २१२० देखि ३१३३ सम्मको साथै सि.नं. २३१३, २३१४, २३१५ र २३१६ को फोटोमा गरिएको प्र.अ. एकेश्वर रेग्मीको तत्कालिन समयको सहीछाप र ०५२।८।१ मा आयोगसमक्ष गरिएको सहिछाप परीक्षण गरी हेर्दा ०५२।८।१ मा र नागरिकता वितरण फोटो अभिलेखमा तत्कालिन समयमा सही गर्ने व्यक्तिले नै २०४९।२।३० को अरुण कुमार अग्रवालको फोटोमा सही गरेको हो भनि रा.वि.वि. प्रयोगशालाले ठोकुवा लेखेको हुंदा यो हस्तलेखा परीक्षण तत्कालिन समयको हाराहारीमा भएको दस्तखतसंग भिडाई जांच गरेको हुंदा यो नै प्रमाणित मान्नु पर्ने हुन आयो । यसबाट गैर नेपाली अरुण कुमार अग्रवालले प्राप्त गरेको नागरिकताको प्रमाण पत्रमा प्र.अ. एकेश्वर रेग्मीले दस्तखत गरेको होइन भनि बयान गरे तापनि झुठो प्रमाणित हुन आएको छ । यसप्रकारबाट गैर नेपाली नागरिक अरुण कुमार अग्रवाललाई वंशजको नागरिकता दिलाउन प्र.अ. एकेश्वर रेग्मीको प्रत्यक्ष संलग्नता छ भन्ने कुराको पुष्टि हुन आयो ।

यस नागरिकता वितरण गरेको सम्बन्धमा प्र.जि.अ. को कतिसम्म संलग्नता छ भन्नेतर्फ विचार गर्दा ख.भूमलाल गिरीले मिति ०५१।६।१७ मा प्रमुख जिल्ला अधिकारी, कपिलवस्तुसमक्ष पेश गरेको स्पष्टीकरणमा "फांटबाट प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने, वहांले प्र.जि.अ. कहां पेश गरी निर्णय सदर भएपछि नागरिकताको प्रमाण पत्र तयार गर्ने प्रचलन रहेको छ । उक्त दिनको निर्णय पुस्तिकामा अरुण कुमारको लेख्न बांकी भएकोले लेख्ने कुरो भएको छ लेख्नु होस् भनि प्रशासकिय अधिकृत एकेश्वर रेग्मीले भनेकोले वहांले लाए अह्राए अनुसार लेखेको हो सोही बमोजिम मैले प्रशासकिय अधिकृतज्यूसमक्ष पेश गरेको हो । वहांले प्र.जि.अ.ज्यूले सदर गरेको नागरिकता बनाउनु होस् भनेकोले आदेश र निर्णय अनुसार नागरिकताको प्रमाण पत्र तयार गरेको हो" भन्ने उल्लेख भएको देखिन्छ । उक्त स्पष्टीकरणबाट उक्त निर्णय पुस्तिकामा ख.भूमलालले नागरिकता पाउनेहरुको लिष्टमा ११ नं पछाडी १२ नं. थप गरी अरुण कुमार अग्रवालको नाउं थप गरेको स्वीकारी सकेको देखिन आएको र थप गरेको नाममा प्र.जि.अ.हरुको टिप्पणी प्र.अ.बाट पेश भई प्र.जि.अ. युवराज शर्माबाट सदर भएको कुरा प्रस्तुत मिसिलमा भएको कारवाईबाट देखिन आएको छ ।

साधारणतया टिप्पणी पेश गर्नेले टिप्पणीमा थपघट वा केरमेट भएकोमा सही गर्ने चलन रहेको, सोही बमोजिम प्रस्तुत नागरिकताको ०४९।२।२५ को टिप्पणी पेश गर्ने ख.भूमलाल गिरी र थपेकोमा छोटो सही गर्ने प्र.अ.एकेश्वर रेग्मी र सदर गर्ने प्र.जि.अ. युवराज शर्मा भएको देखिंदा प्र.जि.अ.समेतको मिलोमतोबाट उक्त व्यक्तिलाई नागरिकता दिलाउनमा संलग्नता रहेको पुष्टि हुन आउंछ ।

प्र.जि.अ. युवराज शर्माले "मलाई थाहा छैन। म छंदा कुरा उठेना थाहा भएको भए यस सम्बन्धमा म आफैले अनुसन्धान गर्ने थिएं" भन्ने जिकिर बयानमा उल्लेख गरे तापनि नागरिकता वितरण घटना ०४९।२।३० मा भएको छ जबकि निज आफ्नो कार्यालयमा ०४९ माघसम्म कार्यरत रहेको निजकै बयानबाट देखिन आएको छ । अरुण कुमार अग्रवालले नागरिकता लिएको दिनमा प्र.जि.अ., प्र.अ. तथा ख. भूमलाल गिरी तिनै जना उपस्थित रहेको देखिन्छ । अरुण कुमार जस्तो गैर नागरिकले सो कार्यालयबाट गैर कानूनी रुपमा वंशजको नागरिकता लैजानु र लगेको छ महिनासम्म "मलाई थाहा भएन,तहां हुंदा कुनै कुरा उठेन थाहा भएको भए मैलेनै अनसन्धान गरी तथ्य कुरा पत्ता लगाउने थिएं" भन्ने गरिएको इन्कारी विश्वसनीय नभई झूटो प्रतीत हुन्छ ।

नागरिकता वितरण फोटो अभिलेखको सि.नं. २३१९ बाट अरुण कुमारको नाउंमा वंशजको नागरिकता वितरण भएको छ भने सोही सि.नं. बाट अरुण कुमारको फोटो रहेको पानाको दोश्रो पट्टि लगत्तै मिति ०४९।२।३२ मा बलबहादुर मल्ल ,गुल्मीको एउटै सि.नं. २३१९ को दुईवटा नम्बर भएबाट उक्त कार्यालयबाट दुईवटा नागरिकता प्रदान गरिएकोमा प्र.जि.अ. आफैले सही गरी

नागरिकता वितरण गरेको देखिन्छ । यसप्रकार सि.नं. २३१९ को नम्बरबाट उक्त कार्यालयबाट दुईवटा नागरिकता प्रदान गरिएकोमा प्र.जि.अ. ले आफू अनभिज्ञ रहेको देखाए तापनि एउटै पानाको अगाडी पछाडी सि.नं. नमिलेको र फोटो उल्टो टांसिएकोमा आफ्नै अगाडी भएको मिसिल हेरी भिडाई सि.नं.मिलाई नागरिकता दिनु पर्नेमा सो भए गरेको नदेखिंदा बिचमा कसैले थपेको भन्ने कुरा तर्क संगत देखिन आउदैन ।

अर्को मुख्य बुंदामा प्रस्तुत फोटो अभिलेख अध्ययन गर्दा प्राय जसो सबै व्यक्तिहरुको सही गराएर नागरिकताको प्रमाण पत्र वितरण हुने गरेको तर सि.नं. २३१९ को अरुण कुमार अग्रवालको नागरिकता हेर्दा त्यसमा न त ल्याप्चे सही नै छ न त हस्ताक्षर सही नै राम्ररी गरिएको छ । अरुण कुमार भन्ने व्यक्ति अन्तरराष्ट्रिय स्तरको अपराधी भएको र भारतमा वल्लु श्रीवास्तवसमेत अन्य विभिन्न नाउंबाट चर्चित कुख्यात रुपमा अपराध गर्ने व्यक्ति भएको हुंदा उसले गरेको अपराध छिपाउन आफै नआई अरु कसैबाट सही गराई नागरिकता लिएको कुरा फोटो रजिष्टर्डमा भएको हस्ताक्षर सहीसंग नागरिकताको फोटोकपीमा भएको सही मेल नखाएको देखिंदा उक्त फोटो अभिलेखमा निजको सक्कली हस्ताक्षर सही नभएको र प्रचलन अनुसार ल्याप्चे सही नगराई नागरिकता दिएको कुरा पुष्टि हुन आयो । यसबाट नागरिकता फांटमा कार्यरत प्र.जि.अ., प्र.अ. तथा भूमलाल गिरीको सलग्नता नभई अरुण कुमार अग्रवालले नागरिकता लैजान सक्ने सम्भावना नरहेको देखिदा निजहरुको मिलोमतो रहेको कुरा इन्कारी गर्न सकिने अवस्था रहन आएन ।

प्र.जि.अ. ले आफ्नो बयानको दफा ८ मा "नागरिकता टोलीले अस्थायी निस्सा दिएका व्यक्तिहरुलाई मात्र प्रशासकीय अधिकृतले नागरिकता दिने गर्छ । बाबुको नागरिकता नभएको अस्थायी निस्सा नभएको व्यक्तिहरुलाई निवेदन,सर्जमिन,जनप्रतिनिधिको सिफारीश समेतको आधारमा छानविन गरी नागरिकता कार्डमा प्र.जि.अ.ले नै सही गरी दिनु पर्छ । प्रस्तुत नागरिकता सम्बन्धमा मेरो सही नभएकोले मेरो संलग्नता नभएको" भन्ने बयानमा उल्लेख गरे तापनि ख.भूमलाल गिरीले "अरुण कुमारको लेख्न बांकी भएकोले लेख्ने कुरो भएको छ लेख्नु होस्" भनि प्रशासकीय अधिकृतले भनेको साथै गा.वि.स.को सर्जमिन आदि भएको भन्ने जिकिर लिएको देखिन्छ । तर उक्त नागरिकताको लागि चाहिने सबै कागजात गायव गराएको फायलसाथ समावेश कागजातहरुबाट देखिन आएको र खरिदारको उक्त भनाईबाट प्र.अ. एकेश्वर रेग्मी तथा प्र.जि.अ. युवराज शर्माबिच कुरो भई भूमलाल समेतको मिलोमतोबाटै नागरिकता बनाएको प्रष्ट देखिन्छ ।

वंशजको नागरिकता प्राप्त गर्न आवश्यक पर्ने बाबु, आमा वा परिवारका सदस्यमा अन्य कसैको नागरिकताको प्रमाणपत्र, अचल जग्गाजमिन र सोको प्रमाणसमेत केही नभएको र नागरिकताको अनुसूचीसाथ पेश भएका सबै प्रमाण गायव गराएकोबाट पनि निज प्र.जि.अ. समेत कै मिलेमतोबाट गैर कानूनी तथा बदनियतपूर्ण तरिकाले गैर नेपाली नागरिकलाई लाभ पुऱ्याउने उद्देश्य लिई नेपालको कानून जानी जानी पालना नगरेको देखिन आयो ।

प्र.जि.अ. को बयानको प्रकरण ७ मा निर्णय पुस्तिकामा नाम थप भएको कुरा जानकारी नभएको, यदि थप गरिएको भए मेरो सही हुनु पर्ने थियो भन्ने निजको भनाई तर्फ विचार गर्दा उक्त नागरिकता निर्णय पुस्तिका अध्ययन गर्दा सबै पेश भएको टिप्पणीहरु मध्ये कतिपय निर्णयहरुमा थपघट र केरमेट गरिएकोमा निज प्र.जि.अ.को सही नभई पेश गर्ने प्र.अ. एकेश्वर रेग्मी र ख.भूमलालको मात्र सही भएको देखिन्छ र सो निर्णय प्र.जि.अ. ले सदर गरेको पाइएको छ । उदाहरणको लागि निर्णय नम्बर ४४९ को सि.नं. ४, ४२९ को, सि.नं. ६, ३९९ को सि.नं. ५, ५०८ को, सि.न. ४, ५०६ को सि.नं. ८, ४९२ को सि.नं. ९ तथा नि.नं. ४९१ को सि.नं. ६आदि । यसबाट प्र.जि.अ. को भनाई अनुरुप केरमेट र थपमा निजको सही हुने थियो भन्ने कुरा सत्य प्रतीत हुन आएन ।

नागरिकता दिंदा नागरिकता टोलीमा नाम दर्ता भएको र बाबु तथा दाजुले नागरिकता पाएको प्रमाणहरुको आधारमा मात्र प्र.जि.अ.ले प्रशासकिय अधिकृतलाई अधिकार प्रत्योजन गरेको तर सो बाहेकको अधिकार प्र.जि.अ. लाई नै हुंदा नागरिकता दिएको मौकैमा जानकारी भएपछि सोको जिम्मेवारी निजकै हुने हुंदा निजको संलग्नता थियो भन्ने पुष्टि हुन आउंछ ।

श्री ५ को सरकार, मन्त्रीस्तरीय मिति २०५२।१।१४ तथा ०५२।२।४ को निर्णयानुसार समेत गैर कानूनी कृयाकलापबाट दिइएको वंशजको नागरिकता रद्द गरी संलग्न पदाधिकारी प्र.जि.अ. युवराज शर्मा तथा प्र.अ. एकेश्वर रेग्मीलाई कारवाई गर्न ठहर भइसकेको प्राप्त फायल साथ रहेको टिप्पणीबाट देखिन आएको तथा उपरोक्त व्यहोराहरुबाट प्र.जि.अ. समेत तीनै जनाको संलग्नता भएको पुष्टि हुन आयो ।

अन्तमा उपरोक्त प्रमाणहरुबाट फोटो अभिलेखमा भएको दस्तखत निज प्र. अ. एकेश्वर रेग्मीको प्रमाणित भएको, ख.भूमलालको स्पष्टिकरण र हाल आयोगमा आई प्र.अ. ले नागरिकता फोटो अभिलेख रहेको अरुण कुमारको फोटोमा सही गरेको छैन भनी इन्कार गरे पनि सो निजैको दस्तखत प्रमाणित भएको र नागरिकतामा पनि निजको सही भएको देखिएको र प्र.जि.अ.ले आयोग समक्ष कसूरमा इन्कार गरेको भए पनि निजको सम्बन्धमा उपरोक्त प्रमाणहरुबाट निजले पेश गरेको टिप्पणी सदर गरी नागरिकता दिने निर्णय गरेको कुरालाई प्र.अ. संग मिलोमतो गरी अरु कसैबाट किर्ते भएको भन्ने पारी परिपन्च मिलाई नागरिकता दिने निर्णय गरी त्यसको ५ दिन पछि नागरिकता दिएको देखिंदा अरु कसैबाट किर्ते भए गरेको हो भन्ने प्रपन्च पर्ने मनसायबाट प्रेरित भई सोही उद्देश्य अनुरुप अनुसूची लगायत सबै कागजात रेकर्डहरु गायव गराई मिलोमतोबाटै इन्कारी बयान गरे तापनि सह अभियुक्त खरिदार भूमलाल गिरीको स्पष्टिकरण बमोजिम प्रस्तुत गरेको नागरिकता तीनै जनाको संलग्नताबाट नै गैर नागरिक अरुण कुमार अग्रवाललाई बदनियतपूर्ण तरिकाबाट गैर कानूनी किसिमले वंशजको नागरिकता उपलब्ध गराउन नेपालको कानून जानी जानी पालना नगरेको प्रमाणित हुन आयो ।

गृह मन्त्रालयबाट अरुण कुमार अग्रवालले झुठा विवरण पेश गरी वंशजको नेपाली नागरिकता लिएको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट गरिएको अनुसन्धानको नतीजाबाट अरुण कुमार अग्रवाल नेपाल नागरिकता ऐन, २०२० बमोजिम कुनै पनि हालतमा वंशजको नाताले नेपालको नागरिकता पाउन सक्ने व्यक्ति भएको देखिन नआएकोले निर्णय नं. १२।४०७ बाट प्राप्त वंशजको नागरिकता नागरिकता ऐन, २०२० को दफा १० बमोजिम रद्द गरी सक्कल नागरिकता निजसंग नै रहेको हुंदा सोको दुरुपयोग हुन नदिन परराष्ट्र मन्त्रालय, भूमिसुधार मन्त्रालय तथा नेपाल राष्ट्र बैंकमा नागरिकताको प्रमाण पत्रलाई मान्यता नदिने भनि मिति २०५२।१।१४ मा र स.मु.ऐन अन्तरगत संलग्न व्यक्तिउपर मुद्दा चलाउने निर्णय भई सकेकोले प्र.जि.अ. युवराज शर्मा तथा शा.अ. एकेश्वर रेग्मीउपर कारवाईको लागि अ.दु.अ. आयोग र विशेष प्रहरी विभागमा पठाउने भनि मिति ०५२।२।४मा निर्णय भएको देखियो ।

यस प्रकार मिति २०५२।१।१४ मा नै निर्णय भई रद्द भई सकेको नागरिकता गृह मन्त्रालयका तत्कालीन उप सचिव, हाल प्र.जि.अ. बालकृष्ण प्रसाई जुम्लाले २०५२।१।२१ मा पुनः निम्न अनुसारको कबूलियत गराई नागरिकता फिर्ता गरेको देखिन आयो :

कबूलियतनामा

"श्री अरुण कुमार अग्रवालले जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट मिति ०४९।२।३० मा वंशजको नाताले लिएको ना.प्र.न.सं.१२।४०७ को नेपालको नागरिकताको प्रमाण पत्र मेरो जिम्मा रहेको छ । निजको सो नागरिकता आवश्यक परेको बखत बुझाउने छु भनि यो कबूलियतनामा गरेको छु ।"

बसन्त राणा, दोस्ती होटल,
गोंगबु, स्थायी ठेगाना
सि..न.पा.वार्ड.नं.९
बर्मेली टोल ।

निज बसन्त राणा को हो र रद्द भई सकेको नागरिकता असम्बन्धित व्यक्तिलाई किन दिइयो ? भनि बालकृष्ण प्रसाईलाई सोधनी गर्दा म उसलाई चिन्दिन आफूभन्दा ठूलो हाकिमको आदेश पालना गर्नु मेरो कर्तव्य हो भनि निम्न कुरा उल्लेख गरी बयान गरेको :

(क) अरुण कुमार अग्रवालको नाममा जि.प्र.का.,कपिलवस्तुबाट जारी भएको नागरिकता प्रमाण पत्र तत्कालीन गृह सचिवबाटआफूले प्राप्त गरेको र निजको मौखिक आदेश बमोजिम कबूलियतनामा गराई २०५२।१।२९ मा दोस्ती होटल,गोंगबु बालाजुका बसन्त राणालाई बुझाएको ।

(ख) अरुण कुमार अग्रवालको उक्त नागरिकता प्रमाण पत्र प्रतिलिपी नागरिकता भएको र मन्त्रालयमा सो नागरिकता उपलब्ध नभएको ।

यस सम्बन्धमा सचिव रेवतीरमण पोखरेलसंग सोधनी गर्दा अरुण कुमार अग्रवालले कीर्ते गरी लिएको नागरिकता रद्द गरिसकेको, मैले नागरिकता देखेको र दिएको छैन म बसन्त राणालाई चिन्दिन ,मैले नागरिकता फिर्ता गर्न उपसचिवलाई भनेको पनि छैन र उ.स.ले बयान गरेको उक्त कुरा झूठो हो भनी उल्लेख गरेको छ ।

उपरोक्त कथनलाई मनन गर्दा नागरिकता फिर्ता दिएको कुनै ठूलो अपराध होइन, तथापि मन्त्रालयले नै रद्द गरी सबै ठाउंमा परिपत्र गरी सकेको अरुण कुमार जस्तो कुख्यात अन्तरराष्ट्रिय अपराधीको नागरिकता चाहे प्रतिलिपी होस् वा सक्कल वा फाइल साथ समावेश कुनै पनि सम्बन्धित कागजात पुनः बसन्त राणा जस्तो व्यक्तिलाई दिन वा कसैलाई पनि विना कुनै ठोस आधार दिई सरकारी प्रकरणका कागजात गायव गराएको अनुचित कार्य भने भए गरेको अवश्य नै देखिन्छ ।

तसर्थ उपरोक्त विवरणहरुको आधारबाट तत्कालिन प्र.जि.अ. युवराज शर्मा, प्र.अ. एकेश्वर रेग्मी र फांटवाला ख.भूमलाल गिरी (हालै अवकाश प्राप्त)लाई अरुण कुमार अग्रवाल जस्तो गैर नागरिक व्यक्तिलाई गैर कानूनी किसिमबाट वंशजको नागरिकता दिलाई लाभ पुऱ्याउने बदनियत लिई नेपाल कानून जानीजानी पालना नगरेकोले भ्रष्टाचार ऐन, २०१७ को दफा ७(१) को कसूर गरेकोले ऐ ऐ अनुसारको सजाय गर्न सम्बन्धित पुनरावेदन अदालत समक्ष अभियोग पत्र दायर गरिएको ।

उ.स. बालकृष्ण प्रसाईको हकमा निजामति सेवा ऐन, २०४९ दफा ६० (घ) अनुसारको कार्य गरेको देखिएको तर प्रतिकूल असर पर्ने व्यक्तिले उजूरी नदिएकोले आयोगबाट अनुचिततर्फ कारवाई गर्न नमिल्ने हुंदा नि.से.नि. २०४९ को दफा ५९ (क) अनुसारको विभागीय कारवाई गर्न गृह मन्त्रालयलाई लेखिएको ।

गृह मन्त्रालयको मिति २०५२।१।१४ र ०५२।२।४ को निर्णय अनुसार गैर नागरिक अरुण कुमार अग्रवालको नेपाली नागरिकता बदर गरी सो नागरिकता दिने दिलाउनेउपर मुद्दा चलाउने भन्ने निर्णय भई सकेकोमा मुद्दा नचलाई प्रस्तुत फायल यस आयोगमा प्राप्त हुन आएकोमा स.मु.ऐन अन्तर्गत नागरिकतामा सिफारिश गर्ने गा.वि.स. अध्यक्ष शिवदत्त चौधरी समेत संलग्न सबै व्यक्ति उपर आयोगको मिति २०५१।२।२५ का निर्णयानुसार आयोगको २०५१।२।२६ को पत्रबाट अनुरोध भई गएकोमा हालसम्म पनि मुद्दा चलाएको नदेखिंदा गृह मन्त्रालयको काम कर्तव्य प्रति ध्यानाकर्षण गराइएको ।

६. फछ्र्यौट भएका उजूरी निवेदनको विवरण :

६.१ प्रारम्भिक अनुसन्धानबाटै फछ्र्यौट :

१. आयोगको क्षेत्राधिकार भित्र नपरेको वा अख्तियारवाला समक्ष वा अन्य निकायबाटै कारवाई हुन लेखी पठाएको विवरण :

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये आयोगको अधिकार क्षेत्र बाहिरको भएकोले वा अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकाले त्यस्तो निकायहरुमा पठाइएको निवेदनहरुको संख्यागत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २

अन्य निकायमा कारवाईको लागि पठाईएको विवरण

क्रम संख्या	सम्बन्धित निकाय	उजूरी संख्या
१	अर्थ मन्त्रालय	२
२	आपूर्ति मन्त्रालय	७
३	उद्योग मन्त्रालय	४
४	कम्पनी रजिष्ट्रारको कार्यालय	२
५	काठमाडौं महानगरपालिका	१
६	गुठी संस्थान	५
७	गृह मन्त्रालय	३५
८	जलस्रोत मन्त्रालय	१
९	जिल्ला प्रशासन कार्यालयहरु	९९
१०	जिल्ला शिक्षा कार्यालय	१
११	नापी विभाग	१
१२	नेपाल खानेपानी संस्थान	२
१३	नेपाल राष्ट्र बैंक	१
१४	न्याय परिषद सचिवालय	२
१५	प्रहरी प्रधान कार्यालय	२
१६	वन तथा भू संरक्षण मन्त्रालय	४
१७	वन विभाग	२
१८	वाणिज्य मन्त्रालय	१
१९	विशेष प्रहरी विभाग	१००
२०	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	९
२१	महान्यायाधिवक्ताको कार्यालय	१
२२	महिला तथा समाज कल्याण मन्त्रालय	१
२३	मालपोत विभाग	२
२४	रक्षा मन्त्रालय	२
२५	राजस्व अनुसन्धान विभाग	४
२६	राष्ट्रिय अनुसन्धान विभाग	१
२७	राष्ट्रिय समाचार समिति	१
२८	लोक सेवा आयोग	३
२९	शिक्षा मन्त्रालय	६
३०	सुकुम्बासी समस्या समाधान आयोग	१
३१	स्थानीय विकास मन्त्रालय	१

३२	स्वास्थ्य मन्त्रालय	१
३३	स्वास्थ्य सेवा विभाग	१
	जम्मा	३०६

(तीनशय छ)

२. यस आ.व.को निवेदन लगत, फछ्र्यौट र बांकी विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

६.२ अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्र्यौट :

१. शिक्षा मन्त्रालय अन्तरगतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट सानोठिमी, राप्ती लगायतमा निर्माण हुने भवन निर्माणको सम्बन्धमा ठेकेदारहरुको पूर्व योग्यता निर्धारणमा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा कम्पनीमा नभएका प्राविधिकहरुको नाममा वायोडाटा बनाई डकुमेण्ट तयार गरी पेश गरेको, कम्पनी दर्ता गराउदै मास्दै ठगी गर्ने गरेको र मुख्यत अयोग्य ठेकेदारलाइ योग्य बनाई भ्रष्टाचार गरी प्रिक्वालिफिकेशनको डकुमेण्ट बनाएको भन्ने उजूरी भएकोले सो तर्फ हेर्दा पूर्व योग्यता निर्धारण समितिले स्वीकृत मूल्यांकन विधि अनुरुप योग्यताक्रम निर्धारण गर्दा सानोठिमीको लागि ६ वटा तथा राप्तीको लागि पनि ६ वटा कम्पनीहरु मात्र उत्तीर्ण हुने भएकोले २५ अंक सम्म ग्रेस प्रदान गरेर भए पनि बढी प्रतिस्पर्धा गराउने उद्देश्यले धेरै कम्पनीहरुलाई योग्यताक्रममा समावेश गर्ने नीति लिएको देखिन आएकोले पूर्व निर्धारित मूल्यांकन विधि(क्राइटेरिया) अनुसार मूल्यांकन नभए तापनि यसबाट हानी नोक्सानी पुग्न गएको भन्न सकने आधारहरु नदेखिएको ।

२. सूर्ति विकास कम्पनीबाट सूर्ति खरीद गर्दा धांधली गरेको भन्ने विषयमा अनुसन्धान हुंदा सूर्ति संकलन केन्द्रहरुबाट किनेको र कम्पनीले बिक्रिको लागि तयार गरेको सूर्तिको परिमाणमा स्वीकृत भएभन्दा बढी प्रतिशतले कमी भएको देखिए तापनि त्यस्तो कमी हुनामा सूर्ति निरीक्षण टोलीका अधिकृतहरुको मिलोमतो रहेको नभई वर्षा याममा सूर्ति संकलन भएको र अन्तरिम शासन कालमा कर्मचारी एवं मजदूरहरुको हडतालसमेत जस्ता विभिन्न आन्तरिक कारणहरुले गर्दा सूर्ति हिनामिना वा हानी नोक्सानी हुन गएको देखिएको हुंदा मन्त्रालयबाट भएको छानविन समेतबाट पनि यसमा कसै उपर यकिन गरी भ्रष्टाचारको आरोप स्थापित गर्न नसकिने, हाल कम्पनी लिक्विडेशनमा गईसकेको र तत्कालीन व्यवस्थापक एवं कर्मचारीहरुसमेत हाल बहालमा नरहेकोले कसै उपर केही गरिरहनु नपरेको र यस आयोगको ०५१।११।१० को पत्रले कम्पनीबाट पाउने सुविधा हाल नदिन अनुरोध गरे अनुसार सुविधा उपलव्ध नभएका अधिकृत कर्मचारीहरुको सुविधा उपलव्ध गराउन कुनै आपत्ति नभएकोले फुकुवा गरिदिन पत्र लेखी पठाइएको ।

३. जिल्ला विकास समितिको कार्यालय, नवलपरासीले पंजीकरण कार्यक्रम तर्फ सो जिल्लाका ७७ वटै गा.वि.स. को कार्यालयमा पंजीकरणसम्बन्धी कागजात राख्नको लागि दराज वा बाकस किन्न प्रति गा.वि.स. रु. ७००।०० को दरले निकासा भएको रकमबाट रु. ३००।०० जति पर्ने बाकसलाई रु. ७००।०० कै कोटेशन मिलाई खरीद गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा दुर्गम र पहाडी भेगका गा.वि.स.हरुमा पहिले आपूर्ति गर्ने उद्देश्यले शुरुमा ५६ थान र पछि २१ थान गरी जम्मा ७७ थान बाकस कोटेशन प्राप्त गरी खरीद गरेको र प्राप्त कोटेशनहरुमध्ये नियमानुसार सबै भन्दा सस्तो कोटेशन नै स्वीकृत गरी खरीद गरेको देखिएको हुंदा केही गरी रहन नपरेको ।

४. नुवाकोट जिल्ला चतुराले गा.वि.स.वडा नं. ६ को कि.नं. ५०७, ५०९ ५० र ऐ वडा नं .९ को कि.नं. ४७५, ४०६, ३९८ समेत गरी जम्मा १११२ -११-२ रोपनी जग्गा परापूर्व कालदेखि सरकारी वन जंगल भएकोमा काठमाडौं १७ क्षेत्रपाटी, ढल्को बस्ने ऋषि कुमार पाण्डेले आफ्नी श्रीमती गीतादेवीको नाउंमा दर्ता गराई सरकारी वन जंगल नाश गरेकोले श्री ५ को सरकारको स्वामित्वको वन जंगल जग्गा नास्ने मास्ने हिनामिना गर्ने गराउने भ्रष्टाचार गरेको हुंदा जग्गा दर्ताको लगत काटी सरकारी वन जंगल नै कायम गरी विगो बमोजिम सजाय समेत गरी पाउं भन्ने व्यहोराको उजूरी निवेदनउपर अनुसन्धान हुंदा यसमा ऋषि कुमार पाण्डेसमेत ५ जनाका नाउंमा जग्गा दर्ता गरे गराएको कार्यको अनुसन्धान कारवाईबाट ०३२।१०।१४ मा ऋषि कुमार,

पुरुषोत्तम कुमार पाण्डेका नाउंमा रैकर परिणत गरेको भनिएको लगतको जग्गा भनि जंगल कायम भएको नापी हुंदा जंगल जनिएको जग्गा दर्ता गराएकोमा जग्गा नाप जांच ऐन, २०१९ को दफा २(ड०) ले जंगल जग्गालाई स्पष्ट रुपमा सरकारी जग्गा भनि परिभाषित गरेको र मालपोत ऐनको दफा ३४(२) ले सरकारी वन क्षेत्रको जग्गा वन सिमाना नलगाएको भए तापनि वन भएको जग्गा चारैतिर वनले घेरिएको पर्ति तथा वेआवादी जग्गा कसैले दर्ता गराउन नहुने प्रतिबन्ध भएको जग्गा दर्ता भएको देखिएको हुंदा कानूनले सरकारी जग्गा भनी परिभाषित गरेको दर्ता गर्न नहुने जग्गा दर्ता गरेको देखियो । निजहरुका नाममा जग्गा दर्ता गर्दा प्रमाणमा लिइएको ऋषि कुमार, पुरुषोत्तम कुमारको २०३२ सालको रैकर परिणत लगतमा २६ – ४ – ० मात्र भएको जग्गाबाट ०३३ सालमा समेत दर्ता गराई सकेपछि मोही दर्ता लगतको भनी जंगल भएको ११११२ – ११ – ०– १ रोपनी जग्गा दर्ता गराएको कार्यलाई कानूनसम्मत, उचित र स्वाभाविक मान्न मिलेन ।

जग्गा दर्ता गर्दा साविक दर्ता जसको नाममा छ उसैका नाममा, निज परलोक भए हकवालाको नाममा वा साविक दर्तावालाले कानून बमोजिम लिखत गरि दिएको भए लिने वा निज नभए हकवालाको नाममा लिखतको आधारमा कानून बमोजिम दर्ता गर्नु पर्ने हुन्छ । ऋषि कुमारसमेत का नाउंमा दर्ता गर्दा २०३२ सालको रैकर परिणत लगतको जग्गा भनी दर्ता गराएको तर सो लगतको संयुक्त दर्तावाला पुरुषोत्तम कुमारको दावी नै नभएको ऋषि कुमारले २०३२ सालको दर्ताको केही जग्गा दर्ता भएको, दर्ता हुन छुट भएको कि.नं. ३०७, ३१७ को ४१ – १ – ० – ३ आफ्नो नाममा दर्ता गरी पाउं भनी मिति २०४०।२।५ मा निवेदन दिई त्यसपछि २०४१।११।४ मा कि.नं. १९५, २१७ को जग्गा दर्ता गर्न निवेदन दिएको तर ०४०।२।५ मा निवेदन दिंदा १९५, २१७ को सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरेको मिति २०४१।११।४ को निवेदनमा समेत पहिले दावी नगरेको कारण र आधार खुलाउन नसकेको, २०३२ सालको लगतभित्र को जग्गामा पुरुषोत्तमको हक सम्बन्धमा खुलाउनु देखाउनु पर्नेमा सो केही नगरी २०४३ पौष ११ मा हामी अंशियार समेतका नाउंमा दर्ता गरी पाउं भनि ऋषि कुमार निजका श्रीमती, छोरा छोरी ५ जना र अन्य ६ जना समेत ११ जनाले निवेदन पेश गरी विना आधार प्रमाण मिति २०४३।९।११ र २०४३।१०।१३ मा ऋषि कुमार, गीतादेवी, विजय कुमार, अनिता पाण्डे (बस्न्यात), विनिता पाण्डे समेत ५ जनाका नाउमा ११११२ – ११ – ० – १ कानून विपरित अनुचित किसिमले जग्गा दर्ता गरेको देखियो ।

ऋषि कुमार पाण्डेसमेत का नाउंमा भूमि सम्बन्धी ऐनले व्यवस्था गरेको हदबन्दी भन्दा बढी जग्गा दर्ता भएपछि सो कुराको सूचना भूमिसुधार कार्यालयलाई दिनु पर्नेमा मालपोत कार्यालयले सो सूचना नदिएको र ऋषि कुमारसमेत ले आफ्ना नाउंमा हदबन्दी भन्दा बढी जग्गा दर्ता भएपछि भूमि सम्बन्धी ऐनको दफा १६ बमोजिम फांटवारी पेश गर्नु पर्नेमा सो बमोजिम नगरी भूमि सम्बन्धी ऐनको दफा ७, १७ को विपरित गरी गीता फलोद्यानका नाउंमा हक हस्तान्तरण गरेको देखिंदा हदबन्दी छल्न कानूनबिपरित कार्य गरेको स्पष्ट हुन्छ ।

ऋषि कुमारसमेत ले माथि उल्लेख गरे बमोजिम गैह्र कानूनी, अनियमित र अनुचित किसिमले जग्गा दर्ता गरी हदबन्दी छल्न कानून बिपरित गीता फलोद्यानका नाउमा हक हस्तान्तरण गर्दा गीता फलोद्यानले पनि भूमि सम्बन्धी ऐनको दफा १० को अधिनमा रही दफा १२ बमोजिम हदबन्दी छूट गराई मात्र जग्गा प्राप्त गर्नु पर्नेमा सो बमोजिम नगरी ऐन विपरित जग्गा प्राप्त गरेपछि मिति ०४४।१०।४ मा मात्र हदबन्दी छूट गराएको कार्य कानून विपरित र अनुचित देखिन्छ ।

तसर्थ ऋषि कुमार पाण्डेसमेत का नाउंमा भएको जग्गा दर्ता तथा निजहरुले गीता फलोद्यानका नाउमा हक हस्तान्तरण गरेको कार्य अनुचित प्रमाणित भएकोले मालपोत ऐनको दफा ३४ (२) विपरित दर्ता भएको जग्गा सोही ऐनको दफा ३४(४) बमोजिम दर्ता बदरको कारवाई गर्न र निजहरुका नाउंमा दर्ता गरी निजहरुले गीता फलोद्यानका नाउमा हक हस्तान्तरण गरेको कार्य भूमि सम्बन्धी ऐन विपरीत भएको हुंदा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७, १३, १४, १५, १६ र १८ बमोजिम कारवाई गरी कारवाईको नतिजा यस आयोगलाई दिन भनी भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको र अनुचित कार्यमा संलग्न तत्कालीन वन नियन्त्रक माधव आचार्य, सहायक वन अधिकृत अरुणकुमार श्रीवास्तव, इलाका वन सहायक रामचन्द्र साह, ख. रत्नबहादुर ओझा, मालपोत अधिकृत प्रेमबहादुर खापुड०, ख. आनन्द मान श्रेष्ठलाई विभागीय कारवाईको निमित्त वन विभाग र मालपोत विभागलाई लेखिएको ।

५. जिल्ला वन कार्यालय, काठमाडौंका तत्कालीन वन अधिकृत (हाल क्षेत्रीय वन नियन्त्रक) जमुना कृष्ण ताम्राकारसमेत ले साल काठ गोलिया २५ थानको १३४–८–० क्यू.फि. र चिरान काठ ३३ थानको ४६–४–० क्यू. फि. लिलाम बढाबढ गर्ने निहुंपारी न्यूनतम मूल्य कायम गरी राजश्वमा हानी पुर्‍याएको भन्ने विषयको उजूरी निवेदनमा अनुसन्धान हुंदा यसमा उल्लेखित काठहरु २०५०।६।२५ गते लिलाम हुंदा १३४–८–० क्यू.फि. काठको बढी अंक कबोल गर्ने माधव खनाल र चिरान काठ ४६–२ –० को बढी अंक कबोल गर्ने प्रकाश

श्रेष्ठको नाममा लिलाम स्वीकृत भएको देखियो । यसमा राजश्वमा हानी पुर्‌याएको भन्ने तर्फ हेर्दा श्री ५ को सरकार (मं.प.) को मिति ०४९।४।५ को निर्णय अनुसार साल काठको रोयल्टी प्रति क्यू.फि. रु. २००।– तोकिएको र जिल्ला वन कार्यालय ,काठमाडौंले त्यसैलाई आधार मानी लिलाम बढाबढ गरेको र दुई वटै लिलामको औसत रु. २०५।– देखिएको। उपत्यका भित्र सालको काठ लिलाम बिक्री गर्दा विभिन्न साइजको औसत मूल्य के कति छ भनि टी.सि.एन.को केन्द्रीय कार्यालयसंग जानकारी माग्दा ज्ञानेश्वर डिपोको रु. ३८५।५९ , जावलाखेल डिपोको रु. ३९८।८३ रहेको भन्ने देखिएको र बजार भाउ बुझ्दा प्रचलित दर रेट ३"x ४" को दुर्गा फर्निचर उद्योग, कोटेश्वर र बनकाली फर्निचर उद्योग, धोवीखोला बानेश्वरको रु. १०२५।– रहेको र बागमती उड वर्क्स कोटेश्वरको रु. ९७५।– रहेको बुझिएको । सोही जिल्ला वन कार्यालयबाट २०५०।३।२७ गते साल काठ गोलिया थान २९ को ११६– ४१ क्यू.फि. काठ रु .४०,०००। मा र २०५०।३।३० मा १३५ थान तयारी चौकोसको हुने ६६.१९ क्यू.फि. काठ रु. ३६,५००। मा लिलाम भएको देखिंदा अहिले गरेको लिलाम बढाबढमा धेरै कममा लिलाम भयो कि भन्ने सम्बन्धमा श्री ५ को सरकारले न्यूनतम रोयल्टी रु. २००। मात्र तोकेको र त्यही आधारमा लिलाम गरेको हुंदा लिलाममा सरिक हुने सहभागिहरुले तत्कालीन स्थिति अवस्था अनुसार मूल्य बढाबढ गर्नु पर्ने हुनाले कम मूल्यमा लिलाम गरी राजश्वमा हानी पुर्‌याए भन्नु कानूनसम्मत देखिएन ।

साल काठ १३४–८–० क्यू. फि. र ४६–२–० क्यू.फि. काठ लिलाम गर्दा अन्य नजिकका कार्यालयको प्रतिनिधि रोहवरमा राखी लिलाम बढाबढ गर्नु पर्नेमा नगरेको सम्म त्रुटिपूर्ण देखिन आएकोले का.मु. क्षेत्रीय वन निर्देशक जमुनाकृष्ण ताम्राकार, लेखापाल भूषणबाबु श्रेष्ठ र मु. बिष्णुप्रसाद पराजुलीलाई सचेत गराउन वन तथा भू संरक्षण मन्त्रीज्यूलाई लेखि पठाइएको र श्री ५ को सरकारले तोकेको काठको रोयल्टीको दर वर्तमान बजार भाउको प्रचलित दरभन्दा तुलनात्मक हिसावबाट निकै न्यून देखिएकाले समानुपातिक हिसावबाट उचित देखिने गरी नीति नियममा आवश्यक व्यवस्था गर्न वन तथा भू संरक्षण मन्त्रालय मार्फत श्री ५ को सरकारलाई सुझाव दिइएको ।

६. राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभागका का.मु. महानिर्देशक समेतले गोही योजनाको निमित्त ५००० अमेरिकी डलर नक्कली बील भरपाई बनाई भ्रष्टाचार गरेको, विभिन्न सामान खरीदमा बील बढाएर रकम खाएको, आ.व. ०४८।४९ मा युनिफर्म कपडा खरीद गर्दा र हाल विभाग बसेको सरकारी भवनको तल्ला थपी निर्माण गर्दा भ्रष्टाचार गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

(१) महेन्द्र प्रकृति संरक्षण कोषबाट गोहीको अनुसन्धान गर्न भनी प्राप्त ५००० अमेरिकी डलर भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा खर्च गरेको फांटवारी महेन्द्र प्रकृति संरक्षण कोषमा बुझाएको र सोको लेखापरीक्षण समेत भई सकेको देखिन आएकोले यसमा भ्रष्टाचार गरेको भन्न सकिने अवस्था नरहेको हुंदा केही गरी रहन परेन ।

(२) कर्मचारीहरुलाई आ.व. ०४८।४९ मा वितरण गरिने युनिफर्म कपडा खरीद गर्दा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा वन तथा भू संरक्षण मन्त्रालयमा समेत उजूरी परी मन्त्रालयबाट कारवाइ हुंदा युनिफर्मको स्तर र अनियमितताको विषयमा यस किसिमको कार्य आइन्दा नदोहोरिने व्यवस्था अनिवार्य रुपले मिलाउन सचिव स्तरबाट निर्णय भई विभागलाई लेखी पठाएको र सोको जानकारी यस आयोगसमेत लाई दिएको हुंदा यसमा अरु कारवाई गरिरहन पर्ने देखिन आएन ।

(३) विभाग बसेको भवनमा तल्ला थप्ने कार्यमा भ्रष्टाचार गरेको भन्ने विषयमा यस आयोगबाट खटी गएको टोलीको स्थलगत निरीक्षण प्रतिवेदन र सो सम्बन्धी कागजात समेतको अध्ययनबाट आर्थिक प्रशासन सम्बन्धी नियमहरु अनुसार नै भए गरेको तथा अन्य माल सामान खरीद गरेको सम्बन्धमा महालेखा परीक्षणको विभागबाट लेखा परीक्षण प्रतिवेदनमा देखाए अनुसार सम्बन्धित निकायबाट कारवाई हुने नै हुंदा यसतर्फ समेत भ्रष्टाचार गरेको भन्न सकिने स्थिति रहे भएको देखिन नआएकोले केही गरिरहनु परेन ।

७. शाही नेपाल वायुसेवा निगमले यूरोपको लागि जनरल सेल्स एजेण्ट नियुक्ति गर्दा भ्रष्टाचार र अनियमित गरेको भन्ने विषयमा शाही नेपाल वायुसेवा निगमले यूरोपको लागि जि.एस.ए. नियुक्ति गरेको सम्बन्धी कारोवार, वोइड० ७२७ विमानहरुको बिक्री र वेट लिजमा लिएको एयर बस विमानसम्बन्ध मा उठेको अनियमितता वारेमा पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीश मीन बहादुर रायमाझीको अध्यक्षतामा गठित ३

सदस्यीय आयोगले श्री ५ को सरकारसमक्ष प्रस्तुत गरेको प्रतिवेदनसम्बन्ध मा आवश्यक कानूनी कारवाई तथा सम्बन्धित पक्षमाथि कानून बमोजिम गर्नको लागि प्रतिवेदनसहित यस आयोगमा पठाएको सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

<u>उजूरीको व्यहोरा</u>

उजूरवालाले मुख्यत निम्न कुरा उल्लेख गरेको छ :

(१) सामान्य तथा जनरल सेल्स एजेण्टले १२ प्रतिशत कमिशन पाउनेमा शा.ने.वा.नि.ले हार्टम्यान नामक जर्मन कम्पनीलाई ३० देखि ३५ प्रतिशत कमिशन दिने शर्त राखी आफ्नो आम्दानीको ६/७ करोड बढी कमिशन दिएको ।
(२) यस्तो गरी कमिशन दिलाउनेमा प्रमुख हात महाप्रवन्धक शेर बहादुर पाण्डेको भएको र निजले झुक्याएर एक्कासी निर्णय गराएको ।
(३) यूरोपभरी को लागि जि.एस.ए. नियुक्त गर्ने शा.ने.वा.नि. मात्र भएको ।
(४) जि.एस.ए. दिलाए वापत हार्ट म्यान कम्पनीबाट महाप्रवन्धक र निगमका मार्केटिङ० डाइरेक्टरले १ लाख डलर नजराना लिएको ।
(५) राष्ट्रिय तथा निगमको स्वार्थ विपरित संझौता गरी भ्रष्टाचार गरेको ।

श्री ५ को सरकारद्वारा गठित जांचबूझ आयोगको प्रतिवेदनमा युरोपको लागि जि.एस.ए. नियुक्ति सम्बन्धमा उल्लेखित ठहरको संक्षिप्त व्यहोरा :

१. जांचबूझको क्रममा बुझिएको तत्कालीन अध्यक्ष भुवनेश्वरप्रसाद दैवज्ञलगायत का अन्य व्यक्तिहरु समेतको भनाईमा २०४९।१२।२५ को विहान प्रधानमन्त्री निवास वालुवाटारमा सबै संचालकहरुलाई बोलाई पूर्व प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले फेयर लिमिटेडसंग को संझौताको कुरा चांडो टुंगो लगाउन निर्देशन दिएको र सोही अनुसार कार्य भएबाट निगमको संचालनको कार्यमा स्वतन्त्र र पूर्ण जिम्मेवार रहेका संचालक समितिका सदस्यहरुलाई कानूनी व्यवस्था विपरित निर्देशन दिने कार्यलाई कानूनसम्मत संझन नसकिने भएबाट संचालकहरुले स्वतन्त्रतापूर्वक शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ७(२) बमोजिम आफ्नो अधिकार र कर्तव्य पालन गर्ने कार्यमा आंच आउने गरी गरेको कार्यबाट पूर्व प्रधानमन्त्रीले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३(घ) अन्तरगत अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको भन्नु पर्ने हुन आयो ।

२. वार्षिक करीव रु. ५५,००,००,०००।०० बराबरको टिकट बिक्रीको लक्ष लिइएको यूरोपको लागि नियुक्त हुने जि.एस.ए.को कानूनी अस्तित्व योग्यता आदि केही बुझ्दै नबुझी फेयर लिमिटेडलाई एजेण्टमा नियुक्ती दिने भनी २०४९।११।२९ को बैठकबाट संचालक समितिका भुवनेश्वर प्रसाद दैवज्ञलगायत का पदाधिकारीसमेत ले निर्णय गरी यूरोपको लागि जि.एस.ए. नियुक्त गरेको कार्यबाट निगमको हितलाई मध्यनजर राखेको नदेखिदा यसबाट आफ्नो कानूनी कर्तव्य पालना गरेको नदेखिएकोले उक्त संचालक समितिका अध्यक्षलगायत सदस्यहरुले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको देखिन्छ ।

३. संझौताको व्यवस्था बमोजिम उपलव्ध गराईएका टिकटहरु उद्देश्य प्राप्तिमा प्रयोग भयो, भएन सोको मूल्यांकन गरी पटक पटक टिकट मात्र उपलव्ध गराउने कार्य गरेको देखिंदा महाप्रवन्धक प्रदीपराज पाण्डे र निर्देशक मोहन प्रसाद खनालले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको देखिन आयो ।

४. संचालक समितिको मिति २०४९।१२।२५ को बैठकले कम्पनीसग आवश्यक छलफल गरी अनुसूची सम्बन्धमा निगमको हितमा टुंगो लगाउन संचालक समितिको तर्फबाट कार्यकारी अध्यक्षलाई अधिकार प्रत्यायोजन गरेकोमा निजले आफूले गर्नु पर्ने जिम्मेवारी पूरा नगरी आफ्नो पदीय मर्यादा विपरित प्राप्त अधिकार प्रति पूर्णत वेवास्ता गरी अधिकारको प्रत्यायोजनको सिद्धान्त विपरित नायव महाप्रवन्धकले सो संझौताको सीमा उल्लंघन गरी अनुसूची तयार गरी हस्ताक्षर गर्ने तत्कालीन नायव महाप्रवन्धक प्रदीपराज पाण्डे

र मार्केटिङ० विभागका निर्देशक मोहन प्रसाद खनालले अ.दु.अ.आ. ऐन, २०४८ को दफा ३(ग) बमोजिम अनुचित कार्य गरेको ।

५. निगम र फेयर लि.बीच ३१ मार्च, १९९३ मा भएको सम्झौता र सम्झौताको अभिन्न अंग अनुसूचीको दफाले उल्लेख नगरेको ९ प्रतिशत नर्मल कमिशन फेयर लि.लाई दिएकोले यसबाट निगमलाई हानी र उक्त कम्पनीलाई फाइदा पुग्न जाने कार्य गर्ने गराउने भुवनेश्वरप्रसाद दैवज्ञ, प्रदीपराज पाण्डे, उपेन्द्रप्रसाद उपाध्याय, रविन प्रधान समेतले बदनियतपूर्वक कार्य गरेको देखिएको र सो कार्यबाट निगमलाई ने.रु. ९४,५५,०५०।०० बराबर हानी नोक्सानी भएको देखिन आएकोले निजहरुले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम कसूर जनित कार्य गरेको ।

६. मूल संझौताको विरुद्ध ३ प्रतिशत ओभरराइड कमिशन दिने व्यवस्था सम्बन्धमा सझौता गरी नयां व्यवस्था समावेश गर्ने अधिकार नभएकोमा सोको व्यवस्था गरेको र सो कुरा संचालक समितिबाट अनुमोदन भएको नदेखिएको स्थितिमा यसलाई अनाधिकार भन्नु पर्ने हुंदा उक्त ३ प्रतिशत ओभरराइड कमिशन फेयर लि.कम्पनीलाई भुक्तानी दिंदा निगमलाई हानी पुग्न जान्छ भन्ने कुरा प्रति वेवास्ता गरेकोले सो कार्यमा संलग्न तत्कालीन महाप्रवन्धक प्रदीपराज पाण्डे, निर्देशक उपेन्द्रप्रसाद उपाध्याय, उपनिर्देशक रामराज उपाध्याय, उपनिर्देशक रविन प्रधान समेतले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम कसूरजनित काम कारवाई भएको ।

आयोगद्वारा झिकाइएका कागजात एवं उक्त जांचबूझ आयोगको प्रतिवेदनमा उल्लेख गरिएको व्यहोरा समेतको आधारमा देखिन आएका तथ्यगत कुराहरु :

सर्वप्रथम यस आयोगमा हार्टम्यान नामक जर्मन कम्पनीलाई जनरल सेल्स एजेण्ट नियुक्त गरी अनियमितता एवं भ्रष्टाचारमा कारवाई गरी पाउं भन्ने सम्बन्धमा पर्न आएको उजूरी सम्बन्धमा आयोगमा प्राप्त भएका कागजात समेतको अध्ययन र मूल्यांकन गर्दा निम्न कुरा देखिन आयो :

सम्पूर्ण यूरोपको लागि छुट्टा छुट्टै जनरल सेल्स एजेण्ट नियुक्ति गर्नु भन्दा एउटै नियुक्ति गरी त्यसलाई निगमको तर्फबाट केही अधिकार दिई निगमको कार्यसमेत गर्ने गराउने सम्बन्धमा विभिन्न मितिमा बसेको सन्चालक समितिको बैठकमा पटक पटक छलफल गरी जर्मन कम्पनी हार्टम्यान सम्बन्धमा अध्ययन गराई सो सबैको आधारमा उक्त कम्पनीलाइ यूरोपको लागि जनरल सेल्स एजेन्ट नियुक्ती गर्ने वारे निर्णय गरेको र सो अनुसार संझौता भए तापनि उक्त कम्पनी आई. ए. टि. ए.को सदस्य भएकोले संझौता भएको देखिएन । कार्यान्वयन नभएको उक्त संझौतामा चलन चल्तिको कमिशनको अतिरिक्त थप कार्य गरे बापत केही थप रकम समेत दिनु पर्ने व्यवस्था गरेको देखिएको र कार्यान्वयनसमेत नभएको संझौताको सम्बन्धमा थप कुरा उल्लेख गरी रहनु पर्ने स्थिति नरहेको । यसमा संचालक समितिले निगमको हित नचिताई अन्यथा गरेको र यसबाट भ्रष्टाचार भएको भन्ने सम्बन्धमा त्यस्तो भए गरेको नदेखिएको अवस्थामा कारवाई गरी पाउं भन्ने उजूरी दावी मनासिव देखी कारवाई गरी रहनु पर्ने अवस्था देखिन आउदैन ।

यसै जरियासमेत को आधारमा प्राप्त कागजात एवं श्री ५ को सरकारद्वारा गठित जाचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित शाही नेपाल वायुसेवा निगमले बेलायतको कानून अनुसार दर्ता भएको फेयर लिमिटेड कम्पनीलाई यूरोपको लागि जि.एस.ए. नियुक्ति गरेको सन्दर्भमा प्राप्त कागजात एवं उक्त आयोगको प्रतिवेदनमा उल्लेख गरिएको विभिन्न व्यक्तिको बयान, विवरण एवं व्यहोरा समेतलाई मध्यनजर राखी सोको अध्ययन मनन समेतको आधारमा हेर्दा यस सम्बन्धमा देहायको कुरा देखिन आयो :

शाही नेपाल वायुसेवा निगमको संचालक समितिले यूरोपको लागि छुट्टा छुट्टै जि.एस.ए. नियुक्ति गर्नु भन्दा एउटैलाई नियुक्ति गर्दा कार्य गर्न गराउन सजिलो हुने र कर्मचारीलाई दिनु पर्ने रकममा पनि कटौती भई मितव्ययिता हुन जाने कुरालाई मध्यनजर राखी पटक पटकको छलफल र खटाई पठाएको टोलीले दिएको जानकारीसमेत को आधारमा जर्मन कम्पनी हार्टम्यानलाई जनरल सेल्स एजेण्ट नियुक्ति गरेको तर सो कार्यान्वयन हुन नसकेकोबाट उक्त कम्पनी समेतको सिफारिश भएको बेलायतको फेयर लि.कम्पनीलाई उक्त जि.एस.ए.दिने र हार्टम्यान संग भएको संझौताको शर्त अनुसार गर्ने निर्णय मुताविक गर्ने निर्णय जि.एस.ए.डाविन ट्राभल्स (जस्को डाइरेक्टर हालको फेयर लि.को पनि डाइरेक्टर भएको) जो सन १९८७ देखिनै निगमको एजेण्ट भै कार्य गरिरहेको देखिन्छ ।

यसमा फेयर लिमिटेड कम्पनी बेलायतको कानून अनुसार विधिवत् दर्ता भएको र चुक्ता पूंजी जति भए पनि कानूनत यसलाई सो भन्दा बढीको कारोवार गर्ने अधिकार भएको देखिन्छ। उक्त कम्पनी संभौता हुनुभन्दा पहिले दर्ता भएको कुरा प्राप्त दर्ता प्रमाण पत्रबाट देखिन आउंछ। हार्टम्यानसंग भएको संभौतामा पनि चलन चल्तीको कमिशनको अतिरिक्त थप कार्य गरे वापत अतिरिक्त पारिश्रमिक दिनु पर्ने कुरा उल्लेख गरेकोले फेयरसंग भएको संभौता पूर्व हार्टम्यानसंग भएको संभौताको विपरित गरेको भन्नेकुरा प्रष्टतया देखिन आउदैन।

जहांसम्म प्रचलित व्यवस्था अनुसार नगरी बढी कमिशन र सुविधा दियो भन्ने कुरा छ, त्यस तर्फ हेर्दा यही नै प्रचलित दर रेट हो भन्ने कुरा विगतमा नियुक्त गरेका विभिन्न जि.एस.ए.संग गरेको संभौतामा पनि भिन्न भिन्न रेट र सुविधा उपलब्ध गराईएको र कमिशनको दर तोक्दा बिक्री गरेको रकमलाई आधार बनाईएको देखिन्छ। उक्त फेयर कम्पनीलाई पनि कमिशनको आधार बिक्री गरेको रकमलाई बनाइएको देखिन्छ। जति बढी बिक्री गर्‌यो, त्यति बढी रकम कमिशन दिने व्यवस्थालाई अनुपयुक्त भन्न मिल्ने देखिदैन। अर्कोतर्फ विगतका जि.एस.ए. एउटा वा केही देशको लागि मात्र भएको तर यो सम्पूर्ण यूरोपको लागि भएकोले यसले गर्ने काम पनि अन्यले भन्दा भिन्न एवं थप पनि भएको देखिएका अवस्थामा यसलाई दिने कमिशन र सुविधामा पनि स्वाभाविक रुपले फरक एवं बढी हुनु कुनै त्रुटि नै हो र यो कानूनको उल्लंघन भयो भनेर भन्न मिल्ने देखिदैन। बढी पेसेन्जर टिकट उपलब्ध गराएको भन्ने कुरा पनि स्वभावत बढी देशको लागि जि.एस.ए. नियुक्ती भएको एवं प्रचार प्रसार समेतको कार्य गर्न लगाएपछि सो उपलब्ध टिकटहरु विगतमा पनि उपलब्ध गराईएको र केही बढी मात्र दिने व्यवस्था भएको अवस्थामा यसलाई अन्यथा भनी उल्लेख गर्न सक्ने खास आधारको अभाव देखिन्छ। संभौता गर्नु भन्दा पहिले साविक डाविन ट्राभल्ससंगको वक्यौता फछ्यौंट नगरेको भन्ने तर्फ हेर्दा एकातिर हिसाव यकिन हुन केही समयलाग्ने भन्ने देखिएको छ भने अर्कातर्फ टुरिष्ट पीक सिजन आउन लागेकाले समयमा संभौता नगर्दा निगमलाई असर पर्ने भन्ने भएकोले सो वक्यौताको टुंगो नलगाई संभौता गरेको भए तापनि त्यसको लगतै हिसाव फछ्यौंट भैसकेको देखिन्छ। साथै संभौताको समर्थन संचालक समितिले गरी सकेबाट पनि यो कार्यलाई अन्यथा भन्नु पर्ने देखिन आउदैन।

संचालक समितिले आफूले गर्नु पर्ने जिम्मेवारी पन्छाई एनेक्सचर तयार गर्न अध्यक्षलाई जिम्मा दिएको र अध्यक्षबाट पनि उक्त कार्य गर्न नायव महाप्रवन्धकलाई अह्राएकोबाट अधिकार प्रत्यायोजनको सिद्धान्त र शाही नेपाल वायुसेवा निगम ऐनको विपरित भयो भन्ने तर्फ हेर्दा शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार संचालक समितिले महाप्रवन्धक वा उपसमिति वा निगमका अरु पदाधिकारीले आफैले वा तिनबाट आफू मुनिका पदाधिकारीलाई सुम्पी पालन तथा प्रयोग गर्ने गराउने गरी सुम्पन सक्नेछ भनि अधिकार प्रत्यायोजनको सम्बन्धमा प्रष्ट उल्लेख गरेकोले ऐन विपरित भयो भन्ने कुरालाई वर्तमान कानूनी व्यवस्थाले सहयोग गर्ने देखिएन।

तत्कालीन अध्यक्ष समेतको सहमती र संचालक समितिले यसवारे आफ्नो असहमती देखाएको वा व्यक्त नगरेको अवस्थामा उक्त एनेक्सचरलाई सही गर्ने व्यक्तिको मात्र जिम्मेवारी भनी निजहरुलाई मात्र कसुरदार मानिनु कानूनी एवं न्यायको दृष्टिले सर्वथा उचित हुन आउदैन।

फेयर लि. लाई शा.ने.वा.नि. को युरोपको लागि जि.एस.ए. नियुक्ति गर्न र फेयर लि.संग संभौता गर्न पूर्व प्रधानमन्त्रीले कुनै निर्देशन दिएको देखिदैन। अनुसूचीमा यो यस्तो शर्त राख्न वा सुविधा दिनू भन्ने निर्देशन दिएका थियो भन्ने कसैको भनाइ पनि छैन। यूरोपको लागि फेयर लि.लाई जि.एस.नियुक्ति गरी संभौता समेत भइसकेपछि अनुसूची तयार गर्ने कुरामा ढीलाई भएको जानकारी प्राप्त भएपछि पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पर्यटन तथा नागरिक उड्डयन मन्त्री, सचिव, कार्यकारी अध्यक्ष, महाप्रवन्धक लगायतका संचालक समितिका सदस्यलाई बोलाई सबैलाई सामुहिक रुपमा "चांडो टुंग्याउनोस्" भनि २०४९।१२।२५ गतेका दिन निर्देशन दिएको देखिन्छ। जि.एस.ए. नियुक्ति भै संभौतासमेत गरी सकेपछि शा.ने.वा.नि.को यूरोप क्षेत्रको टिकट अरुले बिक्री नगर्ने र अनुसूची तयार नभई फेयर लि.ले काम नगर्ने भएकोले यस्तो अवस्था धेरै समय रहेमा निश्चित रुपमा निगमलाई ठूलो क्षती हुन्छ। निगमको क्षती हुन नदिनु शा.ने.वा.नि.का पदाधिकारी, संचालक समितिका सदस्यहरुको मात्र नभई सम्बन्धित मन्त्री र प्रधानमन्त्रीको पनि कर्तव्य हो। श्री ५ को सरकार कार्यसम्पादन नियमावलीले मुलुकको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा र विभिन्न मन्त्रालय तथा अन्तगरतका कार्यालयहरुमा श्री ५ को सरकारको नीति, निर्णय तथा कानून अनुसार कार्य संचालन भइरहेको छ, छैन हेरी सो नभएको भए गर्न लगाउने काम कर्तव्य र अधिकार प्रधानमन्त्रीलाई प्रदान गरेकोले शा.ने.वा.नि.मा ढीलाई भएको जानकारी प्राप्त हुनासाथ त्यसलाई चांडो गर्न लगाउनु प्रधानमन्त्रीको कानूनी कर्तव्य नै भएकोले "चांडो टुंग्याउनुस्"भन्ने निर्देशन दिनु स्वाभाविक एवं आवश्यक नै हुनआउंछ। अत यस्तो कार्यलाई कानून विपरितको कार्य भन्न मिल्दैन।

यसमा संझौता गर्न सक्षम कानूनी मान्यता प्राप्त कम्पनीसंग संचालक समितिले विभिन्न विचार विपरित गरी केही समयको अन्तरालपछि तत्कालको आवश्यकता एवं उपयोग समेतलाई विचार गरी उक्त कम्पनीलाई जि.एस.ए. नियुक्ति गर्ने निर्णय गरेको, कानूनसम्मत तरिकाबाट अधिकार प्रयोग गरेको, प्रचलित व्यवस्था एवं धेरै देशको लागि जनरल सेल्स एजेण्ट भई थप कार्य समेत समावेश गरी त्यसलाई समेत मध्यजनर राखी कमिशन एवं सुविधा दिने प्रावधानमा बिक्री कार्यमा अभिरुचि राखियोस् भन्ने उद्देश्य राखी व्यवस्था मिलाइएको देखिएकोलाई अन्यथा भन्न मिल्ने स्थिति देखा पर्दैन ।

तसर्थ उपर्युक्त कार्यहरुलाई हालसम्मको आधारमा हेर्दा संचालक समितिका पदाधिकारी लगायत अन्य सम्बद्धले शाही नेपाल वायुसेवा निगम ऐनको प्रावधान विपरित निगमको अहित चिताई बदनियतपूर्ण कार्य गरी निगमलाई हानी नोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको भन्न सक्ने स्थिति देखिदैन । भ्रष्टाचार जस्तो गम्भीर एवं गहन आरोपको विषयमा नजर अन्दाज गरी हचुवाको भरमा आरोपित गरी कारवाई गरिनु न्याय एवं कानूनसम्मत हुदैन ।

उपर्युक्त तथ्यगत बुंदाहरुले मूल संझौता एवं एनेक्सचरको कार्य सम्पन्न भएको अवस्थासम्म लाई पुष्ट्याई गर्दछ भने तत्पश्चात् यसको आधारमा एजेण्टलाई दिनु पर्ने भुक्तानी सम्बन्धमा भएको काम कारवाईलाई भने माथिका उल्लेखित आधारहरु भित्र पर्ने अवस्था देखिन नआउने हुंदा सो सम्बन्धमा जांच बुझ आयोगको प्रतिवेदनमा उल्लेखित ठहर तथा सम्बद्ध कागजात समेतको अध्ययन एवं मूल्यांकन गर्दा निम्न कुरा देखिन आउंछ ।

(क) निगम र उक्त फेयर लि.बिच मा भएको संझौता र सो संझौताको अभिन्न अंगको रुपमा रहेको अनुसूचीको कुनै पनि दफाले प्रष्टतया पाउने भनी उल्लेख नगरेको ९ प्रतिशत नर्मल कमिशन उक्त फेयर लि.लाई भुक्तानी दिई यु.एस. डलर अनुसार हुन आउने ने. रु. ९४,५५, ०५०।०० निगमलाई घाटा र उक्त फेयर लि. लाई फाइदा पुग्न गएकोले यस सम्बन्धमा यस कार्यसंग सम्बद्ध व्यक्तिहरु जिम्मेवार हुन गएको देखिन आएको छ ।

(ख) यसै गरी संझौता र एनेक्स्चरमा उल्लेख नगरेको ३ प्रतिशत ओभरराइड कमिशन दिने वारे संचालक समितिको स्वीकृति र समर्थन विना नै दिनु पर्ने ठहर्‍याई उक्त फेयर लि. लाई ३ प्रतिशत ओभरराइड कमिशन वापत भनी यु.एस.डलर अनुसार हुन आउने ने. रु. ३१, ५१, ७००।०० भुक्तानी दिई निगमलाई हानी र उक्त फेयर लि.लाई फाइदा पुगेको देखिन आएबाट यस कार्यमा संलग्न सम्बद्ध व्यक्तिहरु जिम्मेवार देखिन आएका छन् ।

अत: यसरी ९ प्रतिशत नर्मल कमिशन र ३ प्रतिशत ओभरराइड कमिशन वापत भनि जम्मा ने.रु.१,२६,०६,७५०।०० उक्त फेयर लि.लाई बढी भुक्तानी भएको देखिन आउंछ । यसबाट शाही नेपाल वायुसेवा निगमलाई उक्त रकम नोक्सान र जि.एस.ए. फेयर लि.लाई फाइदा पुग्न गएको तथ्यगत कुरालाई नकार्न सकिने स्थिति देखिदैन । यस बढी भुक्तानी भएको रकम सम्बद्ध व्यक्तिहरुले जाना जानी बदनियतपूर्वक निगमलाई नोक्सानी र जि.एस.ए.लाई फाइदा पुर्‍याई भ्रष्टाचारजन्य कार्य गरेको हो वा होइन भन्ने सम्बन्धमा विचार गर्नु पर्ने हुन आएको सन्दर्भतर्फ हेर्दा उक्त बढी भुक्तानी निगमका सम्बद्ध व्यक्तिहरुले सीधा गरेको नभई एजेण्टले नै टिकट बिक्री भएको रकमबाट कटाई पठाएको र यसलाई तत्काल कारवाई गरी प्रतिक्रिया जनाउनु पर्नेमा समयमा कारवाई नगरेको देखिन्छ । यो कार्यलाई बदनियत राखी भ्रष्टाचारजन्य कार्य भएको भनी भन्न मिल्ने कुरा प्राप्त कागजात एवं तथ्यगत स्थितिको आधारमा देखिन आउदैन । निगमले उक्त जि.एस.ए.संगको संझौता रद्द गरे पश्चात् चलेको मध्यस्थताकर्ता समक्ष सेप्टेम्बर १२,, १९९५ मा गरेको प्रत्युत्तर विवरणमा पनि यो बढी भुक्तानीलाई तथ्यगत गल्तीको कुरा भनी उक्त रकमसमेत विपक्षीसंग प्रतिदावी गरेको देखिन आएबाट पनि यसलाई सम्बद्ध व्यक्तिहरुको लापरवाहीबाट निगमलाई नोक्सानी हुन गएको मान्नु पर्ने स्थितिलाई प्रष्ट्याउंछ । अत: यो बढी भुक्तानी भएकोलाई अन्यथा मानी बदनियतपूर्वक गरिएको भ्रष्टाचारजन्य कृत्य भनी भन्नु उपयुक्त एवं न्यायसंगत हुदैन । एकातिर यो स्थिति देखिन्छ भने अर्कोतर्फ सम्झौता रद्द भइसकेको र यसको हाल स्वीट्जरल्याण्डमा दुवै पक्षबिच मध्यस्थसमक्ष हर्जाना लगायत अन्य कुराहरुमा दावी प्रतिदावीहरु भई रहेको र मध्यस्थताको कार्य हाल चलि नै रहेको देखिन्छ भने निगमको तर्फबाट बढी भुक्तानी भएको रकम पनि निगमले एजेण्टबाट पाउनु पर्ने प्रतिदावीका साथ न्याय प्रशासन ऐन एवं मध्यस्थता ऐन समेतको आधारमा मध्यस्थतासमक्ष कारवाईको माग गरेको देखिन्छ । मध्यस्थतासमक्ष पेश भई दावी प्रतिदावी गरी हाल कारवाईको क्रममा विचाराधीन रहेकोले प्रस्तुत विषयको सम्बन्धमा निर्क्यौल गर्न उक्त मध्यस्थता सम्बन्धी कारवाईलाई असर नपर्ने गरी गरिनु पर्ने आवश्यकतालाई विचार गर्नु पर्ने हुन्छ ।

अत: यी माथिका बुंदाहरुलाई समष्टिगत रुपमा विवेचना एवं अध्ययन गर्दा प्रस्तुत बढी भुक्तानी भएको कुरालाई सम्बन्धित व्यक्तिहरुको लापरवाही एवं गैर जिम्मेवारीपूर्ण कार्यबाट भएको मान्नु र संझिनु पर्ने अवस्था भित्रको भएको कुरा तथ्यगत आधारमा हेर्दा प्रष्ट रुपमा देखिन आएकोले यसको लागि सम्बद्ध व्यक्तिहरुलाई सेवा शर्त सम्बन्धी ऐन, नियम अनुसार आवश्यक विभागीय कारवाई लगायत निगमको आर्थिक नोक्सानी भराउने सम्बन्धमा कारवाई गर्न सक्ने नै हुंदा यसको लागि अख्तियारवाला समक्ष लेखी पठाइएको ।

साथै प्रस्तुत जि.एस.ए.नियुक्ति गर्ने कार्यमा व्यवस्थापनको दृष्टिले पनि केही कमी कमजोरी रहे भएको देखिन आएको सन्दर्भतर्फ विचार गर्दा भविष्यमा यस्तो कार्य नदोहरिने तर्फ सक्रिय एवं सतर्क हुन सम्बन्धित निकायको ध्यानाकर्षणको लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत निम्न सुझाव दिइएको :

(१) शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ७(३) मा निगमले उक्त ऐन अन्तर्गत विनियम बनाई संचालकहरुको काम, कर्तव्य र अधिकारहरुको व्यवस्था गर्न सक्ने भन्ने उल्लेख भएता पनि सो अनुसारको विनियम हालसम्म बनेको नदेखिएकोले उक्त विनियम बनाई हरेकको काम, कर्तव्य र अधिकार स्पष्ट गरिनु पर्ने देखिन्छ ,जसले गर्दा संझौता कसले गर्ने भन्ने जस्ता कार्यमा निश्चितता आई काम कारवाई गर्न सजिलो हुने र कार्य गर्दा गल्ती भएमा गल्ती गर्ने व्यक्तिलाई कारवाई गर्न पनि सुगम हुन गई कार्यमा स्पष्टता र जिम्मेवारीपन आउने हुन्छ ।

(२) जि.एस.ए. लगायतका संझौता गर्दा मूल संझौतामा नै मुख्य मुख्य कुराहरु खुलाउनु पर्ने विशेष गरी आर्थिक दायित्वको कुराहरु स्पष्ट हुने गरी व्यवस्था गरिनु उपयुक्त हुने हुंदा यस तर्फ विचार गरी तदनुसारको व्यवस्था अपनाउनु पर्ने देखिन्छ ।

(३) संझौता भइसकेपछि कार्य गर्दै जांदा केही थपघट गर्नु पर्ने अवस्था आई परेमा सो गर्दा आर्थिक दायित्वका कुरामा या त संचालक समितिको पूर्व स्वीकृती लिएर मात्र गर्ने, यदि सो गर्न सम्भव नभए पछि संचालक समितिबाट सहमति वा अनुमोदन गरे वा भएपछि मात्र लागू गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(४) महत्वपूर्ण कार्य वा संझौता सम्बन्धमा संचालक समितिले समय समयमा मूल्यांकन एवं सोधखोज गरी अनुगमन गरी रहनु पर्ने र केही त्रुटि वा कमजोरी भेटिएमा तत्काल त्यसको निराकरण एवं नियन्त्रण गर्ने तर्फ विशेष सतर्क रहने व्यवस्था गर्ने ।

श्री ५ को सरकारद्वारा गठित जांचबुझ आयोगको प्रतिवेदनमा उल्लेखित अन्य निम्न विषयकासम्बन्धमा पनि विचार गर्दा :

(क) वोइङ० ७२७ विमानहरुको बिक्रीका सम्बन्धमा नियमले तोकेको विवरण विज्ञापनमा नखोली अन्य अनियमित कार्य गरी विमान बिक्रीको कारवाई गर्न गठित उपसमितिले नियम विपरित गरेको । त्यसै गरि संचालक समितिले पनि कानूनी व्यवस्था अनुसार विज्ञापन गर्नु पर्नेमा सो नगरी बिक्री गर्ने कार्यलाई अगाडि बढाएकोलाई नै स्वीकार गर्ने भनी निर्णय गरेकोले यी सबै कार्य अनुचित भएको भनी उक्त प्रतिवेदनमा उल्लेख गरिएको ।

(ख) शाही नेपाल वायुसेवा निगमले वेट् लिजमा लिएको एयर बस विमानको सम्बन्धमा यूरोप सेक्टरको उडान लिजमा लिएको विमानबाट संचालन गर्ने कार्यक्रम मुताविक विमान लिजमा लिन विज्ञापन गरी अफरदाताहरु मध्ये एयर लिंक्स विमान सेवाको ७६७–३०० इ.आर.विमान २ वर्षको लागि भाडामा भनि संचालक समितिबाट निर्णय भै सकेको अवस्थामा तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्रीबाट निर्देशन प्राप्त भएको कारण देखाई उक्त विमान सेवासंग संझौता नगर्ने निर्णय भएको र तत्कालीन मन्त्रीबाट संचालक समितिलाई कानून बमोजिम गर्ने सम्बन्धमा हस्तक्षेप गरी अर्के पोलारिस होल्डिङ० कम्पनीको एयर बस ३१०–३०४ विमान वेट लिजमा लिने कार्य गरेबाट तत्कालीन मन्त्री एवं संचालक समितिले अनियमित कार्य गरेको भनि उक्त प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ ।

अत: सर्वप्रथम उक्त दुई विषयमा अनुसन्धान तहकिकात गर्ने नगर्ने सम्बन्धमा निरुपण गर्नु पर्ने र सोको लागि उक्त जांचबूझ आयोगको प्रतिवेदनमा तत्सम्बन्धमा के कस्तो रुपमा निर्क्यौल गरी त्यस्ता कार्य सम्बन्धमा के भनिएको छ र यस वारे वर्तमान कानूनी व्यवस्थामा के कस्तो प्रावधानको व्यवस्था भए गरेको छ त्यस तर्फ हेर्नु पर्ने हुन आयो ।

जांचबूझ आयोगको प्रतिवेदनको ठहर खण्डमा उल्लेखित बुंदातर्फ हेर्दा वोइङ० ७२७ विमानहरुको बिक्री सम्बन्धमा गठित उप समितिका संयोजक वीरेन्द्रबहादुर देउजा, सदस्य उपेन्द्रप्रसाद उपाध्याय, वीरेन्द्रमोहन, कार्यकारी अध्यक्ष भुवनेश्वर दैवज्ञ, महाप्रवन्धक प्रदीपराज पाण्डे, अर्थ विभागको निर्देशक उपेन्द्रप्रसाद उपाध्याय तथा यज्ञराज भट्ट, संचालकहरु पुरुषोत्तम भट्टराई, श्यामबहादुर पाण्डे, योगेन्द्रमान शाक्य, अम्बिका श्रेष्ठ, विपिन कर्माचार्य, मुकुन्दप्रसाद अर्याल समेतका व्यक्तिहरुले विभिन्न कार्य गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (६) बमोजिमको अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको छ भन्नेसमेत व्यहोरा उल्लेख गरेको पाइयो ।

त्यस्तै वेट लिजमा लिएको विमान सम्बन्धमा पूर्व पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामहरि जोशीबाट पनि उक्त ऐनको दफा ३ को खण्ड (६) बमोजिम र संचालक समितिका सदस्यहरु पुरुषोत्तम भट्टराई, मुकुन्द प्रसाद अर्याल, वीरेन्द्रबहादुर देउजा, श्रीमती अम्बिका श्रेष्ठ, विपिन कर्माचार्य, प्रदीपराज पाण्डे, र कल्याणदेव भट्टराईसमेत का व्यक्तिहरुले उक्त दफा ३ को खण्ड (६) बमोजिम अनुचित कार्य गरी अख्तियारको दुरुपयोग भएको छ भन्ने समेतको व्यहोराको ठहर उल्लेख गरेको देखिन आयो ।

अब यसमा भइरहेको अनुचित कार्य सम्बन्धी कानूनी व्यवस्था तर्फ हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ८ को उपदफा (१) मा 'अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिको उजूरी नपरी आयोगले त्यस सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा कारवाई चलाउन पाउने छैन । तर त्यस्तो व्यक्तिको

मृत्यु भै सकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक असक्तताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएको प्रमाणित भएमा आयोगले निजको हकवाला वा संरक्षकको उजूरीबाट पनि त्यससम्बन्ध मा कारवाई चलाउन सक्नेछ ।' भन्ने व्यवस्था गरेको छ । यस सन्दर्भमा हेर्दा उक्त शा.ने.वा.नि.को वोइड० ७२७ विमानहरुको बिक्रीसम्बन्धी कारोवारमा र वेट लिजमा लिएको एयर बस सम्बन्धी कारोवारमा भएका निर्णयहरुबाट प्रतिकूल असर पर्‌यो भनि कुनैपनि व्यक्तिले हालसम्म यस आयोगमा उजूर गरेका छैनन् । जांचबुझ आयोगको प्रतिवेदनलाई प्रतिकूल असर पर्ने व्यक्तिको उजूरी भन्न मिल्ने देखिदैन ।

अनुचित कार्यको सम्बन्धमा त्यस्तो कार्य भएको १ वर्ष भित्र उजूरवालाले थाहा पाएको मितिले ३५ दिन भित्र आयोगमा उजूरी नगरेमा त्यससम्बन्ध मा आयोगले कुनै कारवाई चलाउने छैन भन्ने व्यवस्था उक्त ऐनको दफा ८ को उपदफा (२) ले गरेकोले उक्त प्रावधानलाई मध्यनजर राख्दा अब उजूरी दिन मिल्ने अवस्था पनि रहे भएको देखिएन ।

अत उक्त कानूनी व्यवस्थाले जांचबूझ आयोगको प्रतिवेदनमा उल्लेखित शाही नेपाल वायुसेवा निगमको वोइड० ७२७ को बिक्री सम्बन्धी कारोवार गर्दा र वेट लिजमा लिएको एयर बससम्बन्धी कारोवार गर्दा त्यस कार्यमा सम्बद्ध अधिकारीहरुले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेका छन् भन्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गर्न वा अन्य कारवाई गर्न मिल्ने देखिएन । अर्को तर्फ जांचबूझ आयोगको प्रतिवेदनमा उल्लेख भएको उक्त विषय सम्बन्धमा भएको काम कारवाईलाई भ्रष्टाचार सम्बन्धमा छानविन गर्ने प्रसंगको लागि श्रोतको रुपमा ग्रहण गर्न मिल्ने अवस्थालाई पनि मध्यनजर राखी विचार गर्ने हो भने पनि यसमा जांचबूझ आयोगको प्रतिवेदनमा उल्लेख भएका बुंदा तथा सो सम्बन्धी कागजात एवं सम्बद्ध व्यक्तिहरुबाट भएको बयान समेतलाई हेर्दा निगमलाई हानी नोक्सानी भएको कुरा खुल्न आएको वा स्पष्ट भएको पाइदैन । यस स्थितिमा नोक्सानको अनुमान गरी काल्पनिक नोक्सानीमा सम्बन्धित व्यक्तिहरुलाई कारवाई गर्नु वा हुनु न्याय तथा कानूनको दृष्टिबाट औचित्यपूर्ण तथा जायज हुन नसक्ने हुंदा यस सम्बन्धमा व्यवस्थापनका पदाधिकारी र संचालक समितिका सदस्यहरुलाई भ्रष्टाचार जस्तो गहन तथा गम्भीर विषयमा कारवाई गरिरहनु पर्ने अवस्था रहे भएको पाइदैन । अत यस प्रस्तुत विषयलाई अरु बढी अनुसन्धान र तहकिकात गर्नु पर्ने अवस्था रहे भएको नहुंदा प्राप्त प्रतिवदनको आधारमा यस ७२७ वोइड०हरुको बिक्री र वेट लिजमा लिएका एयर बस सम्बन्धमा केही गरिरहनु परेन ।

८. काठमाडौं जिल्ला विकास समिति, काठमाडौंले गुहेश्वरीमाथि बालुवाको ठेक्का लगाएकोमा शर्त भन्दा बाहिर गई बालुवा झिकी भ्रष्टाचार गरेकोले ठेक्का रोकी भ्रष्टाचारीमाथि कारवाई गरी पाउ भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुंदा यसमा ठेक्काको शर्तमा गुहेश्वरीबाट ५०० मिटर पूर्व र गोठाटार पुलबाट ५०० मिटर पश्चिम सीमाना राखी बालुवा झिक्ने ठेक्का लिए दिएको र बालुवा निकाल्दा सतहको ०.७५ मिटर गहिराई भन्दा बढी निकाल्न नपाइने र खोलाको दुवै तर्फ ५५ फिट छोडी मात्र बालुवा झिक्नु पर्ने शर्त रहेको देखियो । सो ठाउमा यस आयोगबाट स्थलगत निरीक्षण गर्न प्राविधिक समेतको टोली गएको र जिल्ला विकास समिति र पशुपति क्षेत्र विकास कोष समेतका प्रतिनिधिको रोहवरमा नापजांच गर्दा विभिन्न ८ (आठ) ठाउमा सतहबाट बालुवा झिकेको क्रमश ०.९८ मिटर, ०.६० मिटर, ०.८८ मिटर, १.३५ मिटर, १.६ मिटर, ०.७३ मिटर, १.०६ मिटर र ०.८५ मिटर भएको र गुहेश्वरीबाट ५०० मिटर भन्दा अगाडी बालुवा झिक्ने गरेको देखियो । प्राविधिकको प्रतिवेदन अनुसार औसतको सिद्धान्तलाई मान्यता दिंदा पनि खनिएको गहिराई ०.९७ मिटर र अधिकतम गहिराई २..३ मिटरसम्म भएको पाइयो । सोही सम्बन्धमा जिल्ला विकास समिति, काठमाडौंबाट तयार गरिएको प्रोफाइलमा समेत सामान्य औसतको सिद्धान्त अंगिकार गरी बदनियतपूर्वक शर्त भन्दा बढी गहिराईका लागि ठेकेदारको पक्षबाट प्रतिवेदन दिएको पाइएकोले देहाय बमोजिम गरिएको :

१. स्थानीय विकास मन्त्रालय तथा सम्बन्धित जिल्ला विकास समितिहरुलाई समेत निम्न कुरामा ध्यानाकर्षण गराई खोला, नदीको वालुवा मुहानहरु संचालन गर्न लगाउने लेखिएको :

(क) प्राविधिक पक्षबाट बोलपत्र गर्नु अगावै सो खोला नदीको विस्तृत अध्ययन गरी बालुवा झिक्न दिने सतह छुट्टिने गरी बेन्च मार्क राख्न लगाउने ।

(ख) खोला वा नदीको किनाराबाट यति फिट छोडी बालुवा निकाल्न पाइनेभन्ने खुलाउने गरेको तर किनारा कुन हो भन्ने रेखांकन नहुने गरेको हुंदा सो समेत बोलपत्र गर्नु अगावै तयार गर्न लगाउनु पर्ने ।

(ग) प्राविधिक दक्षताको कमी भएमा सम्बन्धित विशेषज्ञ भएको कार्यालयबाट नीति, नियम, संहिता लिई बनाएर राखी ठेक्का संझौता गर्ने गराउने ।

२. जिल्ला विकास समिति, काठमाडौंलाई संगम आवास कम्पनीबाट निर्माण गराउने भनिएको ग्याबियन वाल यथाशीघ्र निर्माण गर्न लगाउन लेखिएको ।

३. जिल्ला विकास समिति, काठमाडौंलाई गुहयेश्वरी बालुवा मुहानको प्रोफाइल तयार गर्ने प्राविधिकहरुले प्राविधिक दृष्टिकोणबाट अनुपयुक्त हुने औसत सिद्धान्त अंगिकार गर्दै शर्तनामामा स्पष्ट रुपमा खुलेको ७५ से.मि. को अधिकतम

सीमा भन्दा बढी गहिराईबाट बालुवा झिक्ने ठेकेदारको पक्षमा बदनियतपूर्वक प्रतिवेदन तयार गरेकोले सम्बन्धित कार्य गर्ने प्राविधिकहरुलाई आवश्यक विभागीय कारवाई गर्न लेखिएको ।

९ गुल्मी अर्घाखांची ग्रामीण विकास परियोजनाका को अर्डिनेटर एवं स्थानीय विकास अधिकारीसमेत ले नक्कली बील बनाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा हुंदै नभएको होटलको बीलबाट जलपानमा रु. ४,५००।०० को खर्च गरेकोबाट गैह्र कानूनी आर्थिक लाभ लिएको भन्ने उजूरी भएकोमा सो बील बमोजिमको सामान प्राप्त भएको र जलपान नै नगराई बील बनाएको भन्ने नदेखिएकोले जि.वि.स. तर्फको रु. २,१८५।०० जि.वि.स. कै निर्णय बमोजिम हुने र परियोजनाको बजेटको भैपरि शिर्षकबाट खर्च भएको स्था.वि.अ. कै तजविजी अधिकारी भित्रको ९ पटकको अतिथि सत्कारको सामान्य खर्च जम्मा रु ४,५००।०० सम्मलाई लेखापालले बील पेश गरेको हुंदा बदनियतपूर्वक लिनु खानु गरेको भनी स्था.वि.अ.उपर दावी लिन सकिने स्थिति नरेहेकोले आर्थिक प्रशासन नियमावली, २०४२ (संशोधन सहित) बमोजिमको रीत पुर्याई यस्तो खर्चलाई नियमित वा असूल उपर समेत जो जे गर्नु पर्ने आवश्यक कारवाई गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

१०. नेपालगन्ज नगरपालिकाको ने.बै.लि.,सिटी, अफिस, नेपालगन्जस्थित हि.नं. १५६ को खाताबाट २०५०।११।२९ मा चेक नं .४३३२२१ बाट सौरभ निर्माण सेवाको नाममा रु. ५८५,७८६।६० अनियमित तरिकाबाट झिकी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा यसमा अनुसन्धानबाट किर्ते जालसाजी गरी रकम झिकेको देखिन आएको हुंदा भ्र.नि.ऐन अन्तर्गत कारवाई गरिरहन पर्ने विषय नभई अनुसन्धान प्रतिवेदन बमोजिम सम्बन्धित बैंकबाट रकम असुल उपर गराउन अदालतमा किर्ते जालसाजी र लेनदेन समेतमा नगरपालिकाले नै दावी लिन सक्ने हुंदा सो बमोजिम गरी गराई सम्बन्धित प्र.जि.अ. लाई समेत जानकारी दिन नेपालगन्ज नगरपालिकालाई लेखिएको ।

११. जिल्ला प्रशासन कार्यालय, बाराको उजूरी सरहको निवेदनमा जि.वि.स. बाराको सदस्य राजनारायण साह तेलीसमेत ले काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

यसमा बारा जिल्ला गडहल गा.वि.स.स्थित तियर नदीको पुल निर्माण गर्न भनी गोलिया सालको काठ ५६२१.२६ क्यू.फि.को लगत इष्टिमेट भएको र पुल निर्माणको सम्पूर्ण कार्य सम्पन्न गर्न निर्माण समितिका अध्यक्ष तत्कालीन जि.पं.स. राजनारायण साह जिम्मा दिएको र इष्टिमेट बमोजिमको काठ राजनारायण साहले टी.सि.एन.बाट बुझेको र सो काठ जिम्मा नै रहेको कुरा निजले स्वीकार नै गरेको र निजलाई पटक पटक सो काठ बुझाई दिन जिल्ला विकास समितिले पत्र लेख्दा समेत काठ नबुझाएपछि जिल्ला विकास समितिले जांचबुझ गर्दा ४२२७।५।४ क्यू.फि.काठ नभएको समेतबाट निज राजनारायण साहले भ्र.नि.ऐन, २०१७ को दफा १३ बमोजिमको कसूर गरेको देखिन आयो ।

नन्दलाल साह र गजेन्द्र साहको हकमा हामीले बुझि लिएको काठ हामी जिम्मा नै छ भन्ने हुंदा बुझि लिई बुझाउन नसकेमा निजहरु उपर सोही कसूर गरेको मान्नु पर्ने हुन आयो ।

स्थानीय विकास अधिकारी अवनिन्द्र कुमार श्रेष्ठको मिलोमतोमा म नभएको बेला सो नपुग काठ कसलाई दिए निजको संलग्नतामा काठ हिनामिना भएको भनी निज राजनारायण साहले आफ्नो बयानमा पोल गरेको हकमा निज स्थानीय विकास अधिकारी ०४४ पौष२६ देखि ०४६ मार्ग १६ सम्म जिल्ला विकास समितिमा कार्यरत रहेको०४२।२।२३ देखि नै निज राजनारायणलाई काठ बुझाई दिन पत्र लेखिएको र ०४२।४३ र ०४३।४४ को लेखा परीक्षणबाट पनि सो वर्षमा नै काठ हिनामिना भई सकेको देखिन आएकोले निज स्थानीय विकास अधिकारीउपर दावी लिन प्रमाण पुग्ने देखिन आएन ।

स्थानीय विकास अधिकारीउपर मुद्दा चलाउन नपर्ने भएपछि निज राजनारायण साहले लेखिए बमोजिम काठ हिनामिना गरेमा भ्र.नि.ऐन, २०१७ को दफा १३ बमोजिमको कसूरमा मुद्दा दायर गर्ने विशेष प्रहरी अधिकृतको अधिकार प्राप्त प्रमुख जिल्ला अधिकारीको अधिकार क्षेत्रभित्र पर्ने हुंदा कारवाई फायल जिल्ला प्रशासन कार्यालय, बारामा नै यथाशीघ्र कानून बमोजिम गर्न पठाई यस आयोगलाई जानकारी दिन लेखिएको ।

१२. नेपाल खानेपानी संस्थानका प्रवन्धक समेतले अनियमित तरिकाले पाइप खरीद गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

१. अनियमित तरिकाले पाइप खरीद गरेको भन्ने आरोप सम्बन्धमा बोलपत्रद्वारा संचालक समितिबाट निर्णय गराई पाइप खरीद भएकोले भ्रष्टाचार सम्बन्धी आरोपको पुष्टि हुन आएन ।

२. प्रवन्धक राजाराम भण्डारीका सम्बन्धमा हालसम्म प्राप्त सबूद प्रमाण र निजको बयान समेतलाई नकार्ने आधार प्रस्तुत हुन नआएकोमा शंकाको भरमा आयोगबाट कारवाई गर्न मनासिव भएन ।

३. बोलपत्र आव्हान गर्दा पूर्ण प्रतिस्पर्धा गराउने कार्यविधि पालन गर्न नेपाल खानेपानी संस्थानको ध्यानाकर्षण गराइएको ।

१३. सुनसरी मोरंग सिंचाई आयोजनाका तत्कालीन लेखापालले आफ्नो जिम्मा रहेको १० र १२ मि.मि. फलामे छड हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा मुद्दा र वारदातको विषय वस्तुबाट बरबुझारथ गर्दा फलामे छड नपुग भएको तर लेखापालले नै सो छड बाहिर लगेको भन्न सकिने स्थिति पनि नरहेकोले आ.प्र. नियमावलीको नियम १० तथा १६(३) बमोजिम जिन्सी संरक्षण गर्ने कर्तव्य कार्यालय प्रमुखको र सामानको हिनामिना भए मालसामान जिम्मा लिने व्यक्तिबाट असूल उपर गर्ने व्यवस्था भएकोले २०३७।११।१८ मा बरबुझारथ गर्दा नपुग देखिएकोमा तत्काल सो नियमावली बमोजिम कारवाई नगरी २०३९।१०।१० मा लेखापालउपर भ्रष्टाचार सम्बन्धी कारवाई शुरु गरी २०४३।२।२२ मा विभागीय सजाय भएको र २०५०।७।१ मा विशेष प्रहरी विभागबाट यस उजूरीमा रा.प्र.प्रथम श्रेणीका अधिकृतको संलग्नता देखाई यस आयोगमा पठाएकोमा कार्यालय प्रमुख र जिन्सी इस्यू इन्जिनियरउपर दावी लिन सकिने स्थिति नरहेको र दुवैले अवकाश समेत पाई सकेकोले विभागीय कारवाई हुन नसक्ने हुंदा सामान जिम्मा लिने लेखापालले वरबुझारथ गर्दा नपुग भएको सामान आ.प्र.नियमावली, २०४२ बमोजिम जो जे गर्नु पर्ने ऐन नियम बमोजम गर्न सिंचाई विभागलाई लेखिएको ।

१४. खोटाग जिल्लाको सिंचाई योजनाहरुसम्बन्धी नक्कली बील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा प्रस्तुत उजूरी सम्बन्धमा कारवाई विशेष प्रहरी विभागबाट भइरहेकोले सो कारवाई पूरा गर्न विशेष प्रहरी विभागलाई लेखिएको ।

१५. भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाका प्रमुखले ठेकेदारहरुसंग मिली पूर्व योग्यता निर्धारणको काममा योग्यलाई अयोग्य र अयोग्यलाई योग्य बनाई भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुंदा यसमा पूर्व योग्यताको लागि स्वीकृत क्राइटेरिया अनुसार आफ्नो स्वामित्वमा रहेको यान्त्रिक उपकरणहरुको सूची मेकानिकल इन्जिनियरबाट प्रमाणित नभएको, प्राविधिक जनशक्तिको आवश्यक कागज पेश नभएको ,पेश भएका कागज रा .प.अधिकृतबाट प्रमाणित हुनु पर्ने नभएको र बिड क्षमता रु. १,३०,००,०००।०० नहुने समेत योग्यता क्रममा नपर्नु पर्नेमा परेको देखियो । त्यसरी कुनै कम्पनीलाई प्रमाणित नभएको कागजातलाई पनि अंक दिएको र कुनैलाई प्रमाणित नभएको भनि अंक नदिएको देखियो । यान्त्रिक उपकरणको दर्ता प्रमाण पेश नगरेको भनि कसैलाई अंक नदिएको र कसैलाई सो नभए पनि अंक दिएको देखियो ।

यसरी पूर्व योग्यता क्रममा नपर्ने देखिएको कम्पनीले पाएको ठेक्का स्थलगत निरीक्षण गरी पेश हुन आएको निरीक्षण प्रतिवेदनबाट भएका निर्माण कार्यहरुमा कुनै जटिल वा गम्भीर त्रुटि देखिन नआएको तर पूर्व योग्यता निर्धारण गर्दा क्राइटेरियाको व्याख्यामा एकरुपता भने भएको नदेखिएकोले सम्बन्धित निकायलाई ध्यानकर्षण गराउन जलस्रोत मन्त्रालयलाई लेखिएको ।

१६. आपूर्ति व्यवस्था महाशाखा, टेकूबाट आ.व. ०५०।५१ मा पांच विकास क्षेत्रको औषधी, सर्जिकल तथा केमिकल सप्लाईका लागि भएको टेण्डरमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुदा मानवीय शरीरमा सीधै प्रयोग हुने औषधी उपलब्ध गराउंदा मूल्यलाई मात्र आधार नमानी गुणस्तर तथा प्रचलित नियम अनुसार सामानको आपूर्ति गर्न सक्ने हैसियत, क्षमता आदिलाई आधार मानेको र धरौटी नराखेको वा कम भएको भन्ने विषयमा पुन: टेण्डर गर्दा यथासमय औषधीको आपूर्ति नहुने भएकोले मिति २०५०।११।१२ मा मन्त्रिस्तरीय निर्णय भई प्रचलित नियम बमोजिम नियमित गराउने निर्णय भइसकेकोले कारवाई अगाडी बढाइरहन नपरेको ।

१७. नेपाल व्यापार कम्पनी (नारायणी) लि. बाट चिनी, सिमेन्ट, आदि विदेशी सामान आयात गर्न इजाजत लिई अन्य व्यक्तिलाई आयात गर्न दिएर भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा अनुसन्धान कार्य अगाडी बढाउंदा ठोस प्रमाण फेला पर्न सक्ने सम्भावना न्यून रहेको र कम्पनीको स्थापना कालदेखि हालसम्म लेखा परीक्षण नभएको भन्ने विषयमा लेखा परीक्षण गराउन आपूर्ति व्यवस्था मन्त्रालयलाई लेखिएको ।

१८. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट) को उपकूलपति एवं व्यवस्थापनबाट अनियमितता तथा संस्थालाई हानी नोक्सानी पुर्‍याउने कार्य भए गरेको भन्ने विषयमा अनुसन्धान हुंदा उजूरीमा उल्लेखित जिकिरहरु मध्ये इमेल सम्बन्धमा विना नीति नियम सोको सचालन गरी विभिन्न व्यक्ति तथा संस्थालाई लाइन वितरण गरेको साथै अनियमित एवं भ्रष्टाचारपूर्ण कार्य गरेको भन्ने जिकिर वापत पर्न आएको आर्थिक दायित्व सम्बन्धित प्रयोगकर्ताहरुबाटै

दूर संचार संस्थानबाट प्राप्त बिल अनुसारको रकम असूल गराउने साथै इमेल संचालन गर्ने तर्फ निश्चित नीति एवं प्रकृयाहरु निर्धारण गरेर मात्र पुनः सोको दुरुपयोग नहुने गरी संचालन गर्न गराउन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई सचेत गराइएको ।

१९ विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा लुम्बिनी विकास कोष, योजना भित्र संचालित सर्कुलर लेभीमा पोखरी खन्ने कार्यमा वास्तविक भन्दा बढी कार्य दिन देखाई अनियमितता एवं भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुंदा उजूरीमा उल्लेख भए बमोजिम योजना कार्यालयको व्यवस्थापनले योजनाले निर्दिष्ट गरेको कार्य वाहेक श्रमिकहरुलाई सुरक्षा व्यवस्था, दाल चामल बाड्ने, सफा गर्ने कार्यमा लगाउनुको साथै उमेर नपुगेका बाल मजदूरहरुको समेत प्रयोग भएको देखिएकोले उक्त कार्य गर्न रोक लगाउन साथै सर्कुलर लेभी भित्र माटो खन्ने सम्बन्धी कार्य दैनिक हाजिरीको आधारमा काममा लगाउने व्यवस्था अनुरुप भएको उक्त कार्यको लगत इष्टिमेट स्वीकृत भई कामको थालनी भएको भएता पनि माटो फाल्ने कामको दूरी लगायतका कार्यको लागत अनुमान विना कामको थालनी भएको देखिएकोले यस्ता प्रकारका कार्यक्रमहरुमा (कामको लागि खाद्यान्न) पनि गर्नु पर्ने काम सम्बन्धमा आवश्यक प्राविधिक सर्भेक्षण तथा योजनाको विस्तृत प्राविधिक डिजाइन तथा मूल्यांकन गरेर मात्र कार्यक्रम स्वीकृत गर्नको लागि समेत सम्बन्धित मन्त्रालय मार्फत लुम्बिनी विकास कोषलाई लेखिएको ।

२०. कृषि सामाग्री संस्थानका विभागीय प्रमुख अमृतमान ताम्राकार र महाप्रवन्धक भरतबहादुर कार्कीले बीमा दावी रकम असूलीमा नियम कानून मिची अख्तियार दुरुपयोग गरी रु.२२ लाख जतिको भ्रष्टाचार गरे भन्नेसमेत विषयको उजूरी निवेदनमा अनुसन्धान हुंदा बीमा दावी प्रकृया र सोको संचालक समितिबाट निर्णय सम्बन्धी तरिकाहरुको परिपाटी बुझी जवाफ प्राप्त भएपछि पेश गर्ने निर्णय भएको ।

आयोगको उक्त निर्णय अनुसार बीमा दावी प्रकृया र सोमा संचालक समतिको निर्णय सम्बन्धमा कृषि सचिव तथा अध्यक्ष, संचालक समिति, कृषि सामाग्री संस्थानलाई बुझ्दा फ्रेन्च सहायता अन्तरगत संस्थानलाई प्राप्त भएको मलमा पोर्टमा तथा अन्य स्थानमा भएको नोक्सानी नपुगको बीमा कम्पनी माथी सर्भे रिपोर्टको आधारमा बढी दावी हुन गएको, दावी सन्दर्भमा सप्लायरका प्रतिनिधि काठमाडौं आई दावीका लागि प्रेषित कागजातमा देखा परेका विभिन्न अनमेल कुराको आधारमा फ्रेन्च फ्रैंक ५, ३२, ३६५।३२ को हिसाव निकालेको संस्थानबाट पछि जिल्लास्थित कार्यालयले बुझेको र खुद नोक्सानीको हिसाव चेक गर्दा दोहोरा पर्न गई बढी दावी हुन गएको देखि व्यवस्थापनबाट दावी रकम घटाई स्वीकृति पठाएको, संस्थानको बीमा दावी प्रकृया सम्बन्धमा अन्तिम निर्णय गर्ने निकाय संस्थानको संचालक समिति भएको र संचालक समितिबाट भएको निर्णय कानूनसम्मत भएको जवाफ प्राप्त भएको ।

बीमा दावी सम्बन्धी प्रकृया तथा दावी स्वीकृत भै आएको परिमाणको आधार वारे राष्ट्रिय बीमा संस्थानका नायव महाप्रवन्धकको मिति २०५३।२।२१ को प्रतिवेदन अनुसार सि.आई.एफ. मूल्यमा आयात गर्दा सामानको मेरिन ट्रान्जिण्ट बीमा निकासी कर्ताले व्यवस्था गर्ने भए तापनि यसको बीमा योग्य हित इनस्युरेबल इन्ट्रेष्ट पैठारीकर्ताको हुने हुंदा दावी गर्दा पैठारीकर्ताले दावी गर्न पाउने, दावी गर्दा सामान्य तथा विभिन्न इन्स्योर्ड वा दावीकर्ताको तर्फबाट सुरक्षित स्थितिमा रहने, खास क्षती परेको र क्षतीको आशंका भएको स्थितिमा बढी परिमाणको दावी गर्ने प्रचलन रहेको, दावी वारे छलफल गरी बीमक र वीमित दुवैलाई मान्य हुने एक विन्दुमा पुगी नेगोशिएटेड फछ्यौंट गर्नु र यसप्रकारको प्रकृया अपनाउदा बीमा कम्पनीले नगद नोक्सानीको रुपमा यकिन फछ्यौंटको आधार नदिई एक प्रकार हचुवामा दावी निर्धारण गरी अफर गर्दछ र वीमितलाई सो मन्जूर भए रकम स्वीकार गर्ने र न्यून देखिएमा दावी निर्धारणको आधार मात्र गरी दावी वारगेन गर्ने पनि प्रचलन रहेको, सप्लायर्सको टेलेक्सबाट दावी फछ्यौंट रकम अफर भएको र सोको एसेसमेण्ट विवरण नभएबाट दावी नेगोसिएटेड सेटलमेण्टको रुपमा गरिएको देखिन्छ । तर सम्बन्धित सर्भे रिपोर्टहरु तथा दावीको हिसाव गरिएको खेस्रा कागज अध्ययन गर्दा दावी पुनः निर्धारण गरी फछ्यौंट भएको र कागजात अध्ययनबाट डक सर्भेमा देखाइएको सर्टेज र गन्तव्य स्थानमा पुनः पुरै वि.एल. परिमाणको आधारमा सर्भे भएको र कृषि सामाग्री संस्थानले दुवै स्थानहरुको सर्भे रिपोर्टहरुमा देखाएको सर्टेजहरुको बीमा दावी गरेकोले एकै नोक्सानीको दोहोरो दावी गरेको देखियो । वास्तवमा दावी गर्दा डक सर्भे अनुसार सर्टेजको दावी गर्नु पर्ने वा डक सर्भेको सर्टेज वास्ता नगरी डेष्टिनेशन सर्भे अनुसारको कुल सर्टेजको मात्र दावी गर्नु पर्ने थियो ।

<u>वास्तविक क्षति निम्नानुसार रहेको :</u>

(क) <u>जहाज सीम्फोनिकको ढुवानीमा</u>

युरिया	११.२४७ मे.टन
कम्प्लेक्स	१२..४८३ मे.टन

टि.एस.पि. ३०।९७७ मे.टन
उक्त अनुसार नै बीमाले क्षतिपूर्ति गरेको ।

(ख) जहाज मेरोपेसोको ढुवानीमा

कम्प्लेक्स ७१.५३० मे.टन
बीमाले ७५.७४० मे.टन को क्षतिपूर्ति गरेको ।

(ग) जहाज प्रोजेक्ट क्यारियरको ढुवानीमा

युरिया १२०.२४० मे.टन
बीमाले सोही अनुसार क्षतिपूर्ति गरेको ।

तर अन्य वस्तुसंग मिसीई ड्यामेज भएको भनिएको १४.१०० मे.टन युरीयाको क्षतिपूर्ति नभएको ।

फछ्यौंट बीमा दावी फ्रेन्च फ्रयांक ५,३२,,३६५.३२ मा फछ्यौंट गरिएको व्यहोराको प्रमाण बीमा कम्पनी एस.आई.ए.सि.आई. को २९ मार्च १९९४ को टेलीफ्याक्सबाट प्रमाणित गरिएको व्यहोरा पेश हुन आएको ।

उजूरी दावी, अनुसन्धान तहकिकातको प्रतिवेदन, तथा वास्तविक हानी नोक्सानीका सम्बन्धमा छलफल गरी विचार गरिदा बीमा दावीको प्रकृयागत रुपमा दावी लिने कार्यमा त्रुटिपूर्ण कृयाकलाप देखिएता पनि वास्तविक हानी नोक्सानी भने खास पुग्न गएको देखिन नआएको ।

२१. मनोहरा खोला सार्की हाउस मुहानको बालुवा ठेक्का बन्दोवस्त गर्दा ६२ लाखको बोलकबोल रद्द गरी रु. २५,४५,०००।०० मा मिलोमतो गरी आफ्ना मानिसलाई ठेक्का दिएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा रु. ६२ लाखको बोलपत्रलाई शर्त सहितको भएकोले बदर गरिएको भन्ने भएकोमा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा ५(१) ले ठेक्का शुरु हुने मितिले कम्तीमा ३ महिना अगावै सूचना प्रकाशन गर्नु पर्ने र ऐ को दफा ५(४) ले अपर्फट कुनै ठेक्का बन्दोवस्त गर्नु पर्ने भएमा ७ दिनको सूचना प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था भएकोमा १ दिनको मात्र म्याद दिई सूचना प्रकाशन गरी बढाबढ गरेको निर्णय बढी प्रतिस्पर्धा होस् भन्ने कानूनको मनसाय विपरितको कानूनसम्मत नभएको हुदा जिल्ला विकास समिति, काठमाडौं, ललितपुर र भक्तपुरलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

२२. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषका सदस्य सचिवले शाही चितवन राष्ट्रिय निकुन्जबाट शाही बर्दिया राष्ट्रिय निकुन्जमा २५ वटा गैंडा स्थानान्तरण गर्दा अमेरिकी डलर २,२५,००० खर्च देखाएर रु. १,०७,१५,०००।०० को भ्रष्टाचार गरेको स्थानान्तरणको फोटो विश्वव्यापी प्रदर्शन गर्न जापानको NHK टेलिभिजन कम्पनीलाई Exclusive right दिई ५०,००० डलर व्यक्तिगत उपयोग गरी भ्रष्टाचार गरेको, गैंडा सम्बन्धी मूल्य निर्धारण गरी मूल्य वापत प्राप्त रकम मध्ये २५ प्र.श. श्री ५ को सरकारलाई बुझाउनु पर्नमा नबुझाएको र गैंडा पठाए अनुसारका रकम कोषमा नराखी हानी नोक्सानी गरेको भन्ने समेत विषयको उजूरी उपर अनुसन्धान हुंदा देहाय अनुसार गरिएको

१. चितवन राष्ट्रिय निकुन्जबाट शाही बर्दिया राष्ट्रिय निकुन्जमा २५ गैंडा स्थानान्तरण गर्दा अमेरिकी डलर २,२५,००० खर्च देखाई भ्रष्टाचार गरेको सम्बन्धमा रु. १३,५१,६१७।८२ मात्र खुद खर्च भएको र सेस्ता म.ले.प. विभागले लेखापरीक्षण गरी बेरुजु देखाई कारवाई भइरहेको देखिदा आयोगबाट केही गरिरहनु परेन ।

२. गैंडा स्थानान्तरण गर्दा फोटो खिचेर प्रदर्शनको लागि Exclusive right दिई ५०,००० अमेरिकी डलर लिई भ्रष्टाचार गरेको सम्बन्धमा NHK सग संझौता गरी २५,००० अमेरिकी डलर प्राप्त भएको र उक्त अमेरिकी डलर बराबरको ने.रु. ९३७,४५०।०० खर्च गरेकोमा म.ले.प. को विभागबाट लेखा परीक्षण भई बेरुजु कारवाई भइरहेको देखिन आएकोले आयोगबाट अरु कारवाई गरिरहन परेन ।

३. वन्यजन्तु संरक्षण समितिको मिति ०४६।३।२९ को निर्णय अनुसार भाले गैंडाको अमेरिकी डलर १ लाख र पोथी गैंडाको अमेरिकी डलर १ लाख पचास हजार चन्दा दिन मन्जूर गर्ने चिडियाखाना वा संस्थानलाई गैंडा उपलब्ध गराउने सिद्धान्त अपनाउने र सो सिद्धान्त अनुसार उक्त रकम मन्जुर गरेको सिंगापुर चिडियाखानालाई एक जोर गैंडा दिने र जर्मनीको म्यूनिख चिडियाखाना र अमेरिकाको फोर्ट वर्क चिडियाखानालाई माथिकै सिद्धान्त अनुरुप गर्न श्री ५ महेन्द्र प्रकृति सरक्षण कोषका सदस्य सचिवले आवश्यक कारवाई गर्ने निर्णय गरे अनुसार सिंगापुर जुलोजिकल गार्डनलाई एक जोर गैंडा, जर्मनीलाई पोथी गैंडा १ र फोर्ट वर्क जुलोजिकल सोसाइटीलाई एक जोडी गरी जम्मा ५ वटा गैंडा चन्दा

लिने गरी दिएकोमा सिंगापुरबाट अमेरिकी डलर २.५ लाख, म्यूनिखबाट अमेरिकी डलर १.५ लाख तथा अमेरिकाबाट विश्व जन्तु कोषलाई रकम लगानी गर्न दिई नगद अमेरिकी डलर २,६९६४२.०० तथा जिन्सी सामान अमेरिकी डलर ४८.३५.०० गरी जम्मा ३,१८,००० अमेरिकी डलर प्राप्त भएको र प्राप्त नगद नेपाल ग्रिण्डलेज बैंक, नयां बानेश्वरमा यु.एस.डलर खाता नं. १०१– ०१०–४८८४–२५१ मा जम्मा रहेको हुंदा भ्रष्टाचार नै भएको भन्न सकिने देखिएन ।

२३. नेपाल बैंक लिमिटेडले एभरेष्ट एयरलाई १४ लाख अमेरिकी डलर गैर कानूनी, तवरले धितो कर्जा दिने निर्णय गरी अनियमित कार्य गरेको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा मिति २०४८।९।१६ मा नेपाल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयले जमानी नं .५५।२५ बाट डि.एम.२,८३,०००।००, जमानी नं .५५।२६ बाट यु.एस.डलर १,४४,०००।०० र जमानी नं .५५।२७ बाट यु.एस.डलर १,२४,००० बैंक ग्यारेण्टी दिएको सम्बन्धमा मिति २०४९।६।१४ मा संशोधित वाणिज्य बैंक ऐन, २०३१ को दफा ४ को (७) मा भएको व्यवस्था अनुसार उक्त जारी भएको ग्यारेन्टीको अवधि समाप्त भएपछि अर्को म्याद थप गर्न नेपाल बैंक लिमिटेडलाई कानूनी बाधा भएबाट मिति २०४९।७।४ मा ने.रा.बैंकले पनि २०४९।७।५ मा यस्तो कर्जा नविकरण गर्न नमिल्ने हुंदा संशोधित ऐन बमोजिम गर्न ने.वै.लि.लाई निर्देशन दिई पठाएकोमा सोको पालना नगरी मिति २०४९।७।१४ को सञ्चालक समितिको बैठकले ग्यारेन्टीको म्याद थप गरेको देखियो ।

नेपाल बैंक लिमिटेडले शुरुदेखि नै ग्यारेन्टी कारोवार र कर्जा कारोवार बेग्ला बेग्लै भएको हुंदा जारी भएको ग्यारेन्टीको म्याद बढाउन बाधा नपरेको जानकारी दिदै आएता पनि लेटर अफ ग्यारेन्टीले तोकिएको शर्त पूरा नभएमा आर्थिक दायित्व सृजना भई कर्जा सरह देखिने हुंदा र आयोगले अनुसन्धान गर्न शुरु गरेपछि रजिष्ट्रेशन पास गरिएको घर जग्गाको धितो कागजातमा पनि कर्जा कारोवार सरह सोमा व्याज तिर्ने भनि उल्लेख भएको हुंदा सो ग्यारेन्टीलाई कर्जा होइन भन्न सकिएन । यसबाट वाणिज्य बैंक ऐन, २०३१ को दफा १३ को उपदफा ५ अनुसार यस्तो कार्य सो बैंकले गर्न नहुनेमा गरी सो दफा नै उल्लंघन गरेको देखियो । तर उक्त ऐन पालना नभएको स्थितिमा नेपाल राष्ट्र बैंकले हालसम्म कुनै कारवाई गरेको आयोगलाई जानकारी प्राप्त नभएकोले सो ऐन बमोजिम कारवाई गर्नु पर्ने भए ऐन बमोजिम त्यहीबाट कारवाई गरी जानकारी पठाई दिन र कारवाई गर्नु नपर्ने भए सोही जानकारी दिन भनि लेखिएको ।

भ्रष्टाचारका सम्बन्धमा कारवाई गर्नु पर्छ पर्दैन भन्ने सम्बन्धमा यो सुरक्षण दिने काम पहिले मिति २०४८।९।१६ मा शुरु भएको र त्यस बखतको ऐनले बन्देज गरेको नदेखिएको, हाल कुनै दायित्व बैंकले व्यहोर्नु नपरेको र त्यसबाट बैंकलाई कुनै हानी नोक्सानी भएको नदेखिएकोले लिने खाने बदनियतले सो कार्य गरेको भन्ने ठोस आधार नदेखिएको हुंदा त्यसतर्फ अरु कारवाई गर्नु पर्ने अवस्था देखिएन ।

२४. मिति २०५१ साल आषाढ १४ गते पुनर्जागरण साप्ताहिक, अंक ११ मा "कमिशन खाने को को हुन् ?" र २०५०।१०।२२ गते समकालीन साप्ताहिकमा प्रकाशित "वालुवाटारले चिनी खायो" भन्ने प्रकाशित समाचार जुजूरी सरह दर्ता भई अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

१. पर्ल ट्रेडिंग कन्सर्नलाई लेभीको चिनी आपूर्ति गर्न एकलौटी रुपमा इजाजत दिई कमिशन खाई भ्रष्टाचार गरेको भन्ने आरोपका सम्बन्धमा वाणिज्य मन्त्रालयबाट "निजी क्षेत्रका व्यापारीहरुलाई कोटाको चिनी दिने सिफारीश सम्बन्धमा यस मन्त्रालयबाट त्यस्तो सिफारीश कहिल्यै भएको पाइदैन" भन्ने तथा आपूर्ति मन्त्रालयबाट "नेशनल ट्रेडिंग र साल्ट ट्रेडिंग मार्फत उपलब्ध गराउन लेखिएको बाहेक अन्य निर्णय भएको यस मन्त्रालयको रेकर्डबाट नदेखिएको" भन्ने समेत लेखी आएको एवं पर्ल ट्रेडिंग कन्सर्नको प्रोप्राइटर र सचालकले गरेको बयान कागजातबाट श्री ५ को सरकारको स्वीकृत बेगर निजी प्रयासबाट ल्याएको भन्ने किटानी उल्लेख गरेको देखिएकोले श्री ५ को सरकारबाट पर्ल ट्रेडिंग कन्सर्नलाई कोटाको चिनी दिने अनुमति भएको देखिएन । उक्त कन्सर्नले निजी प्रयासमा भारतको स्टेट ट्रेडिंग कर्पोरेशनसंग सम्पर्क गरी लेभिको चिनी आ.व. २०४८।४९ देखिने ल्याएको र सो ल्याएको चिनी आपूर्ति मन्त्रालयको पत्रानुसार साल्ट ट्रेडिंग र नेशनल ट्रेडिंग लि.लाई बिक्री वितरणको लागि उपलब्ध गराएको भन्ने कुरा आपूर्ति मन्त्रालय, साल्ट ट्रेडिंग लि.को पत्रहरुबाट देखिन आएकोले समाचार पत्रमा उल्लेख भए बमोजिम पर्ल ट्रेडिंग कन्सर्नबाट कमिशन खाई भ्रष्टाचार गरेको भन्न सकिने स्थिति देखिएन ।

२. मित्र राष्ट्रहरुबाट सहयोग स्वरुप वर्षेनी उपलब्ध गराउदै आएको लेभिको चिनीको आयात, ढुवानी र बिक्री वितरण गर्ने गराउनेसम्बन्ध मा आपूर्ति मन्त्रालयबाट ठोस प्रयास नहुनु, लेभिको चिनी आयात गर्ने निर्णय प्रकृयामा ढीलासुस्ती हुनुका साथै स्पष्ट र पारदर्शी नीति नबनाइनुको कारणबाटै श्री ५ को सरकारको स्वीकृतिबाट ल्याउनु पर्ने चिनी श्री ५ को सरकारको स्वीकृत बेगर नीजि क्षेत्रका व्यापारीहरुले आयात एवं ढुवानी गरेको हुनाले यससम्बन्ध मा सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको ।

३. पर्ल ट्रेडिंग ले आ.व.०४८।४९ देखिने लेभीको चिनी नीजि प्रयासबाट ल्याई साल्ट ट्रेडिंग र नेशनल ट्रेडिंग मार्फत बिक्री वितरणको लागि उपलब्ध गराएको देखिएको हुंदा यसमा सम्बन्धित आयकर निर्धारण भए नभएको जानकारी गराउन सम्बन्धित निकायलाई लेखिएको ।

२५ जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारीले गैर नेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसमा राजकुमार गुप्ताले २०४८।८।१० मा नेपालको अंगिकृत नागरिकता पाउन जि.प्र.का. चितवनमा पेश गरेको निवेदनमा आफू भारतमा २००८।६।११ मा जन्म भै भरतपुर न.पा.वडा नं. २ मा २०२६।१०।१५ देखि बसेको भनी अंगिकृत नागरिकताको फर्म भरी त्यसमा कार्यकारी सचिव शिवदत्त भट्टराईको सिफारिश गराएको देखिन्छ । उपरोक्त निवेदन कारवाईको निमित्त श्री ५ को सरकार, गृह मन्त्रालयमा पेश हुंदा नागरिकता ऐन, २०२० को दफा ६(१) मा उल्लेखित शर्त पूरा भई नआएको हुंदा गृह मन्त्रालयबाट फिर्ता भएको देखिंछ । मिति २०४९।६।१२ मा निज राजकुमार गुप्ताले वंशजको नाताले नागरिकता पाउन पेश गरेको निवेदनमा वडा अध्यक्ष जीवन मल्ल र नगर प्रमुख मुक्तिलाल चुकेले सिफारिश गरेको र कार्यकारी अधिकृत शिवदत्त भट्टराईले नियमानुसार नागरिकताको प्रमाण पत्र दिने व्यवस्था हुनको लागि सिफारिश गरेको देखिन्छ । २०४९।६।१५ मा प्र.जि.अ. मदन अर्यालले निवेदक राजकुमारलाई २०४८।८।२५ मा भारतीय नागरिकता त्याग गरी जन्मस्थान भारत देखाई सो आधारबाट नेपालमा अंगिकृत नागरिकताको प्रमाण पत्र पाउन निवेदन दिएको र निजले २०४९।६।१२ मा पुन: वंशजको नाताले नागरिकताको प्रमाण पत्र दावी गरेको हुंदा २०४९।६।१५ मा प्रमाण खुलाउनु भन्ने आदेश भएकोमा २०४९।६।२५ मा राजकुमार गुप्ताले आफ्नो भएको व्यहोरा खुलाई प्र.जि.अ. समक्ष बयान दिएको देखिन्छ ।

उक्त कारवाईको सिलसिलामा प्रहरीबाट २०४९।६।१३ मा सर्जमिन गराएको र मिति २०४९।६।२६ मा प्र.जि.अ.ले निज राजकुमारलाई नागरिकता दिएको देखिन्छ भने २०४९।१०।१५ मा मुक्तिलाल चुकेले आफूलाई झुक्याई सिफारिश दिएको हुंदा नागरिकता बदर गराई पाउं भन्ने जि.का. चितवनमा उजूरी दिएकोमा मिति २०४९।११।२१ मा गृह मन्त्रालयबाट राजकुमार गुप्ताको वंशजको नागरिकता बदर गर्ने र ना.प्र.प. लिने दिलाउनेउपर कारवाई गर्ने भन्ने निर्णय भएको देखिन्छ । यस तथ्यको आधारमा वडा अध्यक्ष जीवन मल्ल र नगर प्रमुख मुक्तिलाल चुकेले निज राजकुमार गुप्तालाई वंशजको नागरिक भनी सिफारीश गरेको आधारमा निज गुप्ता धेरै समयदेखि चितवनमा काम गरेर बसेको भन्ने देखिन्छ । तथापि नगर प्रमुख मुक्तिलाल चुकेले निज राजकुमार भारतीय नागरिक हो भनी थाहा पाएपछि २०४९।१०।१५ मा जि.प्र.का. चितवनमा आफूले सिफारीश गरेको राजकुमार गुप्ता भारतीय नागरिक भनी बुझिएकोले नागरिकता प्रमाण पत्र नदिन र दिई सकेको भए पनि रद्द गर्ने तर्फ कारवाइ गरी पाउन निवेदन गरेको र पछिबाट सो निवेदन अनुसार कारवाई भई निज राजकुमार गुप्ताको वंशजको नागरिकता समेत बदर भएको हुंदा सिफारिश गर्ने निजहरु उपर कारवाई गरिरहनु न्यायोचित देखिएन ।

यसै मुद्दामा संलग्न भरतपुर नगरपालिकाका कार्यकारी सचिव शिवदत्त भट्टराईको कारवाईतर्फ विचार गर्दा राजकुमार गुप्ताले २०४८।८।१० मा आफूले नेपालको अंगिकृत नागरिकता माग गर्दा निज शिवदत्तले सिफारिश गरी अंगिकृत नागरिकताको कागज पत्र जि.प्र.का., चितवनमा पठाएको र २०४९।६।१२ मा वंशजको नागरिकता माग गर्दा निज शिवदत्तले उक्त राजकुमार गुप्ताको नाउंमा सिफारिश भएको कागजात र आफूले समेत उक्त व्यक्तिलाई नियमानुसार नागरिकता दिनु हुन भनी जि.का., चितवनलाई पत्र लेखेको देखिएबाट निजले पहिला अंगिकृत नागरिकताको कागजातमा सिफारिश गर्दाको कुरा संझना नभएको भनि यस आयोगमा बयान गरे तापनि निजले उक्त कुरा थाहा नपाउने भन्ने कुरा अंगिकृत नागरिकताको कारवाई निवेदन धेरै नभएको हुदा अनुमान गर्न सकिने देखिएन ।

यसप्रकार घटना परिस्थितिबाट निजले राजकुमार गुप्तालाई अंगिकृत नागरिकता दिन सिफारिश गरेपछि आफैंले वंशजको नाताले नागरिकता दिलाउन पनि पत्र लेखेकोबाट निज शा.अ. शिवदत्त भट्टराईले आफ्नो पद अनुसारको जिम्मेवारी वहन गरेको देखिएन ।

त्यस्तै, प्रमुख जिल्ला अधिकारी मदन प्रसाद अर्यालले आफू समक्ष अंगिकृत नागरिकता पाउन पेश भएको पहिलो निवेदन र वंशजको नाताले नागरिकता पाउन पेश भएको दोश्रो निवेदन तथा उक्त दुई प्रकारको निवेदन हेरी नागरिकताको प्रमाण पत्र माग्ने राजकुमार गुप्तालाई २०४९।६।१५ मा प्रमाण खुलाउनु भन्ने आदेश दिएको देखिंदा निजसमक्ष भारतीय नागरिकता त्याग गरेको भनी अंगिकृत नागरिकता माग गर्ने व्यक्तिले नेपाली नागरिक हूं भनी दावी गरेको देखेपछि नेपालको नागरिक हुनाको लागि के कस्तो प्रमाण लिई आएका छन् भनी हेर्नु पर्नेमा सर्जमिन जस्तो हलुका आधार लिएको देखियो । निवेदक राजकुमारले आफू भारतीय हूं भनेर प्र.जि.अ. समक्ष निवदन दिई सोउपर गृह मन्त्रालयले कारवाई गरिरहेको अवस्थामा विचैमा पुन: नेपाली वंशजको नागरिकताको निवेदन दिंदा एकातिर यो विवाद गृह मन्त्रालयबाट अंगिकृत नागरिकता सम्बन्धी कारवाई हुंदै रहेको बखत निजले हेर्न नमिल्ने हुंदा निजको अधिकार क्षेत्रमै नभएको र अर्कोतिर कुनै व्यक्ति स्वयं आफू भारतीय भएकोले नेपालको अंगिकृत नागरिकता पाउं भनी निवेदन गरेपछि पछिबाट आउने सिफारिश जे जस्तो भए पनि त्यसको कुनै अर्थ नरहेकोमा प्रहरी बुझ्ने जस्तो कार्यबाट निजको नियत कुनै पनि हालतमा राजकुमारलाई वंशजको नागरिकता दिने नै प्रमाणित हुने हुंदा त्यस्तो भारतीय नागरिकलाई जानी जानी कुतर्क गरी आफ्नो अख्तियारको बदनियतपूर्वक प्रयोग गरी निज राजकुमार गुप्तालाई नेपाली नागरिकता दिएको देखियो । एउटा न्यायिक कार्य समेत गर्ने जिम्मेवार पदमा बसेर वंशजको नागरिकता दिने जस्तो स्वेच्छाचारी, अविवेकी र

कानून मिचाहा कार्य गरी प्रमाणको मूल्यांकनको सामान्य नियमलाई उल्लंघन गरी नागरिकता दिएको कार्यबाट लिनु खानु गरेको भन्ने प्रमाणित हुन नआए तापनि अ.दु.अ.आयोग ऐन, २०४८ को दफा ३ को (ख) (ग) र (छ) अनुसार अनुचित कार्य गरेको ठहरिएकोले निज प्र.जि.अ. मदन प्रसाद अर्याल र शा.अ. शिवदत्त भट्टराईलाई विभागीय कारवाई गर्न अ.दु.अ.आयोग ऐन, २०४८ को दफा १२ बमोजिम सम्बन्धित मन्त्रालयमा लेखी पठाइएको ।

२६. अर्घाखांची जिल्लामा प्र.जि.अ. भै कामकाज गर्दै आएका प्रेमप्रसाद शर्मा सापकोटाले जिल्लामा प्र.जि.अ. भई आए देखिनै विभिन्न किसिमका भ्रष्टाचारजन्य कार्य जस्तै, कारागारको कम्पाउण्डवाल निर्माणमा, ज.चु.का.को चुरोट ढुवानी दररेट निर्धारणमा, तथा कृषि सामाग्री संस्थानको मल ढुवानीमा मिलोमतो गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान हुंदा संकलित सबूद प्रमाणको कागजातहरुको आधारबाट निज प्र.जि.अ.बाट भ्रष्टाचार भए गरेको भन्न सकिने ठोस आधार देखिन नआएको ।

२७. सुदूर पश्चिमान्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरुमा निर्माण भएका र हुंदै गरेका अस्पताल भवन तथा स्टाफ क्वार्टरहरु समेतमा निर्माण भै सकेका भवनहरु समयमा जांचपास नहुने, जांचपास भएता पनि निर्माण समाप्त हुंदा नहुंदै मर्मत सम्भारको समस्या देखा पर्ने गरेको र निर्माणाधीन भवनहरु समयमा पूरा नहुनेसमेत को सन्दर्भमा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडा महारानी सरकारबाट २०४३।१०।१५ देखि फाल्गुण ११ गतेसम्म सुदूर पश्चिमान्चल विकास क्षेत्रका भ्रमणको अवसरमा बक्स भएको निर्देशनउपर अछाम वयलपाटा १५ शैय्या अस्पताल भवनका सम्बन्धमा अनुसन्धान हुंदा उक्त अस्पताल भवनमा पुरानै ठेकेदारबाट कार्य संचालन गर्न लगाई झ्यालको चौकोस र शटरमा शीशा राख्ने काम आषाढ मसान्तसम्ममा ५० प्रतिशत मात्र पुरा हुने र अन्य निर्माण कार्य सबै सम्पन्न भई सकेको तथा झ्याल, वायरिंग तथा स्यानिटेशनको काम भएमा अस्पताल संचालन गर्न सकिने हुंदा वायरिंग र स्यानिटेशनको काम पुरानो ठेक्कामा समावेश नभएकोले छुट्टै ठेकेदारबाट कार्य गराउने भएको हुंदा तत्सम्बन्धमा जो जे गर्नु पर्ने हो, सोको उचित व्यवस्था मिलाउन उजूरीसंग सम्बन्धित मिसिल कागजात स्वास्थ्य मन्त्रालयमा पठाइएको ।

२८. न्हूयोखाको सार्वजनिक सत्तललाई स्ववासी घर भनी दर्ता गराई सुक्रिबिक्रीसमेत गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा उक्त सत्तल स्वबासी घर भनी फिल्ड बुकमा जनिएको, सो नापी गर्दा कसैले पनि सार्वजनिक सत्तल भनी नजनाएको र मिति २०३५।५।२२ मा सार्वजनिक सूचना प्रकाशित गर्दा पनि सार्वजनिक सत्तल हो भनी कसैले पनि उजूर गरेको नदेखिएकाले र फिल्डमा गई नापी गर्ने, सोलाई जांच गर्दा श्रेस्ता तयार गर्ने र धनी पुर्जा दिने कर्मचारीले लिनु खानु गरी वा मोलाहिजामा लागी सो कार्य गरेको भन्न सकिने अन्य ठोस प्रमाण केही नदेखिएको र शंकाको भरमा कसैलाई कसूरदार ठहर गर्न पनि नमिल्ने भएको तथा उक्त घरलाई सार्वजनिक सत्तल कायम गराउन टोलवासी र घर खरीद गर्ने लाली क्षेत्री र सरिता क्षेत्रीले शर्त बमोजिम सार्वजनिक सत्तल कायम गर्ने गराउने गरी अदालतमा मिलापत्रसमेत गरी सकेकोले कसैउपर मुद्दा चलाउने वा अन्य कारवाई गर्नु पर्ने अवस्था देखिएन । तथापि मिलापत्र भए पनि सो घर मालपोत कार्यालय, काठमाडौंमा हालसम्म पनि लाली क्षेत्री र सरिता क्षेत्रीको नाउंमै दर्ता भई रहेको पाईएकोले अदालतको मिलापत्र बमोजिम सार्वजनिक सत्तलै कायम गर्ने गराउनेतर्फ आवश्यक कारवाई अगाडि बढाउन मालपोत कार्यालय, काठमाडौंलाई लेखिएको ।

२९ टीकापुर विकास समितिमा घडेरी बिक्री वितरणमा अनियमितता भएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा उजूरी बमोजिमको कार्य भए गरेको नपाइएको ।

३०. भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्डवाल निर्माण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुंदा उक्त निर्माण कार्यको अन्तिम बीलसमेत बनेको नदेखिएको र अन्तिम बील पेश भई मूल्यांकन भएपश्चात् मात्र भ्रष्टाचारसम्बन्धी कुरा यकिन हुने हुंदा अन्तिम बीलको मूल्यांकन गरी भ्रष्टाचार भए गरेको लागेमा भ्र.नि. ऐन, २०१७ बमोजिम यस आयोगमा लेखी पठाउन र उक्त कार्यको अनुसन्धान तहकिकातबाट देखिएका विश्लेषणात्मक निष्कर्षमा उल्लेखित १ देखि ९ दफासम्म का कुराहरु उल्लेख गरी तत्कालीन प्र.जि.अ. नरेन्द्रराज पौडेल, वापन प्रसाद न्यौपाने तथा का.मु. असिष्टेण्ट इन्जिनीयर रत्नबहादुर काफ्लेउपर नि.से. ऐन, २०४९ ,नि.से.नि. २०५० तथा आर्थिक प्रशासनसम्बन्धी (दोश्रो संशोधन) नियमहरु, २०४९ अनुसार विभागीय कारवाई गर्न र रकम असूलउपर गर्नु पर्ने देखिएमा सोसमेत गर्ने गरी गृह मन्त्रालयलाई लेखिएको ।

३१. नेपाल खाद्य संस्थानले दुर्गम जिल्लाहरुमा आ.व. २०४८।४९ र २०४९५० मा खाद्यान्न ढुवानी गर्न नेपाल एयरवेज र नेपाल एयर चार्टरसंग सम्झौता गरे अनुसारको शर्तमा ढुवानी नगराइएको र निर्वाचनको समयमा सुर्खेतमा कर्मचारी

नभएको भन्ने कारण देखाई सुर्खेतबाट खाद्यान्न ढुवानी गर्नु पर्नेमा नेपालगन्जबाटै ढुवानी गराई बढी भाडा रकम दिई नेपाल खाद्य संस्थानलाई घाटा पुर्‌याई आफूले फाइदा गरेको भन्ने विषयमा अनुसन्धान हुंदा आ.व. २०४८।४९ को लागि नेपाल खाद्य संस्थानले जुम्ला, हुम्ला र डोल्पामा हवाई जहाजबाट खाद्यान्न ढुवानी गराउन नेपाल एयरवेज र नेपाल एयर चार्टर सर्भिससंग मिति २०४९।१।२६ र २०४९।१।२८ मा संझौता गरेको र सो सम्झौता अनुसार पहिलो ट्रीप नेपालगन्जबाट गर्ने र अन्य ट्रीप इन्धनले भ्याएसम्म सुर्खेतबाट गर्नु पर्ने शर्त सो सम्झौतामा भएकोमा सो संझौता अनुसार ढुवानी नभई केही परिमाण मात्र सुर्खेतबाट ढुवानी गराई अन्य खाद्यान्न नेपालगन्जबाटै ढुवानी गराएको देखियो । यति परिमाण सुर्खेतबाट र यति परिमाण नेपालगन्जबाटै ढुवानी गर्ने भन्ने संझौताका शर्तहरुमा उल्लेख नभई संझौता नै त्रुटिपूर्ण भएको र सुर्खेतबाट ढुवानी गराउन नसकेको कारण बुझ्दा तेल भर्ने व्यवस्था सुर्खेतमा नरहेको तथा प्राविधिक कारणहरुले गर्दा सुर्खेतबाट हवाई ढुवानी गराउन नसकेको र यस पूर्व सुर्खेतबाट खाद्य हवाई ढुवानी गर्ने गराउने प्रचलन समेत नभएकोले पहिलो परीक्षणको रुपमा सुर्खेतबाट पनि ढुवानी गराउने भनी ढुवानीकर्ताहरुसंग आपसी वार्ता र पहलबाट संझौता भएको तथा यसबाट संस्थानलाई घाटा नभई नाफा नै भएको र दूर दृष्टिले हेर्दा संझौताबाट फाइदा भएको छ भन्ने समेतको व्यहोराको सम्बद्ध व्यक्तिहरुको बयान भएको हुंदा तत्काल संझौता अनुसार ढुवानी सुर्खेतबाट नगराई बढी ढुवानी नेपालगन्जबाट गराउंदा सस्थानलाई घाटा लागेको भन्ने कुरा अस्वीकार गर्न नसकिए तापनि आउंदा दिनहरुको लागि भने सुर्खेतबाट खाद्य ढुवानी गराउने गरी कायम भएको प्रथाले संस्थानलाई फाइदै पुग्न जाने देखिन्छ ।

सुर्खेतबाट हवाई ढुवानी गराउन विविध कारणहरु (प्राविधिक, मौसम आदि) मा भर पर्ने र यत्तिनै परिमाण सुर्खेतबाट ढुवानी गराउनु पर्ने भन्ने संझौतामा कीटान साथ उल्लेख नभएको र नेपाल खाद्य संस्थानले भाडा भुक्तानी गरेको सम्बन्धमा ढुवानी गरेको परिमाणको अनुपातमा नै सम्बन्धित ठाउंको तोकिएकै दर रेटले हुने रकम भुक्तानी दिएको देखिंदा संस्थानलाई गैह्र कानूनी किसिमले हानी नोकसानी पुर्‌याएको भन्न सकिने स्थिति देखिएन ।

३२. नेपाल कोल लिमिटेड, वीरगन्ज शाखाबाट कुनै रैकमा ३६ प्र.श., कुनै रैकमा २५ प्र.श. र कुनै रैकमा ८ प्र.श. जर्ति गराई चोरी बिक्री गरेको भन्ने विषयमा अनुसन्धान हुंदा कम्पनीको वीरगन्ज शाखामा भए गरेको भनिएको अनियमितता सम्बन्धमा किन कसको गल्तीबाट त्यस प्रकारको अप्रत्याशित रुपमा सर्टेज तथा अनियमितता हुन गएको हो भन्ने सम्बन्धमा कडाईका साथ छानविन गर्ने भन्ने २०४७।१२।२२ को निर्णय र स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्ने भन्ने २०४८।५।१० को निर्णय समेत कार्यान्वयन हुन नसकेको कारण बुझ्न तथा श्री ५ को सरकारबाट गठित छानविन टोलीले २०४९।७।२६ र २०४९।६।१४ मा औल्याएको कम्पनीको व्यवस्थापन तथा त्यसको त्रुटि कमजोरीहरु सुधार गर्ने तर्फ केही भए गरेको नदेखिएकोले सो समेत गराउन मन्त्रालयको संयोजकत्वमा समिति गठन गरी तथ्य यकिन पत्ता लगाई जांचबुझ र आवश्यक कारवाई गरी अनियमित भएकोमा असूल उपर गर्नु पर्ने भए गर्ने तथा कारवाईबाट कुनै भ्रष्टाचारजन्य कार्य भएको देखिन आएमा सोही बखत सम्बन्धित निकायमा पठाउनसमेत आपूर्ति मन्त्रालयलाई लेखिएको ।

३३. श्रम तथा समाज कल्याण मन्त्रालय, श्रम विभागका तत्कालीन का.मु. महानिर्देशक गोविन्द प्रसाद रेग्मीले अनाचार, नैतिक हीनतामा लिप्त भई आफ्नो पद अनुसारको आचरण नगरी अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको तथा गोरखापत्रमा छनौट भई नाम प्रकाशित गरेको उम्मेदवारलाई नपठाई रु. १,२०,०००।०० लिई अन्य व्यक्तिलाई पठाई लुम्बिनी ओभरसिज कन्सर्न काठमाडौंले अनुचित कार्य गरेकोले न्यायिक कारवाई गरि पाउं भन्ने समेत उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

१. तत्कालिन का.मु. महानिर्देशक गोविन्द प्रसाद रेग्मीले होटल उडल्याण्डको ले अफ पे अफ को निर्णय गर्दा लाखौं घुस खाएको भन्ने सम्बन्धमा ले अफ पे अफ को निर्णय निज एकलैले गर्नु पर्ने नभई अन्तिम निर्णय मन्त्रालयले गर्ने र यस सम्बन्धमा मन्त्रालयको सचिवको अध्यक्षतामा गठित टोलीले गरेको सिफारीश अनुरुप मजदूरहरुलाई रु. १५,५०,०००।०० दिलाई मात्र विदाई गरेको देखिन आएको र अध्यागमन कार्यालय र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट कारवाईको लागि बुझाएका पासपोर्टहरु आवश्यक कारवाईको सिलसिलामा विभिन्न रकम जरिवाना गरी फिर्ता गरेको रेकर्डबाट देखिन आएको साथै उजूरकर्ताबाट नेपाली जनतालाई विदेशमा बेची लाखौं घूस खाएको भन्ने उल्लेख भए तापनि कुन कुन नेपालीहरुलाई बेची के कति रकम खायो भन्ने कतैबाट पनि पुष्टि हुन नआएको हुंदा उपरोक्त दुवै विषयमा निज महानिर्देशकले भ्रष्टाचार गरेको भन्न सकिने स्थित देखा परेन ।

२. लुम्बिनी ओभरसिज कन्सर्न प्रा.लि.ले २०५१।२।२८ को गो.प.मा नामावली प्रकाशित गरी छानेका उम्मेदवार व्यक्तिहरुलाई नपठाई बढी रकम १,२०,०००।०० सम्म लिई अन्य व्यक्तिहरुलाई पठाएको भन्ने कतैबाट पनि खुल्न नआएको तथा पीडित पक्षबाट यस प्रकारको उजूरी समयमै विभागमा समेत दिएको देखिन नआएकोले हचुवाको भरमा बढी रकम लिएको भनि लुम्बिनी ओभरसिज कन्सर्न प्रा.लि.लाई अभियोग लगाउन उचित नदेखिएको ।

३. लुम्बिनी ओभरसिज कन्सर्न प्रा.लि.को काम कारवाईसम्बन्ध मा मंन्त्रालयबाट गठित छानविन टोलीको प्रतिवेदनमा तथा अनुसन्धान प्रतिवेदनमा उल्लेखित लुम्बिनी ओभरसिज कन्सर्न प्रा.लि.को काम कारवाई सम्बन्धमा देखिन आएका विभिन्न कैफियतहरुबाट प्रा.लि.ले आफ्नो दायित्व नियम पूर्वक निर्वाह गरेको नभई अनुचित तवरबाट गरेको देखिन आउंछ । तसर्थ नेपाली कामदारहरुलाई वैदेशिक रोजगारमा पठाउंदा अन्याय नहुने किसिमबाट श्रम विभागले रेखदेख एवं समयमा निरीक्षण गर्ने, आय व्ययको हिसाव राख्न लगाउने, निष्पक्ष रुपमा छनौट भएका व्यक्तिहरुलाई सार्वजनिक रुपमा सूचना प्रकाशित गराई सो बमोजिम रुजु गरी अन्तिम स्वीकृती दिने व्यवस्था गर्न श्रम विभागलाई ध्यानाकर्षण गराउनका साथै आवश्यक निर्देशन दिनसमेत श्रम मन्त्रालयलाई लेखिएको ।

३४. २०५२।५।११ मा देशान्तर साप्ताहिकमा "करोडौं नोट छाप्ने तयारी, नेपाली नोटको ओज घट्ने" शीर्षकमा समाचारमा नेपाल राष्ट्र बैंकले ४ वर्षको लागि पुग्ने नोट मौज्दात रहे पनि नोट छापी करोडौंमा आउने कमिशन एमाले राज्य व्यवस्था विभागमा बुझाउने भएको, कमिशन र चुनावलाई आधार बनाएर नयां नोटहरु छापी श्री ५ को सरकार र राष्ट्र बैंकले नेपालको अर्थतन्त्रलाई अधोगतितिर धकेल्ने दुस्साहस गरेको भनी प्रकाशित समाचारलाई उजूरी सरह दर्ता गरी अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

राष्ट्र बैंकले नोट छाप्ने सम्बन्धमा उपलब्ध गराएको ऐन, नियम र कार्यविधि सम्बन्धी पत्रहरु र मिसिलको तथ्य व्यहोरा हेरी आयोगले निम्न कुरामा निर्णय लिनु पर्ने देखिन्छ ।

१) राष्ट्र बैंकको सम्बन्धित पदाधिकारीहरुले नोट छाप्ने सम्बन्धमा बैंकलाई आवश्यक नपर्दा नपर्दै पनि आफ्नो स्वार्थ पूर्ति गर्न नोट छाप्ने निर्णय गरेर टेण्डर आव्हान गरिएको हो ?

२) नोट छाप्दा ग्लोबल टेण्डर नगरी मनपरी तवरले प्रिक्वालिफिकेशन लिष्ट तयार गरी अस्वस्थ्य, पक्षपातपूर्ण तरिकाले कुनै कम्पनी विशेषलाई टेण्डर उपलब्ध गराइएको हो ?

३) टेण्डर गर्दा राष्ट्र बैंकले अपनाउनु पर्ने प्रकृया नअपनाई आर्थिक प्रशासन सम्बन्धी नियम, २०४२ को कानूनको बर्खिलाफ काम कारवाई गरेको हो ?

४) नोट छाप्ने सम्बन्धमा समयावधि र परिमाण सम्बन्धमा नचाहिंदो निर्णय लिई बैंकलाई नोक्सानी पारी राष्ट्रको आर्थिक एवं मौद्रिक स्थितिमा आलोच्य हुने गरी अधोगति तिर लैजान खोजेको हो ?

अब उपरोक्त प्रश्नहरु तथ्यको आधारमा प्रमाणित हुन्छन् कि हुंदैनन् भनी प्राप्त प्रमाणलाई निर्क्यौल गर्दा निम्न तथ्यहरु प्राप्त भएका छन् :

१) राष्ट्र बैंक एउटा स्वशासित अविछिन्न उत्तराधिकारवाला कानूनी व्यक्ति हो । यसको काम कारवाई स्वतन्त्ररुपमा गरिने गरिन्छ । मुलुकको एक मात्र केन्द्रीय बैंकको रुपमा स्थापित यस बैंकले देशमा नेपाली मुद्राको आपूर्ति गर्नु यसको प्रमुख एवं प्रथम कर्तव्य हो । यस क्रममा समयमै मुलुकमा प्रचलन रहेको नोटहरुको आपूर्ति गर्नु र कुनै हालतमा पनि मुद्राको खांचो हुन नदिनु तर्फ यसको सतत् प्रयास रहनु पर्दछ । यसको लागि राष्ट्र बैंकले देशको समस्त आर्थिक कृयाकलाप, मौद्रिकीकरणको दर, श्री ५ को सरकारको बजेट दर, खर्च गर्ने क्षमता र खर्च हुन सक्ने मुद्राको समयोचित मूल्यांकन, सरकारी गैर सरकारी कर्जाको बृद्धिदरले नोटको दैनिक प्रचलनमा प्रत्यक्ष असर राख्ने हुंदा यसलाई समयोचित मूल्यांकन गरी नेपाली मुद्राको आपूर्ति गर्नु पर्ने यसको प्रमुखदायित्व भएकोले नेपाली मुद्राको आवश्यकता र आपूर्ति गर्ने सम्बन्धमा बैंकको पूर्ण स्वविवेकीय अधिकार रहेको मान्नु पर्दछ । अत मुद्राको आवश्यकता र आपूर्ति गर्ने सम्बन्धमा बैंकको पूर्ण स्वविवेकीय अधिकार भए पनि नोटको छपाई गर्दा बैंकका पदाधिकारीहरुले बैंकको उक्त अधिकारलाई मनपरी, स्वार्थ परक वा भ्रष्ट रुपमा प्रयोग गरेको छ कि छैन, भन्ने तर्फ आयोगले हेर्नु पर्ने र स्वेच्छाचारी रुपमा अख्तियारको दुरुपयोग गरेको देखिएमा कारवाई गरी स्वविवेकीय अधिकारलाई सहीरुपमा प्रयोग गराउनु पर्ने आयोगको कर्तव्य हुन्छ । त्यसलाई आयोगले आफ्नो ध्यान राखी कारवाई गर्नु पर्ने हुंदा तथ्यकै निराकरण गर्नु पर्ने हुन्छ ।

नेपाली नोट रु. १, २ र ५ को नोटको मौजुदा स्टकले १, २ महिना मात्र धान्ने देखिएको र विगतवर्षको अनुभव अनुसार छपाई कार्य शुरु गरेपछि नोट छपाई भई आउन साधारणत १० महिना देखि १ वर्ष लाग्ने गरेको, रु ५०० र रु. १००० दरको नोटहरुले २०५३ सालसम्म पुग्ने भएपनि यी दरका नोटहरु बजारमा देखा परेकोले सुरक्षण थप गर्नु पर्ने भएको र यो क्रममा यी ठूला दरका नोटहरु ५ । ६ महिना भित्र खिची नयां थप सुरक्षा व्यवस्था जस्तै (**Metallic Lithographic Ink Metallised Silver Print**) भएको नयां नोट विस्थापित गराउदै लाने नीति अनुरुप मुख्य मुद्रा अधिकृतको राय र डेपुटी गभर्नर समेतको राय, बैंकको संचालक समितिको ६७६ औं बैठकको निर्णय समेतलाई आधार बनाई भएको टिप्पणी बमोजिम गभर्नरबाट २०५२।१।२७ मा नोट छपाई गर्ने स्वीकृती भएको देखिन्छ ।

यसप्रकार तथ्य निरुपण गर्दा बैंकलाई नोट आवश्यक परेको नपरेको सम्बन्धमा नोटको मौजूदा स्टक, नोटको दैनिक खपत र सुरक्षण व्यवस्था सुदृढ गर्ने र नोटहरु फेज आउट गर्ने, थोत्रो झुत्रो नोट समाप्त गरी नयां नोट आपूर्ति गर्नु पर्ने कारण देखाई नोट छपाई गर्नु पर्ने कारण औचित्यपूर्ण नै देखिन्छ ।

२) अब टेण्डर गर्दा बैंकको कारवाई उचित अनुचित के रहेछ भनी तथ्य तफ विचार गर्दा राष्ट्र बैंकले केही वर्ष अगाडी ग्लोबल टेण्डर गरी मुद्राहरु छाप्ने कम्पनीहरु मध्येबाट मूल्यांकन गरी Prequalified list बनाएको देखिन्छ । हाल टेण्डर आव्हान गर्दा यिनै Prequalified Company लाई मात्र समावेश गरी सिल्ड टेण्डर आव्हान गरेको देखिन्छ । जुन कुरा कानूनत गलत मान्न सकिंदैन । तथापि ५६ वर्ष अगाडी Prequalified गरिएको Company लाई नै सदाको लागि नोट छाप्न दिने कि भन्ने तर्फ पनि सोच्नु पर्ने कुरा विचारणीय हुन्छ तथापि बैंकले आयोगलाई लेखेको पत्रमा प्रतिस्पर्धाको दृष्टिकोणले सकेसम्म धेरै कम्पनीहरुलाई पूर्व योग्यता सूचीमा समावेश गर्ने सिद्धान्त उपयुक्त हुने भए पनि सुरक्षाको दृष्टिकोणले अत्यन्त सम्वेदनशील कार्य भएकोले सबै नोट छपाई गर्ने कम्पनीहरुलाई नोट छाप्न दिनु मनासिव हुदैनानोट छपाई गर्न दिने कार्य अत्यन्तै सम्वेदनशील एवं जोखिमपूर्ण कार्य भएकोले जति धेरै कम्पनी समावेश गर्‌यो उतिनै नोटको संभावित जोखिम बढ्दै जाने र यसमा कतिपय अविश्वसनीय कम्पनीहरु पनि ग्लोबल टेण्डर अन्तर्गत भाग लिन आउने हुंदा नेपाली नोटको टेण्डर उपलब्ध गराउंदा नोटको अन्तर्निहित विशेषता नै उदांगिने हुंदा नक्कली नोट निकाल्न सकिने संभावना बढ्छ । ग्लोबल टेण्डरको प्रकृयाबाट नोट छपाई गर्दा छपाई मूल्य मात्र निर्णायक आधार रहने हुन्छ तर नोट छपाई गर्दा उक्त मूल्यभन्दा संभावित जोखिम र सुरक्षा व्यवस्थालाई बढी ध्यान पुर्‌याउनु पर्ने भएकोले छपाई गर्ने कम्पनीको विश्वव्यापी ख्याती, कम्पनीको सुरक्षा व्यवस्था, कम्पनीको नोट छपाई गर्ने गुणात्मक एवं संख्यात्मक क्षमता र उक्त कम्पनीसंग भएको विगतको कारोवार समेतलाई ध्यान दिनु अनिवार्य भएको कारणले यथासंभव नै ठूला दरको नोट छपाई पुरानै कम्पनीहरुबाट गराउदै आएको हो भनीलेखेको तर्फ विचार गर्दा राष्ट्र बैंकलाई विश्वास रहेको कम्पनीसंग कारोवार गर्न नियन्त्रण गर्नलाई उचित कारणहरु देखिनु पर्ने,उक्त कम्पनीहरुको अविश्वास पनि समावेश गर्नु पर्ने गतिशिलता तर्फ राष्ट्र बैंकले उक्त खांचोलाई आफैले औल्याउनु पर्ने हुंदा आयोगले हाललाई राष्ट्र बैंकको उक्त कारवाईमा आलोचना गरिरहनु पर्ने अवस्था देखिन आएन ।

३) टेण्डर गर्दा अपनाउनु पर्ने प्रकृया अपनाएको छ छैन, भनि तथ्य तर्फ विचार गर्दा आयोगले दुई कुरालाई मध्यनजर राखी तथ्य निराकरण गर्नु पर्ने देखिन्छ :

(क) टिप्पणीमा तोकिएको परिमाणभन्दा बढी संख्यामा नोट छाप्न दिएको कार्य र कारण औचित्यपूर्ण छ, छैन ?

(ख) पूर्व योग्यता निर्धारित सूचीमा रहेका सबैभन्दा कम मूल्यको टेण्डरवालालाई पूर्ण स्वीकृति नगरी अरु कम्पनीलाई समावेश गरेको उचित छ छैन ?

आर्थिक प्रशासन नियम, २०४२ को दफा २९ ले सबैभन्दा कम मूल्यको टेण्डरलाई स्वीकृति गर्नु पर्ने वाध्यता छ । यदि सबैभन्दा कम मूल्यको टेण्डर स्वीकृति नगर्ने हो भने त्यसै कानूनको अधिनमा रही अन्य कानूनी कारण र औचित्य दर्शाइ अन्य माथिल्लो मूल्यको टेण्डर उक्त कम्पनीको विश्वसनियताको आधारमा स्वीकृति गर्न सक्ने आवश्यकता छ । यस दृष्टिकोणबाट बैंकको टिप्पणीमा रु. १ को ३ करोड, रु. २ को २ करोड, रु. ५ को ३ करोड, रु. ५०० को २ करोड र रु १००० को २ करोड छाप्ने टिप्पणी पेश भई डेपुटी गभर्नरबाट रु. १ र २ दरको नोट क्रमश फेज आउट गर्ने, रु. ५ को नोट बढी चाप पर्ने भएकोले १ करोड थप गर्ने गरी राय पेश भएको २०५२।१।२७ मा गभर्नरले सदर गरेको पाइन्छ ।

तर पछिबाट विभिन्न कम्पनीसंग संझौता गरी नोट छाप्ने क्रम निम्न प्रकार रहेको :

दर	थान	कम्पनी
रु.१	४ करोड थान	फ्रेन्च कम्पनी
रु. २	३ करोड थान	"
रु. ५	२ करोड थान	"
रु. ५	३ करोड थान	जर्मन कम्पनी
रु. ५००	२ करोड थान	बेलायत
रु. १०००	२ करोड थान	"
जम्मा	१६करोड थान	

यस्ता कुरामा यति समयको लागि र यति परिमाण मात्र नोट निकाल्न पाइने भनेर तोक्दा उक्त समयावधि भित्र मुलुकको आर्थिक कारोवार राम्रो भएको बेलामा नियन्त्रित हुन जाने हुंदा त्यस्तो गर्न उचित नहुने र प्रस्तुत खवरको सिलसिलामा गरिएको उपरोक्त अनुसन्धानबाट २।३ वर्षको लागि राज्यको नोट प्रचलनको माग अनुरुप नै नोट छपाई कार्य भएको देखिंदा उक्त कारवाईले अर्थ व्यवस्था अधोगतितिर लान लागेको भनि भन्न सकने अवस्था नदेखिंदा उपरोक्त अनुसन्धानको आधारमा पत्तो लागेको तथ्यहरुको आधारमा उक्त देशान्तर पत्रिकाको खवर अनुसार राष्ट्र बैंकको सम्बन्धित पदाधिकारीहरुबाट नोट छपाईको क्रममा अख्तियारको दुरुपयोग गरेको कुनै यथार्थ तथ्य नदेखिएको ।

३६. कैलाली जिल्लाको क्षेत्रीय प्रहरी इकाई कार्यालय धनगढी तथा कैलाली जिल्लाको सम्पूर्ण प्रहरी जवान संख्या ८९३ लाई २०५१ साल माघ १ गते देखि २०५२ साल पौषसम्मको राशन ठेक्का बन्दोवस्तमा गत वर्ष प्रति जवान रु. २७।८४ मा ठेक्का सदर गरिएकोमा यस वर्ष प्रति जवान रु. ४१।६७ कायम गरी नेपाल राष्ट्र बैंक, जिल्ला कृषि विकास कार्यालय तथा गत आ.व.को कायमी दरलाई आधार नलिई प्र.जि.अ. को अध्यक्षतामा गठित राशन ठेक्का बन्दोवस्त वोर्डबाट बजार भाउको सम्बन्धमा गराइएको दर भाऊको मुचुल्काको आधारमा ठेक्का सदर गरी करीव रु. ५३,७३,०११।०० को श्री ५ को सरकारलाई बढी हानी पुर्‍याएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :

क्षेत्रीय प्रहरी इकाई कार्यालय मातहतका कैलाली जिल्लाका सम्पूर्ण प्रहरी अधिकृत तथा जवान संख्या ८९३ को लागि २०५१।०५२ को राशन ठेक्का बन्दोवस्त गर्न क्षेत्रीय प्रहरी इकाई कार्यालय, धनगढीबाट टेण्डर सूचना प्रकाशित भएकोमा राक्राधु चौधरी, श्यामसुन्दर पाठक, तथा जगदीश प्रसाद अवस्थीले निम्न दर कबोल गरी सिल्ड टेण्डर दर्ता गरेको देखिन्छ :

		राक्राधु चौधरी	श्यामसुन्दर पाठक	जगदीश प्र. अवस्थी
१	प्रति जवान प्रति दिन दररेट	४२।१०	४२।५५	४१।६७
२	८९३ जनाको वार्षिक अंक	१,३७,३८,५८१।७५	१,३८,६८,९६९।७५	१,३५,८२,१२८।१५
३	मट्टीतेल प्रति लीटर रु.	१६।००	१५।७५	१५।६०
४	वार्षिक मट्टीतेलको हुने रु.	६१,६४४।१२	६०,६८०।९४	६०,१०३।०२
५	मट्टीतेलसमेत को वार्षिक बोल अंक रु.	१,३८,००,२२५।८७	१,३९,२०?६४०।६९	१,३६,४२,२३१।१७

राशन ठेक्का वोर्डबाट उक्त टेण्डर खोलिने दिन २०५१।९५ गते ने.क्षे.प्र.इ.का. मा लेखा सम्बन्धी कार्य गर्ने प्र.ना.नि. कुवेर चन्दमार्फत लिइएको बजार दर भाऊ र २०५१।९३ को कैलाली उद्योग वाणिज्य संघको क्षे.प्र.इ.का. धनगढीलाई पठाएको दर भाउलाई उद्योग वाणिज्य संघ र राशन ठेक्का वोडबाट लिइएको बजार दर भाऊबाट स्केल अनुसारको हुने रकमको औसत मूल्य निकालिएको र उक्त औसत मूल्य टेण्डरदाता ठे.जगदीश प्रसाद अवस्थीले टेण्डरमा भरेको दर रेटले स्केल बमोजिम हुने रकमको हिसाव गरी प्रत्येक वस्तुको रकम जोडी हुन आउने मूल्य स्तर तुलना गर्दा बजार दर भाऊको औसत मूल्य ४२।६९ भन्दा ठे.जगदीश प्रसाद अवस्थीको प्रति दिन प्रति जवानको औसत मूल्य ४१।६७ हुन गै रु. १।०२ पैसा घटी भएकोले प्र.जि.अ. राममणि रिसाल जि.प्र.का. का प्रतिनिधि भरत बहादुर जि.सी. र को.ले.नि.का. का प्रतिनिधि केदाररमण उप्रेती समेत सदस्य भएको राशन वोर्डले जगदीश प्रसाद अवस्थीलाई ठेक्का दिने गरी २०५१।९५ मा निर्णय गरेको र सो निर्णय बमोजिम क्षे.प्र.इ.का. का वरिष्ठ प्रहरी उपरीक्षक किसन सिंह गुरुङले २०५१।९१२ मा ठे.जगदीश प्रसाद अवस्थीको नाममा निम्न अनुसारको खाद्य सामग्री निम्न अनुसारको स्वीकृत दर रेटमा दिने गरी राशनको ठेक्काको पट्टा दिएको देखिन्छ ।

स्वीकृत ठेक्का दर

सि.नं.	खाद्य सामाग्रीको नाम	प्रति जवान दैनिक	प्रति के.जी. दर	प्रति जवान दैनिक रु.	जम्मा वार्षिक अंक रकम
१.	चामल	६८१ ग्राम	१६।९०	११।५१	३७,५१,२६८।४१
२.	दाल	११३.५ ग्राम	४५।००	५।११	१६,६४,७६४।०९
३.	आलु	११३। ५ ग्राम	१५।००	१।७०	५,५४,९२१।३६
४.	तरकारी	१७०.३ ग्राम	२२।००	३।७५	१२,२१,१८५।५४
५	पिठो	५६. ८ ग्राम	९।००	।५१	१,६६,६२३।०८
६.	घिउ	२८.४ ग्राम	१५०।००	४।२६	१३,८८,५२५।७०

७.	चिनी	२८.४ ग्राम	२८।००	।०८	१,५९,१९१।४६
८.	नून	२८.४ ग्राम	३।६०	।१०	३३,३२४।६२
९	तोरीको तेल	१४.२ ग्राम	९५।००	१।३५	४,३९,६९९।८१
१०.	कण्डेन्स मिल्क	१४.२ ग्राम	१५०।००	२।१३	६,९४,२६२।००
११.	मसला	१४.२ ग्राम	१७०।००	२।४१	७८,६८३१।२३
१२.	खसीको मासु	१४ .२ ग्राम	१५०।००	२।१३	६९४२६२।५०
१३.	चिया पत्ती	२.४ ग्राम	२५०।००	००।०६	१९५५६७।००
१४.	दाउरा	१३६.२ ग्राम	३।९०	००।३१	१७३१३५४।६५
१५.	मट्टितेल	११३.५ ग्राम	१५।६०		६०१०३।०२
				वार्षिक कूल जम्मा रकम रु	१,३६,४२,२३१।६७

कैलाली जिल्लाको गत आ.व. २०५०।५१ को राशन दर रेट त्यस बेलाको विभिन्न निकायबाट प्राप्त बजार दर भाऊ तथा गत आ.व. मा छिमेकी जिल्लाहरुमा कायम भएको दर रेट र शाही सेनामा भएको दररेट आदिको विश्लेषणको क्रममा कैलाली जिल्लाको प्रहरी राशन ठेक्का २०५१।५२ को स्वीकृत हुदाको बखत लिइएको बजार दर भाउको तुलनात्मक तालिका तथा राशन वोर्डबाट ठेकेदार अवस्थीको स्वीकृत दर रेट :

सि.नं	वस्तुको नाम	ने. रा.बैंक	उ.बा.संघ	कृ.वि.शाखा	रा.वो.समिति	सदर रेट
१.	चामल प्र.के.जि.	११।७५	१३।००	१३।००,१४।००	१४।००	६९।९०
२.	पिठो ,,	८।५०	९।००	९।००	१०।००	९।००
३.	दाल ,,	३६।००	४२।००	३६।००	४३।००	४५।००
४.	घिउ ,,	१२०।००	१२५।००	१२०।००	१२५।००	१५०।००
५.	तेल प्र.लि.	५२।००	५३।००		५४।००	९५।००
६.	खसीको मासु	९०।००	१२५।००	९०।००	१२५।००	१५०।००
७.	मट्टितेल प्र.लि.	९।३०	१०।००	९।५०	१०।००	१५।६०
८.	चिया प्र.के.	१४०।००	१६०।००		१६०।००	२५०।००
९.	चिनी ,,	२२।२५	२४।००	२४।००	२४।००	२८।००
१०.	आलु ,,		१२।००		१५।००	१५।००
११.	मसला ,,बढीमा	१६०।००	२२५।००		२५२।००	१२०।००
१२.	तरकारी	१६।००			३५।००	२२।००
१३.	दुध लेक्टो.	११५।००	२७०।००		२७०।००	१५०।००

अन्य संस्थाबाट प्राप्त बजार दर रेटलाई वेवास्ता गरी रा.वोर्ड बाट लिइएको दर भाऊ भन्दा बढी रेटमा ठेक्का स्वीकृत गरी हुन आएको प्रति जवान दर ४१।६७ (मट्टितेल को रु. प्रति लिटर १५।६० वाहेक) ।

मिति २०५१।९२५ मा पर्न आएको तीन जवान टेण्डर दाताहरुको फर्ममा उल्लेखित प्रति किलो दर भाऊ तथा उक्त दर भाऊबाट स्वीकृत स्केल अनुसारको हुने रकम ।

मालसामान प्र.के.	जगदीश प्रसाद अवस्थी			सक्राधु चौधरी	श्यामसुन्दर पाठक	
चामल	१९९०	११।५१	१७।२५	११।७५	१७।००	११।५८
दाल	४५।००	५।११	४३।००	४।८९	४५।००	५।११
आलु	१५।००	१।७०	१९।००	२।१६	२०।००	२।२०
तरकारी	२२।००	३।७५	१९।००	३।२४	२०।००	३।४१
पिठो	९।००	०।५१	९।५०	०।५४	९।५०	०।५४
घिउ	१५०।००	४।२६	१५५।००	४।४०	१५५।००	४।४०
चिनी	२८।००	०।८०	२९।००	००।८२	३०।००	००।८५
नून	३।६०	०।१०	३।५०	०।१०	३।००	००।०९

तोरीको तेल	९५।००	१(३५	१००।००	१।४२	१००।००	१।४२
दूध	१५०।००	२(१३	१५०।००	२(१३	१६०।००	२।२७
मसला	१७०।००	२।४१	१५०।००	२(१३	१६०।००	२।२७
मासु	१५०।००	२(१३	१५०।००	२।१३	१६०।००	२।२७
चिया	२५०।००	०(६०	२७०।००	००।६५	२६०।००	००।६२
दाउरा	३।९०	५(३१	४।२५	५।७९	५।००	४।४५
मट्टितेल	१५।६०	१।७७	१६।००		१५।७५	
		४१।६७		४२।१५		४२।५५

गत आ .व.मा छिमेकी जिल्लाहरुमा कायम भएको राशन दर रेट

सि.नं	कार्यालयको नाम	०४९।५०	०५०।०५१	०५१।०५२	०५२।०५३
१	कैलाली	३१।८८	२७।८१	४१।६७	३१।१९.९७
२.	कन्चनपुर	२९।०७	३३।०८	३४।३६	३७।४७
३.	डोटी	४५।१५	३८।९२	४३।९४	३८।००
४	डडेल्धुरा	३३।७५.१	४०।२९	३७।६१.४८	४१।३१.१४
५	बैतडी	३०।८९	३१।३१	३१।३२.७५	३७।४४.४६
६	अछाम	५९।९०	५३।५१	५८।७९	५३।००
७	दार्चुला	२८।१२.७६	३७।४४.१	३३।११	३९।०८
८	बर्दिया	४८।६६.४१	६८।०३	७४।४६	५९।०३
९	बाजुरा	८१।८९.२९	९३।९८.८४	१०३।३२.८८	११३।४९.२४

कैलाली जिल्ला स्थित शेरगणको आ.व. २०५१।०५२ मा कायम भएको प्रति जवान प्रति दिन १ को रु. २८।७९.९ बाहिनी फिल्ड अस्पतालको रु. २७।९५ ।

नेपाल राष्ट्र बैंक उ.वा.संघ र कृषि विकाश शाखा र राशन वोर्डबाट प्राप्त बजार दर भाउ जोडी निकालिएको प्रति के.जी. औसत बजार दर भाऊ र सोबाट हुने स्वीकृत स्केल बमोजिम वार्षिक रकम :

सि.नं	खाद्य सामाग्री	औसत मूल्य	स्वीकृत स्केल	प्रति जवान रु.	हुने रकम
१	चामल	१२.८१	६८१ ग्राम	८.७२	२८४२२४०।५०
२	दाल	३९.२५	११३.५	४.४५	१४५०४५५।२५
३	आलू	१२.२५	११३.५	१.९०	४५३०६३।५५
४	तरकारी	२२.००	१७०.३	३.७५	१२२११८५।५४
५	पिठो	२२.३५	५६.०	०.४२	१६९४९१।४०
६	घिउ	१२२.५०	२८.४	३.४८	११३४२८८।६०
७	चिनी	२३.५६	२०.४	०.६७	२१८३८३।१५
८	नून	३.००	२८.४	०.९०	२९३३५।०५
९	तोरीको तेल	५३.००	१४.२	०.७५	२४४४५८।७५
१०	दूध	११५.००	१४.००	१.६३	५३१२९०।३५
११	मसला	१६०.००	१४.०२	२.२७	७३९८९५।१५
१२	खसीको मासु	१०७.६०	१४.०२	१.५३	४९८६९५।८५
१३	चिया पत्ती	१५३.३३	२.४०	०.३७	१२०५९९।६५
१४	दाउरा	१.२५	१३.६२	१.७०	५५४१०६।५२
		जम्मा हुने रकम :		३१.३२	१०२०७४८९२२
		मट्टितेल प्रति लिटर ९७० को दरले हुने			३५८५४।००
					१०२४३३४३।२२
		०५१।५२ कोलागि स्वीकृत ठेक्का रकम			१३६४२२३२।१७

जम्मा हुन पर्ने रकम १०२४३३४३।२२
श्री ५ को सरकारलाई बढी व्ययभार भै नोक्सानी रु. ३३९८८८७।९५

(१) निकालिएको वस्तुको मूल्यमा तरकारी, दूध, मसला र दाउरा वाहेक अन्य सबै वस्तुहरुको औसत मूल्य बजार दर भाऊबाट राखिएको ।

(२) दूध, मसला र दाउरा राष्ट्र बैंकबाट प्राप्त दर, हालसम्म रहेको बजार दर भाऊ र ०५१।०५२ मा कैलाली स्थित शाही सेनाको लागि कायम गरिएको दर रेटको आधारमा राखिएको छ ।

(३) दाउराको प्रति के.जी.दर शाही सेनामा ०५१।५२ मा ०.७५ रहेकोले आ.व. ०५०।५१ मा कायम दर रु. १।२५ लाई कायम गरिएको ।

(४) मट्टितेल हालसम्म पनि प्रति लि. १५।६० नरहेको परिप्रेक्षमा औसत रु. ९७० मूल्य कै आधारमा हिसाव गरिएको ।

(५) तरकारी सबै किसिम नै भएकोले सरदर राशन वोर्डले कायम गरेकोलाई नै मान्यता दिई हिसाव निकालिएको ।

मिति २०५१।९५ मा राशन वोर्डबाट उ.वा.संघ र राशन वोर्डबाट लिइएको बजार दरभाऊको औसत दर रेटबाट स्वीकृत गरेको राशन ठेक्का दरलाई अध्ययन गर्दा निम्न कुरा भए गरेको देखिन आयो :

(क) राशन बोर्डले राष्ट्र बैंक तथा कृषि विकासबाट संकलन गरिएको बजार दर भाऊलाई वेवास्ता गरेको ।

(ख) राशन बोर्डले दूध, मसला, दाउरा वाहेक उ.वा.संघ तथा राशन वोर्डले ल्याएको दर भाऊ भन्दा सबै खाद्य वस्तुहरुमा धेरै बढी दर राखी ठे.अवस्थीले पेश गरेको दरलाई नै स्वीकृत गरेको ।

(ग) चिया पत्तीको दर उ.वा. संघ र राशन वोर्डबाट प्रति के.जी. १६०।०० प्राप्त भएको छ भने वोर्डबाट प्रति के.जी. २५०।०० कायम गरेको ।

(घ) कम प्रयोगमा आउने दूध र मसलाको दर भाऊ हालसम्म पनि हुदै नभएको राशन वोर्ड र उ.वा. संघबाट दूध २७०।०० र मसला २५२।०० बनाउन लगाएको जस्तो देखिन आउंछ । टेण्डरदाताले पनि अन्य सबै सामाग्रीमा प्रचलित दर रेट भन्दा बढी राखी औसत बजार मूल्य भन्दा कम पनि दूध र मसलामा घाटा सही प्रति के.जी. मसलामा १७०।०० र दूधमा प्रति के.जी. १५०।०० दिन मन्जुर भै पेश गरेको टेण्डरलाई कुनै छानविन बिना स्वीकृत गरेको ।

(ङ०) हाल मसलामा धनिया प्रति के.जी. ६०।००, जीरा प्रति के.जी. १२०।००, वेसार प्रति के.जी. ५०।००, देखि १००।००, मरिच प्रति के.जी. १५०।०० मा छ र ०५१।५२ मा पनि धनिया प्रति के.जी. ४०।००, जीरा १२०।००, मरिच १६०।०० भएको राष्ट्र बैंकबाट मिति ०५१।९५ मा प्राप्त दर भाऊबाट देखिन्छ । ठेकेदारले बजार औसत मूल्य भन्दा कम देखाउने उद्देश्यबाट मात्र बढी दर भाऊ देखाई फर्ममा घाटा सही दिने मन्जुरी गरेको हो, जबकि मसलाको सरदर बजार भाऊ ने.रु. १७०।०० को हाराहारीमा पर्न आउंछ ।

(च) गत आ.व. मा कायम भएको दर रेट, छिमेकी जिल्लाहरुमा कायम भएको दर रेट, सोही जिल्लामा रहेका शाही सेना वाहिनी अस्पतालमा भएको दर रेटलाई मध्यनजर राखी घटाघट गराई आ.व. ०५१।५२ को दर रेटलाई स्वीकृत गर्न पर्नेमा सो नगरी हतारमा निर्णय लिइएको ।

राशन वोर्डका अध्यक्ष राममणी रिसालबाट मिति ०५१।९५ गते ठे. जगदीश प्रसाद अवस्थील टेण्डर फर्ममा उल्लेख गरेको खाद्य सामाग्रीहरुको प्रति के. जी. दरबाट स्केल बमोजिम प्रति दिन प्रति जवानको बजार औसत मूल्य रु. ४१।६७ भई उ.वा.संघ र राशन वोर्डबाट लिएको बजार दर भाउको औसत मूल्यहरु रु. ४२।६९ भन्दा रु. १।२ पैसा घटी भएकोले सबभन्दा घटी दर रेटवालालाई दिन स्वीकृत गरेको भन्ने पुष्ट्याई निजले गरेको मिति २०५२।११।२७ को बयान एवं पेश गरेको कागजातबाट देखिन आएकोमा निम्न अनुसारको भएको :

सि.नं.	वस्तुको नाम	प्रति जवान दैनिक स्केल	उ.वा. संघ के.जी स्केल		राशन वोर्डबाट प्रति प्रा. के. स्केल		औसत स्केल	जगदीश प्रसाद अवस्थी प्रति के.जी. स्केल
१	चामल	६८१	१३।००,	८।८५	१३।००,	८।८५	१६.८५	१६.९०, ११।५१
२	दाल	११३.५	४२।००,	४।७७	४३।००,	४।८८	४.८३	४५।००, ५।११
३	आलु	११३.५	१२।००,	१।३६	१३।००,	१।४८	१.४२	१५।००, १।७०
४	तरकारी	१७०	३५।००,	५।९६	३५।००,	५।९६	५.९६	२२।००, ३।७५
५	पिठो	५६.८	९।००,	०.५१	१०।००,	०.५७	०.५४	९।००, ०।५१

६	घिउ	२८.४	१२५।००	३.५५	१५५।००	३२५।	३.५५	१५०।००,४।२६
७	चिनी	२८.४	२४।००	०.६८	२४।००	०.६८	०.६८	२८।००,०।८०
८	नून	२८.४	२।५०	०.०७	५।५०	०.७	०.७	३।६०, ०।६०
९	तेल	१४.२	५३।००	०.७५	५४।००	०.७७	०.७६	९५।००, १।३५
१०	दूध	१४.२	२७०।००	३.८३	२७०।००	३.८३	३.८३	१५०।००,२।१३
११	मसला	१४.२	२५०।००	३.५५	२५२।००	३.५८	३.५७	१७०।००,२।४१
१२	मासु	१४.२	१२५।००	१.७८	१२५।००	१.७८	१.७८	१५०।००,२।१३
१३	चिया	२.४	१६०।००	०.३८	१६०।००	०.३८	०.३८	२५०।००,०।६०
१४	दाउरा	१.३६२	४।५०,	६.१३	५।००,	६.८१	६.४७	३।९०, ५।३१
								४२।६९ ४१.६७

उपरोक्त बमोजिम राशन दर रेट कायम गर्न निजले उल्लेख गरेको पुष्ट्याई दलिल :

(१) उद्योग वाणिज्य संघ र बजार दर भाउको रेट प्रति दिन प्रति जवान १ को रु. ४२।६९ पर्न आउछ । सबै भन्दा घटी दर रेटवालालाई नियमानुसार दिनु पर्ने हुन्छ । वोर्डले सोही अनुसार निर्णय लिएको ।

(२) प्रहरी अधिकृत तथा कर्मचारीहरुबाट तत्कालीन बजार दर भाऊ संकलन गरी, गर्न लगाई, हेरी, बुझी त्यसलाई मान्यता दिन साथै आधिकारिक संख्या उ.वा.संघ, धनगढीलाई (जसलाई परम्परागत रुपले आधिकारीक तहमा स्वीकार गर्दै आएको)अन्य अनुसन्धानमूलक हुने पूरा आइटम नहुने र प्रयोजन मूलक किसिमले निश्चित उद्देश्यका लागि लिइने भएको कारणले यिनैलाई मुख्य आधार मानेर निर्णय लिइएको ।

(३) सबै भन्दा घटी दर रेटमा जगदीश प्रसाद अवस्थीको प्रति दिन प्रति जवान १ को रु. ४१।६७ भएको र एकमुष्ट (औसत) बजार दरभाऊ भन्दा घटी भएकोले राशन वोर्डबाट स्वीकृत गरिएको ।

यस प्रकार स्वीकृत गरिएको ठेक्का अंक बजार दर भाऊको आधारमा विस्तृत अध्ययन गरी घटाघट गराई गरिनु पर्नेमा सो नभई परेका ३ टेण्डरमध्ये सबै भन्दा न्यून दर भएकोले ठे.अवस्थीको बजार भन्दा वोर्डबाट संकलन गरी ल्याएको बजार दर भाऊ र उ.वा.संघबाट प्राप्त बजार दर भाऊको औसत बजार दर अनुपात भन्दा कम भएकोले भनी स्वीकृत गरेको देखिन आयो । जबकि वोर्डले स्वीकृत गरेको दर रेट बजार दर रेट भन्दा सबै नै माथि छ । अनुपात कम देखाउनको लागि मात्र मसला दूध तरकारी आदि मा वास्तविक भन्दा धेरै माथि बजार दर भाउ देखाई ठेकेदारले आफ्नो टेण्डर फर्ममा घटाई पेश गरेको कारणबाट हुन गएको तथ्यलाई फाइल साथ संकलित सबै कागजातबाट एवं ठेक्का दर सम्बन्धमा जनगुनासो भई प्रहरी प्रधान कार्यालयबाट ठेक्का सम्बन्धमा स्थलगत अध्ययन एवं निरीक्षण गरी पेश गरिएको मिति २०५१।१०।२७ को प्रहरी उपरीक्षक रुप सागर मोक्तानको प्रतिवेदनबाट समेत पुष्टि हुन आएको छ ।

राशन ठेक्का बन्दोवस्त सम्बन्धमा गृह मन्त्रालय एवं प्रहरी प्रधान कार्यालयबाट के कस्तो किसिमको निर्देशन भएको एवं आ.व. २०५१।५२ को कैलाली जिल्लाको राशन ठेक्का बन्दोवस्त भएको सम्बन्धमा प्राप्त प्रतिकृयामा २०५१।५२ को लागि जिल्लाको राशन वोर्डलाई निश्चित प्रतिशतको किटानी व्यवस्था र आफ्नो जिल्ला वाहेक अन्य जिल्लाहरुको दर भाउ तुलना गरी निर्णय गर्न भनि कुनै निर्देशन तथा निर्णय भए गरेको देखिदैन तर कार्यान्वयन गर्ने विषयमा भने मन्त्रालयमा जाहेरी भई नियमानुसार राशन वोर्डबाट निर्णय गरी चलन पूर्जी समेत दिई सकेका हकमा ठेक्का कार्यान्वयन गर्ने (कैलाली जिल्लामा परेको) अन्यको हकमा ७ दिने पुन सूचना गरी सोको निर्देशानुसार कार्यान्वयन गर्न भनि २०५१।९।२८ मा निर्णय परिपत्र भएको देखिन्छ । कैलाली जिल्लाको प्रस्तुत ठेक्का २०५१।९।५ मा वोर्डबाट सदर भई २०५१।९।१२ मा गृह मन्त्रालयको २०५१।९।२८ को निर्णय हुनु भन्दा अगावै पट्टा चलन पुर्जी दिई सकेको देखिन आयो । गृह मन्त्रालयको मिति २०५१।९।२८ को निर्णय यस प्रकारको रहेछ ।

"उपरोक्त विषयमा यस कार्यालय र अन्तर्गतका सम्पूर्ण कार्यालयहरु समेतको निमित्त आगामी माघ १ गते देखि संचालक हुने राशन ठेक्का पट्टा सम्बन्धमा निर्णयार्थ पेश हुंदा निम्न बमोजिम गर्न मिति २०५१।९।२६ मा निर्देशन तथा निर्णय भई आएकोले सो बमोजिम गर्नु गराउनु हुन अनुरोध छ

प्रचलित नियम बमोजिम राशन ठेक्का स्वीकृत भई चलन पूर्जि समेत दिई सकेको सन्दर्भमा ठेक्का बदर गर्दा पर्न सक्ने कानूनी कठिनाईलाई दृष्टिगत गरि खास हुने स्थानमा बदनियतपूर्वक काम कारवाई भए गरेको पाइएमा सोही बखत प्रचलित कानून बमोजिम कारवाई गर्ने गरी हाललाई देहाय बमोजिम गर्ने गरी निर्देशन भएको छ :

अधिराज्यका विभिन्न प्रहरी कार्यालयका प्रहरी कर्मचारीलाई आगामी सिजनको निमित्त राशन ठेक्का बन्दोवस्त गर्न गरिएको सूचना बमोजिम परेका बोलपत्रहरुमध्ये नियम बमोजिम स्वीकृत भई चलन पुर्जी दिई सकेको केशको हकमा कार्यान्वयन गर्ने तर चलनपूर्जी दिन बाकी मध्ये चालू सिजनको भन्दा १० प्र.श. बढी हुने गरी सामानको प्रकृति छिमेकी जिल्लाको भन्दा बढी दररेट भएको अवस्थामा बोलपत्रको हकमा त्यसरी स्वीकार गर्ने गरी राशन वोर्डले गरेको निर्णय

रद्द गरी ७ दिनको म्याद दिई पुनः बोलपत्र माग गर्ने । यसरी बोलपत्र मागगरी निर्णय प्रकृयामा पुग्दा राशन खुवाउने समय आई सकेमा प्रकृया पुरा नभएसम्मको अवधिमा अमानतमा राशन खुवाउने ।"

राशन ठेक्का बन्दोवस्त नियम, २०१८ अनुसार प्र.जि.अ. को अध्यक्षतामा गठित राशन वोर्डलाई नै नियमानुसार परेका टेण्डरहरुबाट न्यूनतम अंक टेण्डर स्वीकृत गर्ने अधिकार निहित रहेकोले केवल कूल कति अंक राशन टेण्डर स्वीकृत गरिएको हो भन्ने खुलाएर मात्र तत्कालै प्र.प्र. का. र गृह मन्त्रालयमा जाहेर गर्ने प्रचलन रहेको देखिन आयो । साथै न्यूनतम अंक भन्दा माथिल्लो अंकको टेण्डरलाई स्वीकृत गर्नु पर्ने भए कारण खुलाई मजकूर कार्यालयमा सिफारिशसाथ स्वीकृतिका लागि जाहेर गर्ने प्रचलन र नियम रहेको हुंदा प्रस्तुत ठेक्का सोही अनुसार भएको भन्ने अध्यक्ष राममणी रिसाल तथा वोर्डका सदस्यहरुको भनाई रहेको देखिन्छ । किनभने परेको टेण्डरमध्ये सबै भन्दा न्यून दर भएको ठे. अवस्थीकै देखिन्छ । साथै संकलित बजार दर भाऊको औसत मूल्य अनुरुप पनि रु. १।३२ पैसा घटी नै भएको देखिन आएको छ ।

प्रस्तुत राशन ठेक्का बन्दोवस्तमा राशन वोर्डका सदस्यहरु समेत मध्ये क कसको कति हदसम्म संलग्नता छ भन्ने सन्दर्भमा वोर्डको हैसियतबाट संलग्न सबै अध्यक्ष एवं सदस्यहरु सबैको समान रुपमा संलग्नता भएको देखिए तापनि का.मु. एस.पी. भरतबहादुर जि.सी. बोर्ड बसेको दिन मात्र उपस्थित भई बोर्डको निर्णयमा सही गरेको देखिन आएको छ । जबकि राशन ठेक्का बन्दोवस्त सम्बन्धी सम्पूर्ण कार्य सूचना प्रकाशनदेखि लिएर ठेक्का पट्टा चलन पुर्जी दिने, बजार भाऊ संकलन गर्ने आदि कार्य क्षे.प्र.इ.का. बाट प्रमुख किसन सिंह गुरुङ०बाट भए गरेको देखिन्छ । निज भरतबहादुर जि.सी. बोर्डको सदस्यको हैसियतबाट सही गरेको वाहेक अन्य कुनै कार्यमा पनि संलग्न नरहेको कारण निज राशन ठेक्का चलन हुनासाथ २०५१।९।२० देखि २१ गते राष्ट्र संघ अर्न्तगत हाइटीमा खटिई गएको प्राप्त रेकर्डबाट देखिन्छ ।

तर वोर्डको मिति २०५१।९।५ मा भएका राशन ठेक्का दिने निर्णयमा निजले समेत सही गरेको र सोही निर्णयलाई नै आधार लिई ठेक्का पट्टाको संचालन भएकोले वोर्डको सदस्यको हैसियतबाट निर्णयमा सही गरेपछि उक्त निर्णयमा निजको जिम्मेवारी नभएको भन्न नसकिने हुंदा श्री ५ को सरकारलाई पर्न गएको नोक्सानीमा आफ्नो विवेक नअपनाई गरेको निर्णयबाट निजलाई दोष मुक्त गर्न सकिने अवस्था देखिएन ।

कैलाली जिल्ला अन्तर्गत सम्पूर्ण प्रहरीहरुको जिम्मा लिई बसेको क्षे.प्र.इ.का. एस.पी.किशन सिंह गुरुङ०ले सम्पूर्ण ठेक्का सम्बन्धी कार्य गरेको देखिन आए ता पनि वोर्डको सदस्यको रुपमा निर्णयमा सही गरेको नहुंदा कैलाली जिल्लाको आ.व. २०५१।५२ को राशन ठेक्का बन्दोवस्तमा अप्रत्यक्ष जिम्मेवारी भएता पनि प्रत्यक्ष रुपमा निजले गरेको भन्न सकिने कानूनतः अवस्था देखिन आउँदैन ।

प्रत्यक्ष रुपमा जिम्मेवार नदेखिए ता पनि राशन वोर्डले बजार दर भाऊ भन्दा बढी दर रेटमा राशनको ठेक्का ठे. जगदीश प्रसाद अवस्थीको नाउमा २०५१।९।५ मा स्वीकृत गरेको थाहा पाएपछि आफू जिम्मेवार पदमा बसी श्री ५ को सरकारलाई बढी व्ययभार पर्न गई नोक्सानी हुन गएको कुराको आफ्नो राय प्रतिकृया सहित ठेक्का पट्टा दिनुभन्दा अघि मजकूर कार्यालयमा जाहेर नगरेबाट गृह मन्त्रालयबाट यस सम्बन्धमा २०५१।९।१२ मा चलन पूर्जी दिई सकेकोले प्रस्तुत ठेक्का बदर गर्दा पनि आउने व्यवहारिक कठिनाईलाई मध्यनजर राखी कुनै प्रतिक्रिया (आवश्यक कारवाई) नगरेको देखिन आयो ।

गृह मन्त्रालयको समर्थन प्राप्त गर्नु अघि ठेक्का चलन पुर्जी दिई ठेक्का पट्टा संचालन गरेबाट श्री ५ को सरकारलाई उपरोक्त अनुसारको हानी नोक्सानी पर्न गएकोमा एस.एस.पी. किशन सिंह गुरुङ०ले समेत आफ्नो पदीय दायित्व निर्वाह गरेको भन्न सकिने अवस्था देखिन आएन ।

ठेकेदार जगदीश प्रसाद अवस्थी तथा अन्य ठेकेदारहरुको क्षे.प्र.इ.का.ले प्रकाशन गरेको सूचनाको आधारमा टेण्डर फर्म दाखिला गरेको बढी दर भाउको सम्बन्धमा निजहरुले ठेक्का कर, आयकर, ढुवानी भाडा तथा वर्षभरि सुनियोजित तरिकाबाट खाद्य सामाग्री उपलव्ध गराउन सक्ने स्थितिबाट आफ्नो मुनाफा समेत जोडी टेण्डर फर्म भरेको कारणबाट निजको बोर्डको सदस्यहरुसंग मिलोमतोबाट भए गरेको भन्न सकिने अवस्था देखिदैन । किनभने टेण्डर स्वीकृत गर्ने नगर्ने घटाघट गराउने आदि सम्पूर्ण कार्य राशन ठेक्का वोर्डमा नै निहित रहेको हुन्छ ।

प्र.जि.अ. राममणी रिसाल, अध्यक्ष, राशन वोर्डले गत आ.व. ०४९।५० मा प्रति जवान प्रति दिन ३१।८८ भएको तर ०५०।५१ मा घट्न गै रु. २७।८१ भएको जसको कारण गत सालमा राशन ठेकेदारले राशन खुवाउन निकै समस्या परेको २।३ महिनासम्म जवानहरुले आफ्नो तलवले राशन खाई अन्तमा राशन ठेक्काको धरौटीबाट नै राशन वितरण गर्नु पर्ने स्थिति खडा भएको थियो, सो कुरा वोर्डको तर्फबाट २०५१।१।५ को दिन बजार दर भाऊ ल्याउने प्र.ना.उ. कुवेर चन्दले मिति २०५३।१।२१ मा गरेको बयानबाट समेत क्षे.प्र.इ.का. को ठेक्का बन्दोवस्त लिने ठे.चित्रराज पन्तको २ महिना जति सन्तोषजनक रुपमा राशन नखुवाएको भन्ने कुरा उल्लेख गरेबाट पुष्टि हुन आएको छ ।

प्र.जि.अ. रिसालले राशन ठेक्का बन्दोवस्त नियम, २०१८ ले प्रावधान गरे अनुसार पदीय दायित्वलाई निर्वाह गरी पूर्व परिस्थिति लगायत वास्तविकताको वोर्डबाट अध्ययन गराई सर्वसम्मत निर्णय लिइएको भनिए तापनि बजार दर

भाऊलाई राम्ररी विश्लेषण नगरी दरभाऊ रेसियो भन्दा घटी भएको भनी राशन ठेक्का स्वीकृत गरेबाट श्री ५ को सरकारलाई पर्न गएको नोक्सानी निजको लापरवाहीबाट नै भए गरेको स्थितिलाई नकार्न सकिदैन ।

वोर्डका अर्का सदस्य कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि केदाररमण उप्रेतीले आयोगबाट लिइएको बयानमा मैले कैलाली उ.वा.संघको दर भाउ मात्र देखेको हूं । अरु संस्था व्यापारीको दर भाऊको कागज नदेखेको हुंदा पछि थपेको भए मलाई थाहा छैन भन्ने जस्तो किसिमका गैह्र जिम्मेवारीपूर्ण बयान गरेबाट उक्त दिन वोर्डले बजार दर भाउलाई विस्तृत रुपमा अध्ययन गरी निर्णय गरेको देखिन आएन । जबकि राशन ठेक्का बन्दोवस्तमा बजार दर भाऊलाई नै मुख्य रुपमा लिनु पर्ने हुन्छ। तर प्रस्तुत विषयमा अध्यक्षले अध्यक्षको हैसियतबाट निर्वाह गर्नु पर्ने दायित्व निर्वाह गरेको भन्न सकिने स्थिति देखिन आएन ।

तर प्रस्तुत ठेक्कामा संलग्न पदाधिकारीहरुले ठेकेदारसंग मिलोमतो गरी रकम लिनु खानु गरेको भन्ने कुरा कतैबाट पनि प्रमाणित हुन आएको छैन । दायर गरिएका उजूरीबाट समेत श्री ५ को सरकारलाई नोक्सानी गराएकोसम्म उल्लेख छ । श्री ५ को सरकारलाई पर्न गएको नोक्सानी रकम क कसले बांडी चुंडी खायो त भन्ने तर्फ विचार गर्दा सम्पूर्ण प्रहरी जवान ८९३ ले नै स्वीकृत स्केल बमोजिम प्रति जवान प्रति दिनको ४१।६७ को दरले राशन लिनु खानु गरेको स्थिति देखिन आएको परिप्रेक्षमा राशन वोर्डका सदस्यहरुले रकम लिनु खानु गरेको भन्ने पुष्टि हुन आउंदैन । उपरोक्त तथ्यलाई मनन गर्दा रकम लिनु खानु गरेको कतैबाट पुष्टि हुन नआए तापनि कैलाली जिल्लाको प्रहरी जवानहरुको आ.व. ०५१।५२ को राशन ठेक्कामा राशन वोर्डका अध्यक्ष समेतले प्रचलित बजार दर भाऊ तथा गत आ.व. मा कैलाली एवं छिमेकी जिल्लाहरुमा समेत कायम भएको दरलाई छानविन तथा विश्लेषण नगरी लारवाहीपूर्वक गरेको निर्णयबाट श्री ५ को सरकारलाई बढी व्ययभार पर्न गई नोक्सानी पर्न गएबाट अ.दु.अ. आ.ऐन, २०४८ को दफा ३ को (घ) र (छ) बमोजिम अनुचित कार्य गरेको ठहर्छ ।

अनुचित तर्फ अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ८ मा असर परेको व्यक्तिले उजूर गरेमा कारवाई गर्ने भन्ने लेखिएको छ । सामान्यत: सबै उजूरी हेर्दा र आयोग स्वयंले अख्तियारको दुरुपयोग सम्बन्धमा उजूरी लिंदा सूचनाको श्रोत खोल्ने छैन भन्ने व्यवस्थालाई अवलम्बन गर्दै आएको छ । तदनुसार अरुबाट, टेलिफोन, देश सेवक, नेपाली जनताको नाउंबाट उजूरी ग्रहण गरी अनुसन्धान गर्ने प्रचलन रही आएको छ ।

वास्तवमा आर्थिक अपराध कारवाईमा असर पर्ने व्यक्तिको नाउं खोज्ने र उक्त नाउंवालाको नामबाट मुद्दा हेर्ने अनुसन्धान गर्ने हो र कारवाई नगर्ने हो भने व्यवहारमा यस आयोगमा कसैको पनि उजूरी पर्दैन र पर्ने छैन । अत: सार्वजनिक सरोकारको विषयमा संविधानको धारा ९८ ले नै हक प्रदान गरेको देखिन्छ ।

प्रस्तुत मुद्दामा जनप्रतिनिधि स्वयले नै उजूरी गरेको र मुद्दा पनि राज्य व्यवस्थामा भएको आर्थिक अपराध भएको र अ.दु.अ.आ.ऐन, २०४८ को दफा ८ अन्तरगत नै पर्ने हुंदा संलग्न सबै पदाधिकारीहरुउपर लापरवाही गरी राशन ठेक्का बन्दोवस्त गरेबाट अध्यक्ष राममणी रिसाल, सदस्य भरत बहादुर जि.सी., को.ले.नि.का. सदस्य केदाररमण उप्रेती तथा एस.एस.पी. किशनसिह गुरुङलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ को उपदफा १ अनुसार विभागीय कारवाई गर्न सम्बन्धित मन्त्रालय र विभागमा पठाइएको ।

प्रहरी प्रधान कार्यालयको हकमा क्षे.प्र.इ.का., प्रहरी प्रधान कार्यालयले उपरोक्त ठेक्का बन्दोवस्त भएको कुरा जाहेर गरेपछि प्रहरी प्रधान कार्यालयले उपरोक्त ठेक्का बन्दोवस्तमा अनियमितता भएको बुझी रुपसागर मोक्तानलाई छानविन गराएको र निजको प्रतिवेदनबाट उक्त ठेक्का बन्दोवस्त गत वर्षको तुलनामा ४३.८३ बढी भएको र बजार दर भाऊको रेटभन्दा बढी भएको देखेपछि प्रहरी प्रधान कार्यालयले सो टेण्डर बदर गराउन कारवाई गर्नु पर्नेमा सो नगरी आंखा चिम्ली बसेको देखिंदा आफ्नो मातहत कार्यालयमा भएको अनियमित काम कारवाईलाई देखेर पनि उक्त कार्यप्रति उदासिन रही आर्थिक अनियमिततालाई बढावा दिने खालको रहेको देखिंदा प्रहरी प्रधान कार्यालयको यो उदासिनता प्रति उक्त कार्यालयको ध्यानाकर्षण गराइएको ।

गृह मन्त्रालयको हकमा ठेक्का बन्दोवस्तको विषयमा गृह मन्त्रालयको राय माग गरिएकोमा गृह मन्त्रालयले उक्त हचुवाको भरमा गरिएको टेण्डरलाई दुरुत्साहित गर्नेतर्फ दृष्टि राख्नु पर्नेमा आयोगमा उक्त ठेक्का बन्दोवस्त ठीकै हो भन्ने जस्तो पत्र लेखेको देखिन्छ । उचित समयमा बजार दर भाऊलाई छानविन नगरी टेण्डर स्वीकृत भई श्री ५ को सरकारलाई बढी व्ययभार परी सरकारी रकमको नोक्सानी भएको भन्ने जानकारी भएपछि उक्त विषयमा तदारुकताका साथ हेरी बुझी अनुचित देखिए तदनुसार कारवाई गर्नु पर्नेमा सो केही गरेको देखिदैन जबकि ठेक्का बन्दोवस्त हुन गई रहेकै कार्यालयको पत्र हेर्दा बजार दर भाऊ भन्दा बढी र अझ ४३.८३ प्रतिशत बढी रकमको ठेक्का स्वीकृत गरेको कारणलाई औचित्यको कसीमा निराकरण गर्नु पर्ने तथा प्रहरी प्रधान कार्यालयको प्रतिवेदन समेतबाट पनि बजार दर भाऊ भन्दा बढी दर भाऊ राखी ठेक्का स्वीकृत गरेबाट श्री ५ को सरकारलाई पर्न गएको नोक्सानीलाई नजर अन्दाज गरी भए गरेको काम कारवाईलाई उचित दृष्टिकोण राखी सकारात्मक प्रतिकृया हुनु पर्नेमा गृह मन्त्रालयको प्रतिक्रिया हचुवाको देखिंदा अब आइन्दा श्री ५ को सरकारलाई बढी व्यय भार पर्न जाने कुरामा समयमै ध्यान दिनु पर्ने भनी ध्यानाकर्षण गराइएको ।

३६. पुरातत्व विभागका तत्कालीन महानिर्देशकले विभिन्न मन्दिरहरुको जीर्णोद्धार कार्य गराउंदा कमिशन लिने गरेको, मुआव्जा वितरणमा धांधली गरेको र जर्मन कम्पनीबाट रु. १० हजारसमेत लिने गरेको भन्नेसमेत विषयमा अनुसन्धान हुंदा संकलित सबूत प्रमाणहरुको आधारबाट आरोपहरु प्रमाणित नभएकोले कारवाई अगाडी बढाई रहनु पर्ने स्थिति नभएको ।

।. प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव । ध्यानाकर्षण :

१. शाही नेपाल वायुसेवा निगमबाट जि.एस.ए.नियुक्ति गर्ने कार्यमा व्यवस्थापनको दृष्टिले पनि केही कमजोरी रहे भएको देखिन आएको सन्दर्भमा यस्तो कार्य भविष्यमा दोहरिन नदिने तर्फ सक्रिय एवं सतर्क हुन सम्बन्धित निकायको ध्यानाकर्षण गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निम्न सुझाव पठाइएको :

(क) शा.ने.वा.नि.ऐन, २०१९ को दफा ७(३) मा निगमले उक्त ऐन अन्तरगत विनियम बनाई संचालकहरुको काम, कर्तव्य र अधिकारहरुको व्यवस्था गर्न सक्ने भएता पनि हालसम्म त्यस्तो विनियम नबनेको हुंदा त्यस्तो विनियम बनाई हरेकको काम, कर्तव्य र अधिकार स्पष्ट गर्नु पर्ने र यसबाट संझौता कसले गर्ने भन्ने जस्ता कार्यमा निश्चितता आउने र कार्य गर्दा गल्ती भएमा गल्ती गर्ने व्यक्तिलाई कारवाई गर्न पनि सुगम हुन गई कार्य सम्पादनमा स्पष्टता र जिम्मेवारीबोध हुने ।

(ख) जि.एस.ए. लगायतको सम्झौता गर्दा मूल संझौतामा नै मुख्य कुराहरु (विशेष गरी आर्थिक दायित्व सम्बन्धी) खुलाउनु पर्ने ।

(ग) संझौताको कार्यान्वयनको क्रममा त्यसमा केही थपघट गर्नु परेमा आर्थिक दायित्वका कुरामा संचालक समितिको पूर्व स्वीकृति लिनु पर्ने यदि सो सम्भव नभएमा पछि संचालक समितिबाट सहमति वा अनुमोदन भएपछि मात्र लागू गर्ने ।

(घ) महत्वपूर्ण कार्य वा संझौताका सम्बन्धमा संचालक समितिले समय समयमा मूल्यांकन एवं सोधखोज गरी अनुगमन गरिरहनु पर्ने र केही त्रुटि वा कमजोरी भेटिएमा तत्काल त्यसको निराकरण एवं नियन्त्रण गर्नेतर्फ विशेष सतर्क रहनु पर्ने ।

२. नेपाल खानेपानी संस्थानबाट अनियमित तरिकाले पाईप खरीद गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुंदा सो संस्थानबाट सामान खरीद गर्ने क्रममा बोलपत्र आव्हान गर्दा पूर्ण प्रतिस्पर्धा गराउने कार्यविधिको पालना हुने व्यवस्था गर्न नेपाल खानेपानी संस्थानको ध्यानाकर्षण गराइएको ।

३. भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाका प्रमुखले ठेकेदारहरुसंग मिली पूर्व योग्यता निर्धारण गर्दा योग्यलाई अयोग्य र अयोग्यलाई योग्य बनाएको भन्ने विषयमा अनुसन्धान हुंदा पूर्व योग्यता निर्धारणको मूल्यांकन विधिको व्याख्यामा एकरुपता भएको नदेखिएकोले सम्बन्धित निकायको ध्यानाकर्षण गराउन जलस्रोत मन्त्रालयलाई लेखिएको ।

४. मित्र राष्ट्रहरुबाट सहयोग स्वरुप वर्षेनी उपलब्ध हुने गरेको लेभीको चिनीको आयात, ढुवानी र बिक्री वितरणका सम्बन्धमा आपूर्ति मन्त्रालयबाट ठोस प्रयास नभएको, आयातका निर्णय प्रकृयामा ढिलासुस्ती हुनुका साथै स्पष्ट र पारदर्शी नीति नबनाइएकोले श्री ५ को सरकारको स्वीकृतीबाट आयात गरिनु पर्ने चिनी त्यस्तो स्वीकृति बेगर नीजि क्षेत्रका व्यापारीहरुबाट आयात एवं ढुवानी हुने गरेको विषयमा सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

६. जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट नागरिकता लिएको सम्बन्धमा अनुसन्धान हुंदा सो नागरिकता बदर गरी नागरिकता दिने दिलाउनेउपर समेत मुद्दा चलाउने निर्णय भई सकेकोमा हालसम्म पनि मुद्दा चलाएको नदेखिएकोले गृह मन्त्रालयको काम, कर्तव्य प्रति ध्यानाकर्षण गराइएको ।

७. जिल्ला वन कार्यालय, काठमाडौंका तत्कालीन जिल्ला वन अधिकृत जमुनाकृष्ण ताम्राकार समेतले साल काठ गोलिया २५ थानको १३४-८-० क्यू. फि. र चिरान काठ ३३ थानको ४६-२-० क्यू. फि. लिलाम बढाबढ गर्ने निहू पारी न्यूनतम मूल्य कायम गरी राजश्वमा हानी पुर्‍याए भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा "श्री ५ को सरकार (सं. प.) को मिति ०४९४।५ को निर्णयानुसार काठको रोयल्टी प्रति क्यू.फि. रु. २००।०० तोकिएको र त्यसैलाई आधार मानी जिल्ला

वन कार्यालयले काठ लिलाम बढाबढ गरेको पाइयो । उपत्यका भित्र सालको काठ लिलाम बिक्री गर्दा विभिन्न साइजको औसत मूल्य वारे टि.सि.एन. केन्द्रीय कार्यालयसंग जानकारी लिंदा विभिन्न डिपोमा सहकारी रोयल्टी दर भन्दा बढी भएको पाइएकोले श्री ५ को सरकारले तोकेको काठको रोयल्टीको दर प्रचलित बजार मूल्य भन्दा निकै न्यून देखिएकोले समानुपातिक हिसाबबाट उचित देखिनेगरी आवश्यक व्यवस्था हुन" वन तथा भू संरक्षण मन्त्रालयलाई सुझाव पठाइएको ।

८. उदयपुर सिमेन्ट उद्योग लि.ले लक्ष्मी चारपाते ट्रेडर्स, झापाबाट ३६८,८०० मे. टन कोइला खरीद गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा सो सम्बन्धमा भए गरेका कारवाईहरु मिति २०५१।१२।३० को पत्रको व्यहोरा समेत प्राप्त कागजातबाट छानविन अध्ययन गरिंदा उद्योग संचालन गर्न कोइलाको आवश्यकता हुन्छ र त्यो कोइलाको गुणस्तर, समय समयमा चाहिने परिमाण एवं सप्लाई गर्ने साधन एवं सप्लाईकर्ता वारे उद्योगले समयमा नै जानकारी राखी आपूर्ति योजना बनाउनु पर्नेमा त्यसो नगरी रुटिनको काम पनि Crisis management गरेको देखियो । उद्योगको सुसंचालनमा यस्तो Ad hocism ठीक भएन । कोइला बाहेक अन्य सहायक पदार्थको आपूर्तिमा पनि यस्तै गरिएको आशंका हुन्छ । अत: मेनेजमेन्टले समयमै ध्यान पुर्‍याउनुपर्ने भनी उदयपुर सिमेन्ट उद्योग लिमिटेडको ध्यानाकर्षण गराइएको।

९ शाही औषधी लिमिटेडले न्यून गुणस्तरको कच्चा पदार्थबाट औषधी उत्पादन गरेको भन्ने सम्बन्धमा छानविन हुंदा न्यून गुणस्तरको कच्चा पदार्थ र म्याग्नेसियम ट्राइसेलिकेट खरीद गरेको भन्ने सम्बन्धमा खरीद गरिएको म्याग्नेसियम ट्राइसेलिकेट लिमिटेडको प्रयोगशाखामा परीक्षण गर्दा Found Contaminated with a large amount of foreign particles भनी अस्वीकृत गरेकोले गुण नियन्त्रकले नै शाही औषधी अनुसन्धानशालामा परीक्षण गर्न पठाएकोमा सो कच्चा पदार्थ Indian Pharmacopocia को Standard संग मेल खाने भनी मिति ०४९।१२५ मा पत्र पठाएको र फेरि भोलीपल्टै सो कच्चा पदार्थ I.P.संग मेल खाने नै हो, तर त्यसमा Foreign particles कतिसम्म हुने हो भन्ने वारे सो I.P.वा British Pharmacopocia वा U.S.Pharmacopocia ले कुनै प्रष्ट नगरेको भन्ने पत्र पठाएको रहेछ ।

त्यसो भए त्यस्तो कच्चा पदार्थबाट बनेको औषधी ग्राह्य हुने हो कि हैन त ? भनी परीक्षणकोलागि उत्पादित औषधी सोही शाही औषधी अनुसन्धानशालामा पठाउंदा अनुसन्धानशालाले Naked Eye बाट अध्ययन गरिंदा उक्त (ट्याब्लेट) औषधीले केही नोक्सानी गर्ने देखिंदैन र I.P.मा पनि Foreign particles का सम्बन्धमा केही उल्लेख भएको पाइदैन । तसर्थ प्रयोग हुन सक्ने नै देखिन्छ भनी मिति ०४९४।२० मा पत्र पठाएको देखियो ।

त्यसको भोलीपल्टै फेरि कच्चा पदार्थमा Foreign Particles हुने नहुने भन्ने सम्बन्धमा I.P., B.P. वा U.S.P. मा नखुलेकोले त्यसबाट औषधी तयार गर्न खरीद गर्नलाई लिमिटेडले Specification मा केही उल्लेख गरेको छ भने सो समेतलाई हेरी मात्र बिक्री वितरण गर्नु हुन भनी पत्र लेखेको देखियो ।

अत: औषधी जस्तो संवेदनशील वस्तुको गुणस्तर परीक्षणको सम्बन्धमा गुण नियन्त्रण वा उपभोगको लागि ग्राह्य वा अग्राह्य भनी टुंगो लगाउनु पर्ने कुरामा सो सम्बन्धी प्राविधिकले प्रतिवेदन गर्दा आज एउटा र अर्को दिन अर्कै फरक कुरा उल्लेख गर्ने गरेको जस्तो परिपाटीलाई उपयुक्त भन्न नसकिने हुंदा सो तर्फ सम्बद्ध निकायहरु औषधी व्यवस्था विभाग, शाही औषधी अनुसन्धानशाला तथा शाही औषधी लिमिटेडको ध्यानाकर्षण गराइएको ।

१०.१ काठमाडौं जिल्ला विकास समितिले काठमाडौं, गुह्येश्वरीमाथि बालुवाको ठेक्का लगाएकोमा शर्त भन्दा बाहिर गई बालुवा झिकी भ्रष्टाचार गरेकोले ठेक्का रोकी भ्रष्टाचारी उपर कारवाई गरी पाउं भन्ने विषयको उजूरीमा छानविन हुंदा देहाय बमोजिम गर्ने गरी स्थानीय विकास मन्त्रालयमा सुझाव पठाइएको :

(क) ठेक्का बन्दोवस्तबाट नदीको बालुवा मुहानहरु संचालन गर्न लगाउंदा बोलपत्र आव्हान गर्नु अगावै सो नदीको विस्तृत अध्ययन गरी बालुवा झिक्न दिने सतह छुट्टिने गरी बेन्च मार्क राख्न लगाउने ।

(ख) नदीको किनाराबाट यति फिट छोडी बालुवा निकाल्न पाइने भन्ने खुलाउने गरेको तर किनारा कुन हो भन्ने रेखांकन नहुने गरेको हुंदा सो समेत बोलपत्र आव्हान गर्नु अगावै तयार गर्न लगाउनु पर्ने ।

(ग) प्राविधिक दक्षताको कमी भएमा सम्बन्धित विशेषज्ञ भएको कार्यालयबाट नीति, नियम, संहिता लिई बनाएर राखी ठेक्का संझौता गर्ने गराउने ।

१०.२ सोही सम्बन्धमा जिल्ला विकास समितिको कार्यालय, काठमाडौलाई निम्नानुसार गर्न लेखिएको :

(क) प्राविधिक दक्षताको कमी भएमा सम्बन्धित विशेषज्ञ भएको कार्यालयबाट नीति, नियम, संहिता लिई बनाएर राखी ठेक्का संझौता गर्ने गराउने ।

(ख) संगम आवास कम्पनीबाट निर्माण गराउने भनिएको ग्याबियन वाल यथाशीघ्र निर्माण गर्न लगाउने ।

११. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको व्यवस्थापनबाट संस्थालाई हानी नोक्सानी पुर्‍याउने कार्य भएको भन्ने विषयमा निम्नानुसार गर्न सो प्रतिष्ठानलाई सचेत गराइएको ।

(क) रोनाष्टमा विना नीति नियम इमेल को संचालन भई विभिन्न व्यक्ति एवं सस्थालाई लाइन वितरण गरे वापत पर्न आएको आर्थिक दायित्व वहन गराउन सम्बन्धित प्रयोगकर्ताहरुबाटै दूर संचार संस्थानबाट प्राप्त बिल अनुसारको रकम असुल उपर गर्ने गराउने ।

(ख) इमेल पुनः संचालन गर्ने सम्बन्धमा निश्चित नीति एवं प्रकृयाहरु निर्धारण गरेर पुनः सोको दुरुपयोग नहुने व्यवस्था गर्ने ।

१२. विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा लुम्बिनी विकास कोष योजना क्षेत्र भित्र संचालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकता भन्दा बढी कार्य दिन देखाई अनियमितता तथा भ्रष्टाचार भएको भन्ने विषयमा निम्नानुसार गर्न सम्बन्धित मन्त्रालयको मार्फत् लुम्बिनी विकास कोषलाई सचेत गराइएको :

(क) लुम्बिनी विकास कोष, योजना कार्यालयको व्यवस्थापनले योजनाले निर्दिष्ट गरेको कार्य वाहेक श्रमिकहरुलाई सुरक्षा व्यवस्था, दाल चामल बाड्ने, सफा गर्ने कार्यक्रम लगाउनुको साथै उमेर नपुगेका बाल मजदूरहरुको समेत प्रयोग गरेकोले त्यस प्रकारको कार्यमा रोक लगाउने ।

(ख) सर्कुलर लेभी भित्र माटो खन्ने कार्य दैनिक हाजिरीको आधारमा काममा लगाउने व्यवस्था अनुरुप भएकोमा उक्त कार्य लागत इष्टिमेट स्वीकृतभई कामको थालनी भएको भएता पनि माटो फाल्ने कामको दूरी लगायतका कार्यको लागत अनुमान विना कामको थालनी भएको देखिएकोले यस्ता प्रकारका कार्यक्रमहरुमा (कामको लागि खाद्यान्न) पनि गर्नु पर्ने कामहरु सम्बन्धमा आवश्यक प्राविधिक सर्वेक्षण तथा योजनाको विस्तृत प्राविधिक डिजाईन तथा मूल्यांकन गरेर मात्र कार्यक्रम स्वीकृत गर्ने ।

१३. महालेखा नियन्त्रक कार्यालयमा लेखा अधिकृतस्तरका कर्मचारीको सरुवा गर्दा रु. २ लाखसम्म लिई सरुवा गर्ने गरिएको, यस्ता कर्मचारीलाई राजश्व समूह र राम्रा योजनामा सरुवा गरिएको निष्पक्ष तरीकाबाट सरुवा गर्न अवधि पुगेका र दुख पाएका कर्मचारी वाहेक पैसाको भरमा सरुवा गरिएको लेखाको कर्मचारीलाई छानविन गरी कारवाई गरि पाउं भन्ने विषयको उजूरी निवेदन उपर कारवाई हुंदा त्यस कार्यालयबाट कुनै पनि स्तरका कर्मचारी सरुवा गर्दा कर्मचारी सरुवा सम्बन्धमा नि.से.नि.मा व्यवस्था भए अनुसार गर्ने र नि.से.नि.मा व्यवस्था नभएका कुराका हकमा सरुवा सम्बन्धी निर्देशिका बनाई सोही अनुरुप गर्दा सरकारी कार्यालयको छवि स्पष्ट र पारदर्शी हुने हुंदा सोही अनुसार गर्न सुझाव पठाइएको ।

१४.१ प्रहरी प्रधान कार्यालयले क्षे.प्र.इ.का. बाट कैलाली जिल्लाको लागि ठेक्का बन्दोवस्त गर्दा भएको अनियमितता सम्बन्धी कुरा जाहेर गरेपछि बुझी रुपसागर मोक्तानलाई छानविन गराएको र निजको प्रतिवेदनबाट उक्त ठेक्का बन्दोवस्त गत वर्षको तुलनामा ४३.८३ बढी भएको र बजार दरभाऊको रेटभन्दा बढी भएको देखेपछि प्रहरी प्रधान कार्यालयले सो टेण्डर बदर गराउन कारवाई गर्नु पर्नेमा सो नगरी आफ्नो मातहत कार्यालयमा भएको अनियमिततालाई बढावा दिने खालको उदासिनता देखाएकोले उक्त कार्यालयको ध्यानाकर्षण गराइएको ।

१४.२ सोही ठेक्का बन्दोवस्तको सन्दर्भमा गृह मन्त्रालयले हचुवाको भरमा गरेको टेण्डरलाई दुरुत्साहित नगरी यस आयोगमा उक्त ठेक्का बन्दोवस्त ठीकै हो भन्ने व्यहोराको पत्र लेखेको हुंदा श्री ५ को सरकारलाई पर्न गएको नोक्सानीलाई नजरअन्दाज गरी भए गरेको काम कारवाईलाई उचित दृष्टिकोण राखी सकारात्मक प्रतिक्रिया आउनु पर्नेमा गृह मन्त्रालयको प्रतिक्रिया हचुवाको देखिंदा अब आइन्दा श्री ५ को सरकारलाई बढी व्ययभार पर्न जाने कुरामा समयमै ध्यान दिन भनी ध्यानाकर्षण गराइएको ।

८. विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण :

८.१ विभागीय कारवाई गर्न लेखिएका पदाधिकारीहरुको नाम, पद र कार्यालय :

सि.न	कर्मचारीको नाम	पद	तत्कालिन कार्यालय
१.	मदनप्रसाद अर्याल	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय, चितवन
२.	शिवदत्त भट्टराई	शाखा अधिकृत	"
३.	नरेन्द्रराज पौडेल	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय, भोजपुर
४.	वामन प्रसाद न्यौपाने	"	"
५	रत्नबहादुर काफ्ले	का.मु. असिष्टेण्ट इन्जिनियर	जिल्ला भवन कार्यालय, भोजपुर
६.	बालकृष्ण प्रसाई	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय, जुम्ला
७.	प्रेम बहादुर खापुड०	मालपोत अधिकृत	मालपोत कार्यालय, नुवाकोट
८.	आनन्दमान श्रेष्ठ	खरिदार	"
९.	अरुण कुमार श्रीवास्तव	सहायक वन अधिकृत	जिल्ला वन कार्यालय, नुवाकोट
१०.	रामचन्द्र साह	वन सहायक	थानसिं इलाका वन कार्यालय, नुवाकोट
११.	रत्नबहादुर ओझा	खरिदार	जिल्ला वन कार्यालय, नुवाकोट
१२.	माधव प्रसाद आचार्य	जिल्ला वन नियन्त्रक	जिल्ला वन कार्यालय, नुवाकोट
१३.	(गुह्येश्वरीको बालुवा ठेक्कामा संलग्न)	(प्राविधिकहरु)	जिल्ला विकास समिति, काठमाडौं
१४.	राममणी रिसाल	प्रमुख जिल्ला अधिकारी	जिल्ला प्रशासन कार्यालय, कैलाली
१५.	भरतबहादुर जि.सी.	व.प्र.उपरीक्षक	जिल्ला प्रहरी कार्यालय, कैलाली
१६.	केदाररमण उप्रेती	प्रमुख	कोष तथा लेखा नियन्त्रक कार्यालय, कैलाली
१७.	किशनसिंह गुरुड०	वरिष्ठ प्रहरी उपरीक्षक	क्षेत्रीय प्रहरी इलाका कार्यालय, धनगढी

८.२ सचेत वा सतर्क गर्न लेखिएका पदाधिकारीको नाम, पद र कार्यालय :

सि.न.	कर्मचारीको नाम	पद	कार्यालय
१.	जमुनाकृष्ण ताम्राकार	तत्कालिन वन नियन्त्रक, (हाल का.मु.क्षेत्रीय वन नियन्त्रक, पश्चिमान्चल क्षेत्रीय वन कार्यालय)	जिल्ला वन कार्यालय, काठमाडौं।
२.	भूषणबाबु श्रेष्ठ	लेखापाल	"
३.	बिष्णु प्रसाद पराजुली	मुखिया	"
४.	जिल्ला विकास समिति, काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त समिति।		

९ उपसंहार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (६) बमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्नु पर्ने संवैधानिक दायित्व भएको हुंदा आ. व. २०५२।०५३ को अवधिमा अनुसन्धान तहकिकात गरी सम्पन्न गरेका र अनुसन्धान कार्य चालू रहेका कारवाईहरुको विवरण प्रस्तुत गरिएको छ।

प्रस्तुत छैठौं वार्षिक प्रतिवेदन तथा पूर्व प्रतिवेदनहरुमा पनि आयोगलाई अझ बढी सक्षम, सुदृढ एवं सबल बनाउनमा उत्पन्न बाधा व्यवधान तथा तिनको निराकरणका उपायहरुका बारेमा उल्लेख हुदै आएको छ। विद्यमान ऐन कानूनमा अपरिहार्य संशोधन तथा अन्य प्रकृयागत सुधारहरुका बारेमा पनि आयोगले आफ्नो धारणा स्पष्ट रुपमा व्यक्त गरी आएको छ। यसै क्रममा यस आर्थिक वर्षमा पनि आयोगले ऐन संशोधनको मस्यौदा श्री ५ को सरकारमा प्रस्तुत गरेको थियो। मुलुकको प्रशासनिक तथा अन्य संयन्त्रमा देखिने दुष्कृति एवं भ्रष्टाचार तथा अनुचित कार्यको नियन्त्रण गर्ने राष्ट्रिय संकल्प प्रति प्रतिबद्ध यस आयोगबाट प्रस्तावित ऐन संशोधनको रुपरेखाको मस्यौदा अनुसूची ५ मा प्रस्तुत गरिएको छ।

वर्तमान सन्दर्भमा भ्रष्टाचार कुनै देश विशेषको मात्र नभई समग्र विश्वकै निमित्त चिन्ताको विषय रहेको छ । यसै सन्दर्भमा विश्वका विभिन्न मुलुकहरुले भ्रष्टाचार विरुद्धको रणनीति निर्माण गर्ने अभिप्रायले साझा मन्चको रुपमा अन्तरराष्ट्रिय गोष्ठी तथा सम्मेलनहरुको आयोजना गर्ने गरेको छ । छिमेकी मित्रराष्ट्र चीनमा यसै सिलसिलामा आयोजित सातौं अन्तरराष्ट्रिय भ्रष्टाचार विरोधी सम्मेलनमा नेपाल अधिराज्यको तर्फबाट यस आर्थिक वर्षमा प्रथम पटक उच्च स्तरीय सहभागिता हुन सक्नु यस दिशामा एक सकारात्मक प्रयास रह्यो । सम्बन्धित क्षेत्रका विशिष्ट विद्वान एवं अनुभवी व्यक्तित्वहरुको उपस्थिति रहेको यस बृहद् सम्मेलनमा भएको छलफल तथा अनुभवको आदान प्रदान विकसित एवं विकासोन्मुख राष्ट्रहरुको राष्ट्रिय नीति निर्माणको निमित्त पथ प्रदर्शकको रुपमा अत्यन्त महत्वपूर्ण रहने तथ्य निर्विवाद छ । यो सम्मेलन मूलत: निम्न विषयहरुमा केन्द्रित रह्यो :

- भ्रष्टाचारको स्वरुप, कारक तत्व तथा प्रतिरोधात्मक उपायको पहिचान,
- सामाजिक स्थीरता एवं आर्थिक विकासको बाधकको रुपमा भ्रष्टाचार,
- कानून एवं अनुसन्धान संयन्त्र तथा प्रकृयामा अपेक्षित सुधार,
- अन्तरराष्ट्रिय सहयोग,
- जनसहभागिता ।

भ्रष्टाचार वा अनुचित कार्य गरी अख्तियारीको दुरुपयोग गरेको विषयमा जानकारी संकलनगर्न आयोगको छुट्टै सूचना संयन्त्रको व्यवस्था छैन । तसर्थ कानूनत: दण्डनीय हुने काम कारवाईको जानकारी यथासमय सम्बन्धित निकायलाई दिनु पर्ने नागरिक कर्तव्यको निर्वाहको क्रममा सर्व साधारणबाट यस आयोगमा प्राप्त हुने गरेको जानकारी नै आयोगको प्रमुख सूचना स्रोतको रुपमा रही आएको छ । तथापि आयोगमा प्राप्त हुने गरेको सूचनाको परिमाणात्मक न्यूनता, प्राप्त सूचनामा पनि वस्तुनिष्ठ आरोपको अभाव तथा प्राय: जसो सूचनाहरु आयोगको क्षेत्राधिकार भन्दा बाहिरको विषयको हुने गरेको तथ्यलाई दृष्टिगत गरी यस आ.व. मा आयोगले जनसहभागिताको स्तरमा अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न संचार माध्यम मार्फत सर्वसाधारण नागरिक समक्ष सूचना प्रवाहको निमित्त अनुरोध गरेको थियो । यसबाट प्राप्त सूचनाको स्तर एवं जनचेतनामा समेत सार्थक परिवर्तन आएको स्पष्ट देखिएको छ ।

सार्वजनिक चर्चाको रुपमा रहने गरेका अनियमित कार्यहरु सम्बन्धी जनगुनासोका बारेमा छानविन गर्न समय समयमा श्री ५ को सरकारबाट पनि छानविन आयोगहरु गठन हुने गरेको छ । यसप्रकारको आयोगले भ्रष्टाचार वा अनुचित कार्य भएको देखिएमा आफ्नो प्रतिवेदन यस आयोगमा पठाउने र यस आयोगबाट कानून बमोजिम पुन: छानविन र बयान लगायतको प्रकृया पूरा गरी निष्कर्षमा पुग्नु पर्ने हुंदा सीमित साधन एवं जनशक्तिको दोहोरो कार्यमा अपव्यय हुने स्थिति यथावत् नै रहेको छ । अत: त्यस्तो प्रकारको आयोगलाई नै यस आयोगको अधिकार समेत प्रत्यायोजन गरी सोही आयोगले भ्रष्टाचारमा मुद्दा दायर गर्न सक्ने व्यवस्था हुनु आवश्यक छ । संविधानले यस आयोगको अधिकार श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्ने व्यवस्था गरेको हुंदा यस्तो अधिकार प्रत्यायोजन त्यस्तो छानविन आयोगलाई समेत हुन सक्ने व्यवस्था हुनु आवश्यक ठानिएको छ ।

मुलुकमा स्वच्छ प्रशासनको स्थापनाको निमित्त आवश्यक पूर्वाधारको रुपमा रहेका विषयहरु, जस्तै विशेषज्ञ सेवाको निर्वाध उपयोग, दक्ष जनशक्ति तथा आवश्यक संसाधनको विकास तथा सूचना प्रवाहको निमित्त विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगको अपरिहार्यता एवं विभागीय वा अन्य कारवाई गर्न वा विविध विषयमा आयोगबाट दिइएका सुझावहरुको कार्यान्वयनवारे श्री ५ को सरकार वा सम्बन्धित निकायबाट प्रतिकृया एवं अनुगमन प्रतिवेदनहरु यस आयोगमा पठाइदिने जस्ता विविध विषयहरुमा सम्बन्धित संस्थाहरुबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा यस आयोगले गरेको छ ।

अन्त्यमा, संवैधानिक कर्तव्य निर्वाहको क्रममा अख्तियारको दुरुपयोग हुन नदिई मुलुकमा स्वच्छ प्रशासनिक एवं अन्य संयन्त्र स्थापनाबाट सार्वजनिक जीवन सरल एवं सहज बनाउने राष्ट्रिय दायित्वको कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदा प्रयत्नशील रही भविष्यमा अझ बढी सक्षम हुनेछ भन्ने दृढ आशा एवं विश्वास प्रकट गर्न चाहन्छ ।

□ □ □

अनुसूचीहरु

अनुसूची १


श्री ५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
मन्त्री परिषद्
संसद
प्रमुख आयुक्त
आयुक्त
मन्त्री परिषद सचिवालय
सचिव
मन्त्रालयहरु
प्रहरी प्रधान कार्यालय
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
प्रमुख जिल्ला अधिकारीहरु ७५
राष्ट्रिय अनु-सन्धान विभाग
प्रशासनशाखा
विशेष प्रहरी विभाग
राजस्व अनुसन्धान विभाग
विभागहरु
संकेत
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची २

संगठन तालिका

आयोग

सचिव जीतबहादुर कार्की

कानून महाशाखा	
सहसचिव	दिवाकर पन्त
,,	लीलाबहादुर बस्नेत (काज)
उपसचिव	केदार पौडेल
,,	वासुदेव उप्रेती
शा.अ.	चक्रविक्रम शाही
ना.सु.	इन्दिरेश दाहाल
,,	तुल्सीभक्त श्रेष्ठ

प्रशासन महाशाखा	
सहसचिव	नरेन्द्रकुमार श्रेष्ठ (काज)
उपसचिव	मधुसूदन भट्टराई
का.मु. ,,	धर्मप्रसाद गौतम
शा.अ.	वासुदेव गुरागाईं
,,	उद्धव भट्टराई
ना.सु.	भक्तप्रसाद जंगम
,,	खिमानन्द पाण्डे

लेखा महाशाखा	
का.मु.स.स	सोमनारायण प्रधान
उप सचिव	महेन्द्रराज पाण्डे
,,	ओम्कारध्वज बस्नेत
श.अ.	कुमारप्रसाद पोखरेल
ना.सु.	शिवराज खरेल
,,	टंकप्रसाद उपाध्याय

प्राविधिक महाशाखा	
नि. सह सचिव	ढकलध्वज थापा
उप सचिव	चन्द्रशेखर मिश्र
का.मु.सि.डि.इ.	ओम्घरानन्द राजोपाध्याय
शा.अ.	कुमारबहादुर खड्का
,,	मैया नेउपाने
इन्जिनियर	हरिगोपाल गह्तौला (काज)
ना.सु.	सच्युतराज उप्रेती
ओ.सी.	बद्रिबहादुर बुढाथोकी (काज)

जन सम्पर्क महाशाखा	
का.वा.व.प्र.उ.	ज्ञानकुमार श्रेष्ठ
प्र.ना.उ.	रामकुमार क्षेत्री
ना.उ.	सत्यनारायण सुवेदी
प्र.नि.	टिपेन्द्रराज कुवर
प्र.नि.	सन्तोषकुमार चुडाल
निरीक्षक	प्रकाश बहादुर खड्का
प्र.ना.नि.	बाबुराम बुढाथोकी
,,	माधव खत्री
,,	मोहन सिटौला
प्र.स.नि.	सुन्दर बहादुर थापा
प्र.ह.	गणेश बहादुर अधिकारी
प्र.ज.	ढम्बर बहादुर के.सी.
,,	प्रभु कार्की
,,	जहानसिंह निरौला

आन्तरिक तथा आर्थिक प्रशासन शाखा			
का.मु.उ.स.	माधव प्रसाद न्यौपाने	तामेन्दार	लोकनाथ उपाध्याय
ले.अ.	जनार्दन नेउपाने	ह.स.चा.	इश्वरदास श्रेष्ठ
ना.सु.	लक्ष्मण प्रसाद वन	,,	शरण लामा
,,	मुकुन्द प्रसाद ढकाल	पियन	रामबहादुर दनुवार
,,	केशव प्रसाद घिमिरे	,,	सोमबहादुर तामांग
,,	हरिप्रसाद आचार्य	,,	देउबहादुर क्षेत्री
,,	राजेन्द्र राउत	,,	अर्जुनराज पाण्डे
,,	अनन्तप्रसाद आचार्य	,,	सम्शेर बहादुर तामांग
,,	ऋषिराम भट्टराई	,,	छविलाल ओलिया
,,	अशोक कुमार थापा	,,	वीर बहादुर लामा
लेखापाल	मधुसूदन पराजुली	,,	अर्जुन घिमिरे
टा.ना.स.	रामबहादुर पुरी	,,	ढम्बर बहादुर गिरी
,,	रामगोपाल श्रेष्ठ	पाले	लक्ष्मण प्रसाद शर्मा
,,	नवीनमैया श्रेष्ठ	,,	बिष्णु वाइवा
,,	रामगोविन्द छ्वोजू	माली	राम महर्जन
स.ले.पा.	गोपाल प्रसाद सापकोटा	,,	रामकृष्ण महर्जन
टे.अ.	शान्ता खनाल	मेहत्तर	तीर्थ बहादुर हरिजन
		,,	छोरी पोडिनी

दरवन्दी तेरिज		
क्र.सं.	तह । श्रेणी	जम्मा स्वीकृत पद संख्या
१.	विशिष्ट	१
२.	सह सचिव (प्र.१, ले.१, प्रा.१, न्या.१)	४
३.	उप सचिव (प्र.४, ले.२, प्रा.१, न्या.४)	११
४.	शा.अ. (प्र.६, न्या.४, प्रा.२, ले.१)	१३
५.	ना.सु. (प्र.१३, ले.१, न्या.२, प्रा.१)	१७
६.	सहलेखापाल	१
७.	टेलिफोन अप्रेटर, रा.प.अनं.वि.	१
८.	टाईपिष्ट	४
९.	हलुका सवारी चालक	२
१०.	तामेल्दार, रा.प.अनं.च.	१
११.	पियन पाले	११
१२.	माली	२
१३.	मेहत्तर	२
	जम्मा :	७०
	प्रहरी तर्फ :	२०
	विभिन्न काज समूह :	४
	कूल जम्मा :	९४

अनुसूची ३

आ.व. २०५२ ।०५३ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बांकी			कैफियत
	निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुवै	
साधारण : ५५,०५,०००।०० अर्थ बजेट: ५,९६,६२६।१७ जम्मा : ६१,०१,६२६।१७	५७,६३,४९६।८१	५४,८३,४६५।९०	२,८०,०३०।९१	३,३८,१२९।३६	६,१८,१६०।२७	दरबन्दी पूर्ति नभएकोले तलब शीर्षकमा बांकी

आ.व. २०५२ । ०५३ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तूर बापत जम्मा रु. १,२८५।०० राजस्व आम्दानी भएको छ ।

आ.व. २०५२।०५३ को धरौटीतर्फ

गत आ.व. २।५१।०५२ को धरौटी बांकी रु. १३,९०,९४२।९७ र आ.व. २०५२।०५३ मा अनुसन्धानको सिलसिलामा विभिन्न मितिमा रु. ६३,६४६।४८ धरौटी प्राप्त भई सो मध्येबाट विभिन्न मितिमा रु. १,०४,०७१।७२ सम्बन्धित व्यक्तिलाई तथा विभिन्न कार्यालयमा फिर्ता पठाई कूल रु. १३,५०,५१७।७३ धरौटी बांकी रहेको देखिन्छ ।

अनुसूची ४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आ.व.२०५२।०५३ को निवेदन लगत, फछ्र्यौट र बांकी विवरण

क्र.सं	सम्बन्धित मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजूरी संख्या		फछ्र्यौट		बांकी		फछ्र्यौटमध्ये			आयोगको क्षेत्राधिकार बाहिरको
												आयोगबाटै तामेलीमा रहेको	अदालतमा मुद्दा दायर	सम्बन्धित निकायमा पठाएको	
		भ्रष्टा.	अनु.	भ्रष्टा.	अनु.	भ्रष्टा.	अनु.	भ्रष्टा.	अनु.	भ्रष्टा.	अनु.				
१.	अर्थ मन्त्रालय	१८	३	६६	९	८४	१२	३६	१२	४८	—	२५	—	२३	२३
२.	आपूर्ति मन्त्रालय	८	—	३८	—	४६	—	२५	—	२१	—	१४	—	११	१९
३.	आवास तथा भौतिक योजना मन्त्रालय	८	४	३७	१	४५	५	२५	४	२०	१	२४	—	५	२०
४.	उद्योग मन्त्रालय	१९	१	२३	९	४२	१०	२६	१०	१६	—	२३	—	१३	१३
५.	कानून तथा न्याय मन्त्रालय	—	१	४	१	४	२	३	२	१	—	२	—	३	३
६.	कृषि मन्त्रालय	२१	—	२९	३	५०	३	१८	३	३२	—	१८	—	३	८
७.	गृह मन्त्रालय	२६	—	९३	३	११९	३	९४	३	२५	—	५१	२	४४	७७
८.	जनसंख्या तथा वातावरण मन्त्रालय	—	—	—	—	—	—	—	—	—	—	—	—	—	—
९.	जलश्रोत मन्त्रालय	९	—	२७	—	३६	—	२४	—	१२	—	१८	—	६	११
१०.	निर्माण तथा यातायात मन्त्रालय	४	—	२०	—	२४	—	१८	—	६	—	१३	—	५	११
११.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१०	१	९	२	१९	३	६	२	१३	१	६	—	२	४
१२.	परराष्ट्र मन्त्रालय	—	—	—	—	—	—	—	—	—	—	—	—	—	—
१३.	वाणिज्य मन्त्रालय	४	२	१	१	५	३	२	२	३	१	४	—	—	—
१४.	विज्ञान तथा प्रविधि मन्त्रालय	—	—	—	—	—	—	—	—	—	—	—	—	—	—
१५.	भूमिसुधार तथा व्यवस्था														

	मन्त्रालय	६२	—	९४	—	१५६	—	१२०	—	३६	—	४२	—	७८	११५
१६.	मन्त्रिपरिषद् सचिवालय	—	—	१	—	१	—	१	—	—	—	१	—	—	—
१७.	महिला तथा समाज कल्याण मन्त्रालय	—	—	१	१	१	१	१	—	—	१	—	—	१	१
१८.	युवा, खेलकूद तथा संस्कृति मन्त्रालय	—	—	—	—	—	—	—	—	—	—	—	—	—	—
१९.	रक्षा मन्त्रालय	१	—	२	—	३	—	३	—	—	—	१	—	२	२
२०.	वन तथा भू संरक्षण मन्त्रालय	४७	—	३५	१	८२	१	६५	१	१७	—	४९	—	१७	१७
२१.	शिक्षा मन्त्रालय	२७	१८	११	४१	३८	५९	२६	३९	१२	२०	३३	—	३२	४८
२२.	श्रम मन्त्रालय	३	—	२	—	५	—	५	—	—	—	३	—	२	२
२३.	संसदीय व्यवस्था मन्त्रालय	—	—	१	—	१	—	१	—	—	—	१	—	—	—
२४.	सामान्य प्रशासन मन्त्रालय	१	—	६	—	७	—	६	—	१	—	२	—	४	४
२५.	सूचना तथा संचार मन्त्रालय	१५	—	३३	१	४८	१	२१	—	२७	१	१९	—	२	२
२६.	स्थानीय विकास मन्त्रालय	२७	३	८०	—	१०७	३	७६	३	३१	—	४६	—	३३	४८
२७.	स्वास्थ्य मन्त्रालय	१२	१२	१५	१७	२७	२९	१४	१४	१३	१५	९	—	१९	२१
	जम्मा उजूरी संख्या :	३२२	४५	६२८	९०	९५०	१३५	६१६	९५	३३४	४०	४०४	२	३०५	४४९
	कूल उजूरी संख्या :		३६७		७१८		१०८५		७११		३७४		७११		

अनुसूची ५

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न वान्छनीय भएकोले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौविसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (दोश्रो संशोधन) ऐन, २०५२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) मा संशोधन : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को अन्तिम प्रकरणमा रहेको पदमा रहेको भन्ने शब्द पछिको "दफा ४ को उपदफा (१) मा उल्लेखित" भन्ने शब्दहरु झिकिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ ।

४. आयोगको अधिकार क्षेत्र : (१) नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ को उपधारा (१) को खण्ड (क) (ख) मा उल्लेखित पदाधिकारी वाहेक कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले यस ऐन बमोजिम अनुसन्धान तहकिकात तथा तत्सम्बन्धी अन्य कारवाई गर्नेछ ।

(२) आयोगले उपदफा (१) को अधिकार प्रचलित कानून बमोजिम भ्रष्टाचार निवारण गर्ने उद्देश्यबाट गठन भएका निकाय वा कार्यालयमा कार्यरत श्री ५ को सरकारका कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको अनुसन्धान, तहकिकात कानून वा आयोगले तोकेको शर्त बमोजिम भै रहेको छैन भन्ने आयोगलाई जुनसुकै श्रोतबाट जानकारी प्राप्त भएमा आयोगले मिसिल झिकाई अनुसन्धान तहकिकात गर्ने वा आवश्यक निर्देशन दिई पठाउने अधिकार आयोगलाई हुनेछ ।

४. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहाय बमोजिम दफा ८ राखिएको छ ।

८. अनुचित कार्यसम्बन्धी उजूरी: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा सार्वजनिक वा श्री ५ को सरकारको हक हितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य गरेकोमा जो कोहीले पनि र व्यक्तिगत हक हितमा प्रतिकूल असर परेकोमा सम्बन्धित व्यक्तिले आयोग समक्ष उजूर दिन सक्नेछ ।

तर, प्रतिकूल असर परेको व्यक्तिको मृत्यु भइसकेको वा त्यस्तो व्यक्ति शारीरिक वा मानसिक अस्वस्थताले गर्दा उजूरी दिन नसक्ने अवस्था भएको प्रमाणित भएमा आयोगले निजको हकवाला संरक्षकको उजूरीबाट पनि त्यस सम्बन्धमा कारवाई चलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी उपर आयोगले प्रारम्भिक छानविन गरी अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धी के कस्तो उजूरी हो सोको निर्णय गरी यो ऐन र प्रचलित कानून बमोजिम अनुसन्धान र तहकिकातको कार्य शुरु गर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजूरी नगरे तापनि सार्वजनिक पद धारण गरेको व्यक्तिबाट सार्वजनिक वा सरकारी हकहितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य गरेको छ भन्ने आयोगलाई अन्य श्रोतबाट जानकारी भएमा उपदफा (२) बमोजिम कारवाई गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

(४) माथिका उपदफाहरु बमोजिम कारवाई गर्दा सार्वजनिक वा सरकारी हकहितमा प्रतिकूल असर पर्ने गरी अनुचित कार्य भए गरेकोमा जहिलेसुकै पनि र सो वाहेक त्यस्तो कार्य भएको एक वर्ष भित्र उजूरवालाले थाहा पाएको ३५ दिन भित्र आयोग समक्ष उजूरी नपरेमा त्यस सम्बन्धमा आयोगले कुनै कारवाई गर्ने छैन ।

(५) अनुचित कार्यको उजूरी परी अनुसन्धान गर्दै जांदा भ्रष्टाचार भए गरेको देखिएमा र भ्रष्टाचारमा अनुसन्धान तहकिकात गर्दै जांदा अनुचित कार्य गरेको देखिएमा उपदफा (२)

बमोजिम निर्णय भएको कारणले वा अनुचित कार्यमा उजूरी दिने हद म्यादको कारणले मात्र अनुसन्धान तहकिकात गर्न वा मुद्दा चलाउन बाधा पर्ने छैन ।

५. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ झिकिएको छ ।

६. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :

(१०) सम्बन्धित मिसिल र प्रमाणका लिखतहरु झिकाउने : उजूरी वा अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको सम्झनु पर्ने मनासिव कारण भएमा आयोगले तत्सम्बन्धी मिसिल वा प्रमाणका लिखतहरु सम्बन्धित कार्यालय, पदाधिकारी वा व्यक्तिबाट दाखिल गराउन सक्नेछ र त्यस सम्बन्धमा महत्वपूर्ण जानकारी दिन सक्ने कुनै व्यक्ति भए आयोगले त्यस्तो व्यक्तिसंग सोधपुछ गर्न सक्नेछ ।

७. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ ।

१२. कारबाई गर्न लेखी पठाउने: (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ११ को म्याद भित्र कुनै स्पष्टीकरण आयोगलाई पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा वा प्राप्त प्रमाणबाट निजले अनुचित कार्य गरेको देखिएमा निजलाई सचेत गराउन वा विभागीय कारवाई वा अन्य आवश्यक कारवाई गर्ने ठहर निर्णय गरी आयोगले त्यस्तो व्यक्ति उपर कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ । त्यसरी लेखी पठाउंदा आयोगले आफ्नो ठहर निर्णयको प्रतिलिपी समेत पठाउनु पर्नेछ ।

तर मन्त्री उपरको उजूरीको हकमा उचित कारवाईको लागि आयोगले प्रधानमन्त्रीलाई, संसद सदस्यको हकमा सम्बन्धित सदनका सभामुख वा अध्यक्षलाई लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएकोमा तीन महिना भित्र कार्यान्वयन गरी त्यसको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगले लेखी पठाएकोमा सम्बन्धित अख्तियारवालाले कार्यान्वयन नगरेमा आयोगले अख्तियारवाला उपर नै आवश्यक कारवाई गर्न मन्त्रिपरिषद्मा लेखी पठाउने र सो कुरा आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्न सक्नेछ ।

८. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐन को दफा १३ को उपदफा (२) को पहिलो प्रकरणमा रहेको "दफा २९ मा लेखिए देखि बाहेक" भन्ने वाक्यांश झिकिएको छ ।

९. मूल ऐनको दफा १९ मा संशोधन :मूल ऐनको दफा १९ को उपदफा (११)को सट्टा देहायको उपदफा (११) राखिएको छ :

(११) सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियार दुरुपयोग गरेको कुरा तथ्यमा आधारित छ भन्ने आयोगलाई लागेमा त्यस्तो आरोपित व्यक्ति मन्त्री भए प्रधानमन्त्रीलाई र संसद सदस्य भए सम्बन्धित सदनको सभामुख वा अध्यक्षलाई जानकारी दिई कारवाई गरिनेछ ।

(१२) उपदफा (१२) झिकिएको छ ।

१०. मूल ऐनको दफा २० मा संशोधन : मूल ऐनको दफा २० को उपदफा (१) को पहिलो प्रकरणमा रहेको "या संस्थाको" भन्ने शब्दहरु झिकिएका छन् । र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :

(१) तर आयोगले आयोग बाहिरका श्री ५ को सरकारको कर्मचारीलाई अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्दा त्यस्तो कर्मचारीको अख्तियारवालासंग परामर्श गरि नियुक्त गर्नु पर्नेछ ।

(२) मूल ऐनको उपदफा (२) मा रहेको "अनुसन्धान अधिकृतले" भन्ने शब्दपछि "आयोगबाट तोकिएको शर्तको अधिनमा रही" भन्ने शब्दहरु थपिएका छन् ।

११. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :

(४) उपदफा (२) बमोजिम आयोगलाई आवश्यक भएको विशेषज्ञ माग गर्दा सम्बन्धित विभाग, कार्यालय वा संस्थाले उपलब्ध गराउन नसकेको कारण सहित जवाफ पठाएमा आयोगले निश्चित अवधिको लागि करारमा नियुक्त गर्न सक्नेछ ।

१२. मूल ऐनको दफा २७ क. थप : मूल ऐनको दफा २७ पछि देहायको दफा २७ क. थपिएको छ :

(२७)क.आयोगको आदेश तालुकवालाको आदेश सरह हुने : यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सन्दर्भमा आयोगले दिएको आदेश श्री ५ को सरकारको सेवामा बहाल रहेको

प्रहरी कर्मचारी र राष्ट्रिय अनुसन्धान विभाग अन्तरगतका कर्मचारीको लागि तालुकवाला अधिकृतको आदेश सरह हुनेछ ।

१३. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ ।

तर त्यस्तो मुद्दा सरकारी वा सार्वजनिक सम्पत्ति वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेकोमा वाहेक अन्य कुरामा त्यस्तो व्यक्तिले पदबाट अवकाश प्राप्त गरेको एक वर्ष भित्र मुद्दा चलाई सक्नु पर्नेछ ।

१४. मूल ऐनको दफा ३४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ

(३४) मुद्दा हेर्ने अधिकार क्षेत्र र कार्यविधि : (१) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरेको मुद्दा आयोग रहेको जिल्लाको पुनरावेदन सुन्ने अदालत वा अपराध भएको जिल्लाको पुनरावेदन सुन्ने अदालत मध्ये जुन पुनरावेदन अदालतमा दायर हुन्छ सो पुनरावेदन अदालतले हेरी कारवाई किनारा गर्नेछ ।

१५. मूल ऐनको दफा ३४ को उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (४), (५), (६), (७) र (८) राखिएको छ :

(४) यस ऐन बमोजिम भ्रष्टाचारको कसूरमा चलेको मुद्दा फिर्ता लिन हुदैन ।

(५) यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरेको भ्रष्टाचार सम्बन्धी मुद्दाको पुनरावेदनको म्याद आयोगलाई दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको पुनरावेदन म्याद दिंदा ७० दिनको म्याद दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम म्याद गुज्री सम्बन्धित पक्षले मनासिव माफिकको कारण देखाई अदालतलाई निवेदन गरेमा अन्य प्रचलित कानूनले थमाउन पाउने म्यादमा अदालतले बढीमा तीस दिनसम्म म्याद थप गर्न सक्नेछ ।

(८) यस ऐन बमोजिम चलेको मुद्दामा पुनरावेदन गर्ने वा नगर्ने अधिकार आयोगलाई हुनेछ ।